# विद्युत खबर



महासंघको पाचौं वार्षिकोत्सव



श्रोत माथि समुदायको अधिकार ! लोकतन्त्रको आधार !

ग्रामीण क्षेत्रमा विद्युतको प्रयोग

# विद्युत चोरीका चुनौतीहरु

## विद्युतीय निर्माण सामग्रीको भरपर्दो विश्वासिलो ISO 9001 कम्पनी

### त्रिपुरेश्वर कण्डक्टर उद्योग प्रा. लि.
बेलटारी नवलपरासी
(विद्युतीय सामानको निर्माता तथा सप्लायर्स)

ISO 9001 : 2008

### नेपाल काष्ठ प्रशोधन उद्योग
बहादुरगञ्ज कपिलवस्तु
(ट्रिटमेण्ट गरिएको काठको पोल उत्पादक)

### आर के. इण्टरनेशनल
त्रिपुरेश्वर, काठमाण्डौ
(विद्युतीय सामानको सप्लायर्स)

प्रशारण तथा वितरणलाईन निर्माण गर्नको लागि आवश्यक विभिन्न विद्युतीय निर्माण सामग्रीहरु, तार, पोल, इन्सुलेटर्स, ट्रान्सफरमर यहाँ उपलब्ध छ ।

Contact:
Kumari Marg-3, Tripureswor, P.O.Box: 11169, Kathmandu, Nepal
Tel: 4260953, 4244067, Fax: 00977-1-4260098
E-mail: rkinepal@gmail.com




वर्ष ५ अंक ११ २०६७ आश्विन

;Dkfbs
डिल्ली घिमिरे
;Dkfbg tyf Joj:yfkg ;dx
नारायणप्रसाद ज्ञवाली
टेकु नेपाली
राजेन्द्र तिमल्सिना
बद्री भट्टराई
केशबहादुर विष्ट
k|ljlws ;Nnfxsf/
पूजा शर्मा (पोखरेल)
;x–;Dkfbs
विष्णुप्रसाद ज्ञवाली
db|s
**लुम्बिनी प्रिन्टिङ्ग सर्भिसेज प्रा.लि.**
नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७८३०२७
k|sfzs
;fdbflos ljB't\pkefQmf /fli6o
dxf;3 g]kfn
kqfrf/ 7]ufgf
ललितपुर उपमहानगरपालिका
वडा नं.-४, पुल्चोक (जर्को)
फोन/फ्याक्स: ५००९१५२
पोस्ट बक्स नं. ८९७५, इपीसी ९७०
email: naceun_community@yahoo.com
Website: www.naceun.org.np
मूल्य : रु. २५/-
संस्थागत रु. ६०/-

## ;DkfbsLo

# Uf|dLOf cy{Gqsf]alnof]cfwf/ M hnlaB't

विद्युत आधुनिक समाजको जिवन पद्धतीको आधार हो । नेपालको विशिष्ट भौगोलिक अवस्था र ग्रामीण क्षेत्रको आर्थिक तथा सामाजिक जिवनमा परिवर्तनको आधार जलविद्युत मात्र हो । समाजमा व्याप्त गरिबी र असमानता अन्तर्गत प्रमुख प्राकृतिक श्रोतको रुपमा रहेको जलश्रोत र जलविद्युतलाई न्यायपूर्ण विकास र वितरण गर्नु नै हाम्रो समाजको सन्तुलित विकासको आधार हुन सक्छ। जलश्रोतको विकासमा सबै नेपालीको पहुच स्थापित कसरी गर्न सकिन्छ भन्नेमा सबैको ध्यान जानु जरुरी छ । जलविद्युतको विकासबाट प्राप्त हुने लाभको वितरण सबै नेपालीको घरदैलोमा पु-याउने बिधि र व्यवस्था नै प्राकृतिक श्रोत माथि समुदायको पहुँच, गरिबी निवारण र औधोगीकरणको एकमात्र बाटो हुन सक्छ ।

सिमित व्यक्ति, परिवार, घराना र विदेशी लगानिकर्ताको मात्र जलविद्युत उत्पादनमा बोलवाला रहने व्यवस्थामा समयअनुकुल परिवर्तन र सुधारको खाँचो छ। जलविधुत उत्पादन र प्रतिफल वितरणको दृष्टिले असमानता, भेदभाव र पछौटेपनको अन्त गर्ने तर्फ योगदान गर्ने किसिमको पद्धती विकास गर्नु आवश्यक छ। गरीब र धनि बिचको दुरी कम गर्न जलविद्युत उत्पादनका सवालमा देखापरेका विवाद र समस्या समाधान गर्न, सम्बृद्ध नेपालको निर्माण गर्न र प्राकृतिक श्रोतमाथि सर्वसाधारण नेपालीको पहुँच स्थापित गर्न सबै नेपालीको घर घर र हात हातमा जलविद्युतबाट प्राप्त हुने लाभ पुग्ने व्यवस्था गर्नु आजको प्रमुख आवश्यकता हो । समाजले लोकतन्त्रको फलको रुपमा जलविद्युत उत्पादनमा सहज सहभागीता, जिविकोपार्जन, औधोगीकरण, आर्थिक सम्बृद्धि र उपार्जन गर्न सक्नु पर्दछ । यस्तो व्यवस्थाले मात्र ग्रामीण नेपालको समृद्धि, औधोगिक तथा सामाजिक विकास, गरिबी निवारण र बिद्यमान राजनैतिक विवादबाट जलविद्युतलाई माथि उठाउन सकिन्छ। जलबिद्युतको विकासमा सबै नेपालीको सहज पहुँचले श्रोत बाँडफाँड र सदुपयोगका सवालमा रहेका विभेद र विवादका आधारलाई समाधान गर्ने छ । जलविद्युत उत्पादनमा बैदेशिक लगानी माथिको निर्भरता कम हुँदै जानेछ । लोडसेडिङ अन्त र ग्रामीण रोजगारी, विधुतीकरण र ग्रामीण अर्थतन्त्र बलियो बन्ने अधार तयार हुने छ ।

o; k|sfzgdf k|sflzt ;fdu|L n]vssf lghL lj rf/ xg\

## बिद्युत महशुल बृद्धिमा महासंघको सरोकार

नेपाल बिद्युत प्राधिकरणले बिदुत महशुल बृद्धि तथामूल्य समायोजनका लागि बिद्युत महशुल निर्धारण आयोगमा प्रस्ताब पेश गरेकोछ । नेपालमा थोरै भएपनि बिद्युत उपभोग गर्ने जनतालाई पुर्ण रुपमा बिद्युत सप्लाई गर्न नसकि लामो लोडसेडिङ गर्न परिरहेको अवस्थामा नेपाल बिद्युत प्राधिकरणले नेपाली जनताको नाममा बिद्युत महशुल बृद्धिको उपहार दिन खोजेकोछ । लोडसेडिङको समयमा नेपाली जनताले बैकल्पिक उर्जाका लागि धेरै महंगो मूल्य खर्चेका हुन्छन । उपभोक्ताहरु लोडसेडिङको समयमा बैकल्पिक उर्जामा मैन बत्ति मटितेल तथा अन्य उर्जामा महंगो मूल्य खर्च गर्न बाध्यछन ।यस्तो अवस्थामा बिद्युत महशुल बृद्धि गरेर उपभोक्तालाई दोहोरो मारमा पार्नु नेपाली जनतालाई गरेको सरासर अन्याय भन्दा अरु के हुन्छ र ?

नेपाल बिद्युत प्राधिकरणले आफ्नो आन्तरिक व्यवस्थापनमा सुधारको प्रयास नगर्नु ,बिद्युत चुहावट नियन्त्रण गर्न नसक्नु , प्राधिकरणमा राजनैतिक तथा बिबिध हस्तक्षेप रोक्न नसक्नु , बिद्युत उत्पादनमा बृद्धि गरि प्रधिकरणलाई फाईदामा लैजाने प्रयासै नगर्नु ,भारतबाट महंगो बिजुली किन्नु , बिदेशि लगानीमा बनेका परीयोजनाको बिद्युत महशुल चर्को तिर्न बाध्य हुनु जस्ता कारणले प्राधिकरणले बर्षेनि अरबौको घाटा व्येहोर्नु परेकोछ । जसको कारणबाट प्राधिकरणलाई घाटा भएकोछ ति कारणहरुलाई निराकरण गर्न कुनै कार्ययोजना नबनाई व्यवस्थापनमा सुधारको प्रयासै नगरि प्राधिकरणले घाटालाई मात्र न्युनिकरण गर्ने बहानामा बिद्युत महशुल बढाउन बिद्युत महशुल निर्धारण आयोगमा प्रस्ताव गरेकोछ । बिद्युत प्राधिकरणले प्रस्ताब पेश गरे अनुरुप बिद्युत महशुल निर्धारण आयोगले सम्बन्धित सरोकार राख्ने संघ ,संस्था तथा व्यक्तिहरुलाई सार्वजनिक सूचना मार्फत सुझाव माग गरि संकलन गरिरहेकोछ । आयोगले बिभिन्न समयमा अन्तरक्रिया, बैठक मार्फत बिद्युत महशुल बृद्धि गर्ने प्रक्रिया शुरु गरि सकेकोछ । आयोगबाट पनि प्राधिकरण भित्रको सुधार नगरि महशुल बढाउन असकहज मान्दै प्राधिकरणका सम्बन्धित उर्जा तथा अर्थ मन्त्रालयलाई पत्र लेखि प्राधिकरणमा सुधारको प्रतिबद्धता माग गरेकोछ । यसरी आयोगले मन्त्रालयमा सुधारको आवश्यकता महशुस गरि प्रतिबद्धता माग गरेपछि प्राधिकरण भित्र भएको समस्याको थप पुष्ठि भएकोछ ।

यसै सन्दर्भमा सामुदायिक बिद्युत उपभोक्ता महासंघले बिद्युत महशुल निर्धारण आयोगले सुझाव मागे अनुसार लिखित रुपमा बिद्युत महशुल सम्बन्धि सुझाव आयोगमा बुझाई सकेकोछ । आयोगले आयोजना गरेका अन्तरक्रिया तथा बैठकहरुमा सहभागी भै उपभोक्ताको पक्षमा आबाज उठाईरहेकोछ । महासंघले नेपालका बिभिन्न मिडिया मार्फत बिद्युत महशुल सम्बन्धि प्रेस बिज्ञप्ति प्रकाशन तथा प्रशारण गरिसकेकोछ ।

स.द.नं. ३४/०६२/६३

**सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ-नेपाल**

फोन: ४२३९६९५

काठमाण्डौ

२०६२

मिति: ४ भाद्र २०६७

# प्रेस विज्ञप्ती

नेपाल बिद्युत प्राधिकरणले नेपाली जनताको ढाडै भाचिनेगरी लोडसेडिङ गरिरहेको समयमा बिद्युत महशुल बृद्धि गर्न लागी र हेकोले सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघको गम्भिर ध्यानाकर्षण भएको छ। नेपाल बिद्युत प्राधिकरणमा भएको कमजोर व्यवस्थापन, अत्याधिक बिद्युत चुहावट र राजनैतीक हस्तक्षपमा सुधार नगरी बिद्युत महशुल बृद्धि गर्ने प्रयास गर्नुको कुनै औचित्य छैन ।नियमित बिद्युत आपुर्ति र प्राधिकरणको आन्तरीक व्यवस्थापन सुधारमा कुनै चासो नदिई बिद्युत महशुल बढाउन खोज्नु नेपाल बिद्युत प्राधिकरणले उपभोक्ताहरुप्रति गरेको ठुलो अन्याय हो ।

लोड सेडिङको समयमा बैकल्पिक उर्जाका लागि थप लगानी र डिमाण्ड शुल्कका आधारमा बिद्युत महशुल भुक्तानी गर्नुपर्दा उपभोक्ताहरु दोहोरो मारमा परिरहेको अबस्थामा नेपाल बिद्युत प्राधिकरणले आफ्नो आन्तरीक व्यवस्थापनमा सुधार नगरी प्राधिकरणमा हुने घाटालाई वाहाना बनाई बिद्युत महशुल बृद्धि गर्न खोजेकोमा सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघ यस कदमको घोर बिरोध गर्दै उपभोक्ताको हित बिपरित गर्न लागिएको बिद्युत महशुल बृद्धिलाई तत्काल रोक्न नेपाल बिद्युत प्राधिकरण र सम्वन्धित सबै पक्ष सङ्ग जोडदार माग गर्दछौ ।

.............................

**नारायणप्रसाद ज्ञवाली**

**महासचिव**

# विषयसूची


पेज नं. ४ — सामुदायिक विद्युतीकरणमा नियमनको सवाल
डिल्ली घिमिरे



पेज नं. ६ — विद्युत आयोजनामा माओवादी विरोधको आशय
- सुशील पन्त



पेज नं. ९ — स्रोतमाथि समुदायको अधिकार: लोकतन्त्रको आधार
-प्रदीप ज्ञवाली



पेज नं. १३ — बिद्युत चोरीका केहि चुनौतीहरु
-ज्योति बानियाँ



पेज नं. १६ — ग्रामीण विकासमा बिद्युतीकरणको महत्व
-नारायण प्रसाद ज्ञवाली



पेज नं. १९ — SWOTing Community Based Rural Electrification (CBRE) & The ROAD AHEAD
-ABHISHEK ADHIKARY

पेज नं. २१ — सहकारी ऐन, २०४८ एक समीक्षा
- मान बहादुर अर्याल



पेज नं. २४ — सामुदायीक विद्युत वितरक संस्थाको व्यावसायीक भुमिका
-राजेन्द्र तिमल्सिना



पेज नं. २६ — जलवायु परिवर्तनको प्रभाव न्यूनिकरणमा सामाजिक संघ संस्थाहरुको भूमिका
-बिष्णु ज्ञवाली



पेज नं. २८ — नेपाल विद्युत प्राधिकरणको बर्तमान चुनौति र समाधानको लागि सरोकारवालाले खेल्नुपर्ने भूमिका
-रामप्रसाद रिमाल



पेज नं. ३१ — बिजुलीको चर्को मूल्य
-डा. रविन्द्रबहादुर श्रेष्ठ

पेज नं. ३३ — बिद्युतीय शुरक्षा परिक्षण
- पूजा शर्मा पोखरेल



पेज नं. ३५ — आर्थिक व्यबस्थापन सुदृढ संस्थाको आधार
-कला तिमल्सिना

पेज नं. ३६ — शंकरपुर सामुदायिक ग्रामीण बिद्युत सहकारी
-बिष्णु ज्ञवाली
-अञ्जल निरौला



पेज नं. ३९ — महासंघले पाँचौ बार्षिकोत्सब मनायो ।



पेज नं. ४० — झिमरुकमा तालिम सम्पन्न



# सामुदायिक बिद्युतीकरणमा नियमनको सवाल



डिल्ली घिमिरे

नेपालमा सामुदायिक सहभागितामा ग्रामीण बिद्युतीकरण २०६० सालदेखी सुरु भएको हो । नेपाल सरकार र नेपाल बिद्युत प्राधिकरणले औपचारिक रुपमा सामुदायिक बिद्युत सुरु गर्नु अगाडी पनि सामुदायिक सहभागितामा बिद्युतीकरण गर्ने पहलहरु भएका थिए । दक्षिण ललितपुर ग्रामीण बिद्युतीकरण, बुटवल पावर कम्पनी र लमजुङ बिद्युत उपभोक्ताको काम उदाहरणको रुपमा लिन सकिन्छ । २०६० साल यता नेपाल सरकारले उपभोक्ताको २०% लगानी भएमा ८०% लागत ब्यहोर्ने नीति ल्याएपछि समुदायको सहभागितामा ग्रामीण बिद्युतीकरण गर्ने अभियानको रुपमा देशभरी बिस्तारित भैसकेको छ। गत आ.ब.सम्ममा २३० सामुदायिक बिद्युत उपभोक्ता संस्थाले बिद्युतीकरण तथा बितरण र ब्यबस्थापनको स्विकृती पाएका छन् । जस मध्ये ३७ सहकारी, ९ कम्पनी र बाँकी सबै संस्था दर्ता ऐन अनुसार दर्ता भएका छन् । क्षेत्रगत रुपमा सबैभन्दा बढि संस्था पश्चिमाञ्चलमा छन् । यस्ता संस्थाहरुबाट बिद्युत उपभोग गर्ने उपभोक्ताको संख्या १,१६,००० भन्दा नाघेको छ । उनिहरुले २०% लगानी बापत गत आ.ब.सम्ममा करिब ६५ करोड बराबरको लगानी गरिसकेका छन् । देशका ४६ जिल्लामा बिस्तारित कार्यक्रम अन्तर्गत निर्माणाधिन अबस्थामा रहेका कार्यक्रमहरु संपन्न भईसक्दा थप करिब ९० हजार परिवारलाई बिद्युत सुबिधा उपलब्ध हुने अबस्था छ ।

ग्रामीण बिद्युतीकरणमा काम गर्ने यस्ता संस्थाहरु ३ किसीमका हुन्छन् ।

**क) गैरसरकारी संस्था**

जिल्ला प्रशासन कार्यालयमा दर्ताहुने यस्ता संस्थाहरु संस्थादर्ता ऐन २०३४ अनुसार दर्ता हुन्छन् । जिल्ला प्रशासनमा दर्ता भएपनि उनिहरुको काममा आवश्यक अनुगमन, नियमन र सहजिकरण गर्ने काम जिल्ला प्रशासन कार्यालयबाट हुने गरेको छैन । प्रक्रिया अनुसार पनि जिल्ला प्रशासन कार्यालयले यस्तो काम गर्न ब्यबहारिक नभएको देखिन्छ । संस्थादर्ता ऐनमा ग्रामीण बिद्युतीकरणका प्रमुख सवालहरुलाई सम्बोधन गर्ने ब्यबस्था पनि उल्लेख छैन ।

**ख) शहकारी संस्था**

नेपाल सरकारको शहकारी बिभाग अन्तर्गत बिद्युत उपभोक्ता शहकारीहरु दर्ता हुन्छन् । शहकारी ऐन २०४८को ब्यबस्था र भावना हेर्दा ऐनमा ग्रामीण बिद्युतीकरणको कहिं कतै उल्लेख नभएको पाईन्छ । जिल्ला स्थित शहकारी कार्यालयहरुमा पनि बिद्युत संबन्धि जनशक्ति नहुने र बिजुली आफैमा नितान्त प्राबिधिक बिषय भएकाले शहकारी कार्यालयहरुबाट दर्ता गर्ने, दैनिकी प्रकृतिको अनगमन गर्ने जस्ता साधारण काम बाहेक बिद्युत संबन्धि बिशिष्ट प्राबिधिक बिषयमा खाश निगरानी, सहयोग सहजीकरण, नियमन र नियन्त्रण जस्ता कुरा हुन सकेको छैन । बिद्यमान कानुनी र संस्थागत ढाँचाका आधारमा त्यो संभवपनि देखिदैन ।

of]lalgodfjnLsf] cfwf/df pkef]Qmf ;+yfsf] ;Bk0f{lgodg xg] ca:yf klg b]vbg . laB't k|ws/0f Pgn] o;/L pkef]Qmf jf laB't lat/0f Aoa:yfkg Nofpg] s'/f gug{[xg]fn] P]gdf lgodg ug{[ Aoa:yf / lgodgsf/L lgsfo pNn]v ePsf]5g .

**ग) कम्पनीहरु**

सामुदायिक बिद्युत उपभोक्ता कम्पनीहरु नेपाल सरकारको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई काम गर्छन् । उनिहरुको पनि तालुक कार्यालयको हैसियतले एउटा सेवा प्रदायकलाई गर्नुपर्ने नियमन, सहजिकरण र नियन्त्रण जस्ता कुराहरुको अभाव छ ।

यसरी भिन्न ३ प्रकारका कानुन अन्तर्गत एउटै प्रकृतिको काम गर्ने संस्थाहरु कृयाशिल छन् । उनिहरुको काम नाफा कमाउने नभएर ग्रामीण क्षेत्रमा बिद्युत सेवा बितरण र बिस्तार गर्ने हो । यस्ता संस्थाहरुले गरिरहेका कामहरुबाट लगानी र बितरण ब्यबस्थापनमा नेपाल सरकार र मातहतका निकायहरुलाई प्रत्यक्ष सहयोग पुगेको छ । ग्रामीण बिद्युतीकरणमा उपभोक्ता समुदायको यस्तो प्रकृतिको सहभागिता दुनियाँकै एक उदाहरणको रुपमा चिनिदै आएको छ ।

यसरी संचालित संस्थाहरुको संस्थागत ब्यबस्था भने अत्यन्त कमजोर छ। नेपाल बिद्युत प्राधिकरणले कार्यक्रम कार्यान्वयन र थोकमुल्यमा संस्थाहरुलाई बिद्युत बितरण गर्दै आएको छ । बिद्युत प्राधिकरणको संचालक समितिले निर्णय गरेर



बनाएको सामुदायिक बिद्युत बिनियमावली यसको मुख्य कानुनी औजार हो। बिनियमावलीले बिद्युतीकरण कार्यक्रमको कार्यान्वयन र थोक रुपमा बिद्युत आपुर्ती सिमाभित्र राखेको छ । बिनियमावलीले बिद्युत उपभोक्ता संस्थाहरुको समग्र नियमन गर्ने कुरा प्राधिकरणले वा अरु कसैले गर्ने किटानी गरेको छैन । यो बिनियमावलीको आधारमा उपभोक्ता संस्थाको संम्पुर्ण नियमन हुने अबस्था पनि देखिँदैन। बिद्युत प्राधिकरण ऐनले यसरी उपभोक्ता वा बिद्युत बितरण ब्यबस्थापन ल्याउने कुरा नगर्ने हुनाले ऐनमा नियमन गर्ने ब्यबस्था र नियमनकारी निकाय उल्लेख भएको छैन ।

देशका कुना कुनामा बसेर उपभोक्ताको घरदैलोमा सेवा पुचाउने यस्ता संस्थााहरुलाई आवश्यक परेको समयमा उचित सहयोग गर्ने, सहजिकरण गर्ने, नियमन गर्ने र आवश्यकता अनुसार नियन्त्रण गरेर कार्यक्रमलाई बढि प्रभावकारी बनाउन सकिन्छ । तर त्यसका लागि कुनै कानुनी र संस्थागत ब्यबस्थाको अभावमा न उनिहरुले आवश्यक पर्दा सहयोग र सहजिकरण पाएका छन् नत नियमित अनुगमन र नियन्त्रणको ब्यबहारिक ब्यबस्था नै छ । यसबाट राम्रो गर्नेलाई पुरस्कार र खराब गर्नेलाई डण्डको ब्यबस्था राज्यले नगरेको स्थिती झल्कन्छ। यस्ता सवाललाई सही तरीकाले संबोधन गरी कार्यक्रमलाई ब्यबहारिक प्रभावकारी र द्रुत बनाउन सामुदायिक बिद्युतीकरण सबै सवाललाई संबोधन गर्दै ग्रामीण बिद्युतीकरण ऐन, नियमक निकायको रुपमा ग्रामीण बिद्युतीकरण बोर्ड र ग्रामीण बिद्युतीकरणका लागि आवश्यक पर्ने श्रोत ब्यबस्थापन गर्न ग्रामीण बिद्युतीकरण कोषको स्थापना आजको तड्कारो आवश्यकता भएको छ। यसबाट ग्रामीण बिद्युतीकरण र बिद्युत बितरण ब्यबस्थापनमा काम गर्ने बिद्युत उपभोक्ता शहकारी, गैर सरकारी संस्था र कम्पनीहरु एउटै कानुन अन्तर्गत रहने र नियमनमा ब्यबस्थित हुनेछ ।



**विजया दशमी तथा शुभ दिपावली २०६७ को पावन अवसरमा हाम्रा समस्त ग्राहक, शुभचिन्तक तथा समस्त महानुभावहरु प्रति हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं**

**सामुदायिक सेवा केन्द्र**
**जिल्ला समन्यव समिती**
**स्याङ्गजा**

# विद्युत आयोजनामा माओवादी विरोधको आशय



– सुशील पन्त

एकीकृत नेकपा माओवादीले निर्माणको विभिन्न चरणमा रहेका १४ जलविद्युत परियोजनाको सम्झौता व्यबस्थापीका संसदवाट पुनः अनुमोदन गर्नुपर्ने बताएपछि नेपालको जलविद्युत विकासका क्षेत्रमा फेरी एक पटक नयाँ तरग सृजना भएको छ। हिउदको समयमा दैनिक १४ देखी १८ घण्टा सम्म विद्युत आपूर्ती कटौति (लोडसेडिङ) भोगी रहेका तमाम नेपालीको ध्यान पछिल्लो घटनाले खिचेको छ। यद्यपी विबादास्पद सम्झौताका कारण माओवादीले ती आयोजनाको बिरोध गर्ने बताउदै आएको थियो । पछिल्लो पटक माथिल्लो कर्णाली परियोजनाको माओवादीबाट समेत स्थानिय स्तरमै विरोध भएको थियो ।

असोज ५ मा माओवादीले संसदीय अनुमोदन विपरित कुनै सम्झौता नगर्न र विगतमा भएका राष्टघाती सम्झौता खारेज नभए त्यस बिरुद्ध आवश्यक कदम चाल्न बाध्य हुने चेतावनी दिएको छ । यस घटनालाई सरकार गठन गर्न नपाएको झोकमा माओवादीद्वारा व्यक्त आक्रोशको रुपमा भारतीय संचार माध्यमहरुले परि भाषित गरेका छन। सेप्टेम्बर २६ मा भार तीय अग्रेजी दैनिक हिन्दुस्थान टाइम्सले लेखेको छ भारतीय लगानीमा बन्न लागेका जलविद्युत आयोजनामा माओवादी आक्रमण नयाँ समाचार होइन, पछिल्लो पटक भारतीय कम्पनि वा लगानी रहेका १४ आयोजनामा माओवादीले आक्रमणको तारो बनाएका छन । अर्को भारतीय अनलाइनले लेखेको छ सरकार बनाउन नपाएको झोकमा नेपालका माओवादीहरु डाबर बहुराष्ट्रिय कम्पनिपछि भारतीय लगानिका जलविद्युत आयोजनामा केन्द्रीत भएका छन ।

माओवादीले देशलाइ व्यापक, गम्भीर र दीर्घकालिन असर पर्ने कुनैपनि सन्धि सम्झौताको अनिवार्य संसदीय अनुमोदन गर्नुपर्ने कुरा अगाडि सारेको छ । एमाओवादी उर्जा विभाग प्रमुख लिलामणि पोखरेलद्वारा जारी विज्ञप्तीमा भनिएको छ- 'कहिबर्ष यता देश गम्भीर संक्रमणकालिन अबस्थावाट गुज्रीरहेको मौका छोप्दै संसदीय अनुमोदनको सम्बैधानिक प्रावधानलाइ छल्नकालागि बदनियत पूर्बक प्रचलित कम्पनि ऐनको दुरुपयोग गरी विभिन्न जलविद्युत आयोजनाहरु विभिन्न विदेशी बहुराष्ट्रिय कम्पनि र तिनका नेपालस्थित एजेण्ट कम्पनिसंग सम्झौता र करार गर्ने कार्य भइरहेको छ । यसप्रति माओवादीको गम्भीर ध्यानाकर्षण भएको छ। राष्ट्रहित विपरितका यस्ता कार्य बन्द नगरिए यस्ता राष्ट्रघाति नीति योजना र कार्यहरुका विरुद्ध आवश्यक कदम चाल्न माओवादी बाध्य हुनेछ ।' माओवादीको धम्कियुक्त आसयको पत्रले जल विद्युत क्षेत्रमा ठुलै तरङ्ग पैदा गरेको छ ।

बर्तमान एवं भविष्यको आन्तरिक विद्युत मागलाई ध्यानमा राख्दै त्यस अनुरुपको ठोस कार्ययोजना सहित जलविद्युत विकास गर्ने कुरा पहिलो प्राथमिकतामा पार्नुपर्ने उच्चतम उपयोग र खपत पश्चात मात्र राष्ट्रिय हितलाई सर्वोपरी राखी उचित बजार मूल्य राखी निर्यात गर्नुपर्ने माओवादी जिकिर छ । नेपालका जलविद्युत उत्पादक र माओवादीको प्रधान अन्तर बिरोध पनि यही हो। माओवादी नेतृत्वको सरकारले दश बर्षमा १० हजार मेगावाट विद्युत



सेतीखोला साना जलविद्युत केन्द्र, स्याङ्जा

उत्पादन गर्ने महत्वाकांक्षी योजना सार्वजानिक गर्दाको समय देखी नै यो विबाद कायम छ। माओवादी र कतिपय जलस्रोत विदहरु जलविद्युतको विकास नेपालको लोडसेडिड अन्त्यका लागि हुनुपर्ने बताउछन । तर कतिपय अर्थशास्त्री र नीजि क्षेत्रका जलविद्युत उत्पादकहरु भने निर्यात गर्ने आयोजनामा पनि लगानी गर्न सकिने बताउछन । खासगरी विद्युत निर्यात गरेर नेपालको अर्थतन्त्रको विकास संभव भएको विश्वास गर्नेहरु विदेशी लगानी कर्तालाई आकर्षीत गर्न लगानी खुल्ला गर्नुपर्ने बताउछन ।

**के हो संसदीय अनुमोदन ?**

एकीकृत माओवादी लगायत कतिपय जलस्रोत विदहरु संसदीय अनुमोदनको पक्षमा छन । अन्तरिम संविधानको धारा १२६ मा सन्धी सम्झौताको संसदीय अनुमोदन गर्नुपर्ने व्यबस्था गरिएको छ । राष्ट्रलाइ व्यापक र गम्भीर वा दीर्घकालिन असर नपर्ने प्राकृतिक स्रोत तथा त्यसको उपयोग र बाडफाड सम्बन्धी साधारण प्रकृतिका सन्धी वा सम्झौता अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संसदको बैठकमा उपस्थित साधारण बहुमतवाट अनुमोदन गर्ने प्रावधान अन्तरिम संविधानको धारा १५६ मा उल्लेख छ। २०४७ सालको संविधानमा भने धारा १२६ मा उक्त प्रावधान र हेको थियो । एकीकृत नेकपा माओवादी सोही धारारलाई आधार बनाएर भारतमा विजुलीनिर्यात गर्ने आयोजनाको संसदीय अनुमोदन गर्नुपर्ने बताउदै आएको छ। सर्वोच्च अदालतले भने विद्युतलाइ बस्तुको रुपमा परिभाषीत गर्दै संसदीय अनुमोदन गर्नु नपर्ने फैसला गरेको छ। तर संविधानसभाको राष्ट्रिय हित संरक्षण समितिले तयार गरेको नयाँ संविधानको मस्यौदा प्रतिवेदनमा अनिवार्य संसदीय अनुमोदनको व्यबस्था गर्नुपर्ने उल्लेख छ ।

माओवादीको विरोध मुख्यतः पश्चिम सेती, माथिल्लो कर्णाली, अरुण तेस्रो जस्ता भारतमा विद्युत निर्यात गर्ने आयोजनामा लक्षित देखिएको छ । यसकारण पनि कतिपय भार तीय संचार माध्यमले माओवादी विरोधलाइ राजनीतिसंग तुलना गरेर हेरेका छन । पछिल्लो पटकको विरोध नेपालमा सरकार गठनमा भारतीय हस्तक्षेप भएको भन्ने माओवादी भनाइसंगै भएको छ । यद्यपी उपयुक्त आयोजनाहरुमा माओवादी विरोध एकाएक भएको भने होइन । शान्ति सम्झौता पश्चात माओवादी सरकारमा सामेल भएर बाहिरिएको समयमा विबादित अधिकाशं परीयोजनाको सम्झौता भएको थियो । तत्कालिन माओवादी सरकारमा पुर्नआगमनको एकदिन अघिमात्र भएको सम्झौताप्रति माओवादीले त्यति खेरपनि बिरोध जनाएको थियो । माओवादी प्रबक्ता कृष्णबहादुर महराले २०६४ पुस ४ मा विज्ञप्ती प्रकाशित गरेरै सम्झौताप्रति बिरोध जनाएका थिए । मुलुक अन्त्यन्त जतिल संक्रमणकालीन अबस्थामा रहेको अबस्थामा सात दलको सहमति बिना अन्तरिम व्यबस्थापिका संसदको प्राकृतिक स्रोत साधन समितिको निर्णय विपरित उक्त परियोजनासंग सम्बन्धीत काम नगर्न महराले माओवादीका तर्फवाट आग्रह गरेका थिए ।

व्यबस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको २०६४ साउन १ मा बसेको बैठकले पश्चिमसेती आयोजनाको सम्बन्धमा स्मेकसंग भएको सम्झौता अनुसार नेपालले उक्त आयोजनावाट पाउने १० प्रतिसत विजुली बापतको राजश्व लिने भनएकोमा १० प्रतिसत विजुली नै लिनेगरी सम्झौता संशोधनगर्न सरकारलाइ निर्देशन दिएको थियो । सोहि निर्याण मार्फत समितिले माथिल्लो कर्णाली अरुण तेस्रो र बुढिगण्डकी लगायत आयोजना राजनीतिक सहमति गरी सम्झौतागर्न निर्देशन दिएको थियो । माओवादीले खासगरी भारतमा विजुली निर्याताकालागि प्रस्तावित आयोजनाहरु तत्काल स्थगितगर्न आग्रह गरेको छ । निर्यात योग्य आयोजनावाट तल्लो तटिय लाभ र सिंचाइको कुरा उठाएको छ ।

माओवादीले महाकाली सन्धी तथा पश्चेश्वर आयोजना अन्तरगत महाकाली नदी एकीकृत विकास सम्बन्धी सम्झौता राष्टिय हित विपरित भएको दावी सहित यथास्थितीमा संचालन गर्न सहमत नभएको समेत जनाएको छ । यद्यपी २०६५ मा भएको भारत भ्रमणका क्रममा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले महाकाली विकास सहमति जनाएका थिए । माओवादी उर्जा विभाग प्रमुख पोखरेलले भने मुलुकको तत्कालीन आबस्यकता र प्राथमिकतामा नरहेको नेपालको राष्ट्रिय हित र सुरक्षा विपरित हुनेगरी प्रस्तावित सप्तकोशी उच्च बाध र महाकाली एकीकृत विकास परियोजना स्थगित गर्नुपर्ने बताउछन ।

माओवादी कदमप्रति सरकार, गैर माओवादी दल र निजी क्षेत्र संशकीत बनेका छन । सरकारले जलविद्युत आयोजनाहरु र लगानीको सुरक्षाबारे गम्भीर रहेकोले कुनैपनि प्रकृतिका अभिव्यक्ति र क्रियाकलापबाट विचलित नहुन प्रवर्द्धकहरु समक्ष आग्रह गरेको छ। नीजि क्षेत्रले माओवादी विरोधले देशमा बन्दै गरेको लगानिको वाताबरण बिथोलिने प्रतिक्रिया दिएको छ । नेपाल सरकार ऊर्जा मन्त्रालयले भने माथिल्लो कर्णाली, अरुण तेश्रो, मर्स्याङ्दी, बुढी गण्डकी, तामाकोशी- ३ ए, लिखु, कर्णाली फूलकोट लगायताका १४ वटा विद्युत आयोजनाहरु बन्न नदिने भन्ने माओवादी भनाइप्रति गम्भीर चसो जनाएको छ। मन्त्रालयका प्रवक्ता अनुप उपाध्यायले असोज ८ मा एक विज्ञप्ती प्रकाशित गरेर पश्चिम सेती जलाशययुक्त आयोजनाको 'आयोजना सम्झौता' को म्याद थप हुने समयमा व्यवस्थापिका संसदको प्राकृतिक श्रोत तथा साधन समितिको निर्देशन अनुरुप म्याद थप भएको बताएका छन। माथिल्लो कर्णाली तथा अरुण तेश्रो जलविद्युत आयोजनाहरु राज्यलाई अधिक प्रतिफल दिने कम्पनी खुल्ला प्रतिस्पर्धा मार्फत् चयन गरिएको दावी सहित विरोध नगर्न उनले आग्रह गरेका छन ।

***लोडसेडिङ्ग अन्त्यकालागि विद्युत उत्पादन गर्नुपर्ने भन्ने माओवादी भनाइ सही भएपनि सबै आयोजनाको विरोध गर्ने माओवादी निर्णयलाइ सही भन्न कदापी सकिदैन । विद्युत विकासलाई राजनीतिक दाउपेचको बिषय बनाइएमा मुलुकको आर्थीक सामाजिक रुपान्तरणको बिषय ओझेलमा पर्न सक्छ । माओवादी स्वयमले दश बर्षमा १० हजार मेगावाट विद्युत उत्पादनको नारा दिने र आर्कोतर्फ विद्युत आयोजना निर्माणमा अबरोध सृजना गर्नुले उसलाइ विकास विरोधीको विल्ला लाग्न सक्छ ।***



**खोपासी जलविद्युत केन्द्र, पनौती काभ्रे**

मन्त्रालयले प्रचलित ऐन नियम अनुसार प्रक्रिया पुरा गरी जलविद्युत विकास नीतिले अंगिकार गरेको नीति अनुसार जलविद्युत क्षेत्रमा आन्तरिक तथा बाह्य निजी क्षेत्रको लगानी प्रोत्साहन गरी देशमा विद्युत सस्तो र सुलभ तरिकाले आपूर्ति गरी बचत हुने विद्युत निर्यात गरी आर्थिक उन्नति गर्ने उद्देश्यले पहिला दरखास्त पेश गर्नेले कारबाहीमा पहिलो प्राथमिकता पाउने गरी विना भेदभाव अनुमति पत्रहरु प्रदान गरिएको स्पष्टगर्दै माओवादी विरोधलाइ औचित्यहीन भनेको छ । 'देशमा भएको जनआन्दोलन-२ पश्चात जलविद्युत क्षेत्रमा निजी क्षेत्रको पलाउँदो चासोलाई मूर्त रुप दिन नेपाल सरकारप्रयासरत रहेको र हालका दिनमा केही सफलता प्राप्त हुँदै गएको छ, उर्जा मन्त्रालयले माओवादीको विरोध गलतै विज्ञप्ती प्रकासित गरेर भनेको छ-'राष्ट्रको अधिकतम हित अनुरुप र उचित लाभ प्राप्त गर्ने गरी प्रबर्द्धन गरिएका आयोजनाहरुको सन्दर्भमा राजनैतिक उद्देश्यबाट प्रेरित वाधा-अवरोध, डर-त्राश फैलाउने प्रकारका घटना क्रमले जलविद्युत आयोजनाहरुको विकासमा प्रतिकूल प्रभाव पार्ने र राज्यले अवलम्बन गरेको नीतिमा यस्ता क्रियाकलापले गम्भीर नकारात्मक असर पार्ने भएकोले यस्ता कार्य तत्कालै बन्द गर्नसम्पूर्ण राजनैतिक दल, संस्था तथा आयोजना क्षेत्रका नागरिक सबैमा अनुरोध गर्दछ ।'

देशको प्रमुख राजनीतिक दल माओवादीको पछिल्लो निर्णयले जलविद्युत क्षेत्रमा फेरी एउटा अन्यौलता सृजना गरेको छ। स्वदेशी लोडसेडिङ्ग अन्त्यकालागि विद्युत उत्पादन गर्नुपर्ने भन्ने माओवादी भनाइ सही भएपनि सबै आयोजनाको विरोध गर्ने माओवादी निर्णयलाइ सही भन्न कदापी सकिदैन । विद्युत विकासलाई राजनीतिक दाउपेचको बिषय बनाइएमा मुलुकको आर्थीक सामाजिक रुपान्तरणको बिषय ओझेलमा पर्न सक्छ । माओवादी स्वयमले दश बर्षमा १० हजार मेगावाट विद्युत उत्पादनको नारा दिने र आर्कोतर्फ विद्युत आयोजना निर्माणमा अबरोध सृजना गर्नुले उसलाइ विकास विरोधीको विल्ला लाग्न सक्छ । माओवादीले उपयुक्त निर्णय समयमै पुर्नविचार गर्नु जरुरी छ । कतिपय बिबादास्पद सम्झौतालाइ आपसी समझदारीमा सच्चाउन सकिने अन्य बिकल्पमा जानु माओवादीका लागि समेत श्रेयष्कर हुनेछ ।

# स्रोतमाथि समुदायको अधिकारः लोकतन्त्रको आधार



प्रदीप ज्ञवाली

१. मुलुक यतिबेला राज्यपुनर्संरचनाको गंभीर बहसमा छ । महिलाको दृष्टिले पितृसत्तात्मक, दलितको हिसाबले 'ब्राह्मणवादी', कर्णालीको आँखाका काठमाडौं केन्द्रित, आदिवासी-जनजातिको बुझाइमा 'खस-आर्य वर्चस्वको', अन्य धर्मावलम्वीका नजरमा हिन्दुवादी र मधेसी जनताले 'पहाडपक्षीय' ठान्ने गरेको राज्यसंरचनाका कारण अझै पनि जनसङ्ख्याको ठूलो हिस्साको मनमा 'देश हाम्रो हो तर राज्य हाम्रो हुन सकेको छैन' भन्ने गुनासो विद्यमान छ। यस्ता गुनासामा कतिपय अतिरञ्जना भए पनि हाम्रो राज्यको वर्तमान संरचना विभेदकारी, अन्यायपूर्ण र विषम रहेको तथ्य भने विवादरहित छ। यसलाई लोकतान्त्रिक ढङ्गले पुननिर्माण नगरीकन नयाँ नेपालको सपना सार्थक हुन सक्दैन । राज्यको अग्रगामी पुनर्संरचनाबिना परिवर्तनको लाभ जनतासमक्ष पुग्न पनि सक्दैन र उनीहरूको सार्वभौमसत्ता व्यवहारिकरूपमा स्थापित पनि हुन सक्दैन। यही सच्चाइलाई वोध गरेर नै राज्यको पुनर्संरचनाको बिषयलाई नयाँ संविधान निर्माणको प्रमुख कार्यसूची बनाउने सहमति भएको हो ।

२. राज्यपुनर्संरचनालाई नयाँ संविधानको महत्वपूर्ण अन्तरवस्तु बनाउनु पर्छ भन्ने कुरामा आम सहमति भए पनि यसलाई बुझ्ने बिषयमा भने राजनीतिक दल, नीतिनिर्माता, अधिकारकर्मी र सामाजिक आन्दोलनका अगुवाकाबीचमा व्यापक भिन्नता छ। बुझाइको यही भिन्नता र कतिपय आग्रह, अस्पष्टता र सङ्कीर्ण सोचका कारण राज्यपुनर्संरचनाको बहसमा विचलन र भ्रान्ति पनि देखिएको छ। 'राज्य' के हो ? यसका अवयव, सङ्घटक अङ्ग र संरचनाहरू के के हुन् ? यसको 'पुनर्संरचना' भन्नाले के बुझिन्छ- यसलाई पूर्णरूपले ध्वस्त गरेर शून्यबाट निर्माण गर्ने ? अथवा यसका केही आवरणहरूको फेरबदल गर्ने ? कि यसको रूपान्तरण गर्ने ? राज्यपुनर्संरचनाका आधार र प्रकृया के हुन् ? यी बिषयमा गंभीर र सार्थक छलफल नगरी र स्पष्ट समझदारीको विकास नगरी गरिने राज्यपुनर्संरचनाको वहस अधुरो र अधकल्चो हुन जान्छ।

३. अचेल चलिरहेका राज्य पुनर्संरचनासम्बन्धी वहस मूलतः राज्यको केन्द्रीकृत र एकात्मक संरचनालाई बदलेर सङ्घीय ढाँचामा यसलाई रूपान्तरण गर्ने कुरामा केन्द्रित छ। कतिवटा सङ्घीय इकाइ (प्रदेश अथवा प्रान्त) बनाउने, तिनीहरूको नामाङ्कन र सीमाङ्कन कसरी गर्ने एवं त्यस्ता इकाइहरूमा कुनै जाति विशेषलाई राजनीतिक अग्राधिकार दिने कि नदिने जस्ता प्रश्नमा तातो छलफल चलिरहेको छ । अवश्य पनि भौगोलिक पुनर्संरचना महत्वपूर्ण विषय हो, तर यो मात्रै राज्यको पुनर्संरचनाको समग्रता होइन । राज्य भनेको आर्थिक आधारमाथि खडा भएको त्यस्तो अधिसंरचना हो, जसभित्र राज्य सञ्चालनको मुख्य कानुनी आधार संविधान, त्यसले निर्दिष्ट गरेको राज्यको ढाँचा, शासन प्रणाली, निर्वाचन पद्धति, राज्यका विभिन्न अङ्गहरूबीचको अन्तर्सम्बन्ध, शक्ति पृथकीकरण, सुरक्षा अङ्गहरू तथा राज्यका आर्थिक-सामाजिक-सांस्कृतिक नीतिहरू पर्छन् । राज्य एकात्मक हुने कि सङ्घीय हुने भन्ने विषय महत्वपूर्ण हो, तर त्यसभित्र माथिका सबै विषयहरू समेटिएनन् भने जनताका आकाङ्क्षाको संवोधन हुन सक्दैन। तर यो समग्र वहसमा न त राज्यका सामाजिक-आर्थिक-सांस्कृतिक नीतिहरू वहसको केन्द्रमा छन्, न स्थानीय तहमा अर्थात् समुदायको तहमा जनतालाई अधिकारसम्पन्न बनाउने कुरामै समुचित ध्यान पुगेको छ।

४. हाम्रो जस्तो वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक र विविधतायुक्त समाजमा सङ्घात्मक ढाँचा बढी उपयुक्त हुने कुरामा शङ्का छैन । समाजको विविधतालाई राज्यको अधिसंरचनामा सन्तुलित ढङ्गले प्रतिविम्वित गर्नका लागि यो नै सबैभन्दा उपयुक्त विधि हो । खास गरी जातीय, भाषिक र सांस्कृतिक पहिचानको प्रश्नलाई संवोधन गर्न र राज्यलाई जनताको आँगनसम्मै पुऱ्याउन सङ्घीयता प्रभावकारी माध्यम हुन सक्छ। तर सङ्घीयता सबै रोगको रामवाण औषधि हो भन्ने बुझ्नु र सङ्घीयतालाई एउटा केन्द्रमा केही अभिजातहरूको हातमा रहेको राजनीतिक विशेषाधिकारलाई १२/१४ वटा प्रदेशका जातीय/क्षेत्रीय अभिजातहरूको हातमा पुनर्वितरण गर्ने अर्थमा ग्रहण गर्नु भ्रान्त दृष्टिकोण हो। राज्यका अन्य प्रश्नमा मौनता साधेर मुलुकको नक्सालाई सङ्घीय रेखाले कोर्ने कुराले मात्रै लोकतन्त्रको प्रत्याभूति गर्न सक्दैन। सङ्घीयताले तल्लो तहमा रहेका जनतालाई साँचो अर्थमा अधिकारसम्पन्न र सार्वभौम बनाउन सक्यो भने मात्रै, नीति निर्माण र निर्णय प्रकृयामा उनीहरूको प्रभावकारी भूमिका स्थापित गर्न सक्यो भने मात्रै र यसले सबै खालका विशेषाधिकारहरूको अन्त्य गर्दै जनतालाई साँचो अर्थमा समन्याय दिन सक्यो भने मात्रै सङ्घीयताको अर्थ हुन्छ। सैनिक तानाशाहीमुनि पिल्सिन वाध्य पाकिस्तानी जनताको निम्ति त्यहाँको सङ्घीयताको के अर्थ छ र ?

५. नेपाली समाजमा खालि संरचनागत या ठाडो (Vertical) विभेदमात्र छैन, यहाँ वर्गीय या तहगत (Horizental) विभेद पनि गंभीर रूपमा विद्यमान छ। अर्थात् वर्गीय शोषण मात्र छैन, यहाँ जातीय, क्षेत्रीय या सांस्कृतिक शोषण पनि उत्तिकै गहिरो

छ । युरोपेली समाजको सापेक्षतामा नेपाली समाज असाध्यै असमान, विविधतापूर्ण र जटिल छ, जसको समाधान मार्क्सवादी पुस्तकका उद्धरणका आधारमा होइन, 'ठोस परिस्थितिको ठोस विश्लेषण' का आधारमा मात्र गर्न सकिन्छ । तर समाजको वर्गीय विश्लेषण गर्दै श्रमजीवी वर्गको पक्षमा लगातार सङ्घर्ष गर्दै आएका नेपाली कम्युनिष्टहरूले समाजको जातीय, क्षेत्रीय र सांस्कृतिक विभेदको बारेमा भने पर्याप्त अध्ययन, विश्लेषण गर्ने र यसको अगुवाइ गर्न सकेनन् । वर्गीय विभेदमात्रै देख्ने तर जातीय/भाषिक/सांस्कृतिक विभेदलाई नदेख्ने या वर्गीय समस्याको समाधानले सामाजिक विभेदलाई स्वतः समाप्त पार्छ भन्ने उनीहरूको विश्लेषण त्रुटिपूर्ण ठहरियो । आज जातीय/क्षेत्रीय आन्दोलनको नेतृत्व सङ्कीर्ण जातिवादीहरूको हातमा पुग्ने र त्यसले गलत दिशा लिने खतरा पनि उत्पन्न भएको छ । समग्र राष्ट्रिय हितलाई वेवास्ता गर्दै र वर्गीय दृष्टिकोणलाई उपेक्षा गर्दै उठाइएको जातीय मुद्दाले आज समाजको सन्तुलनलाई नराम्रो गरी हल्लाइदिएको छ ।

६. तर आज इतिहासको अपव्याख्या, सच्चाइको भ्रष्टीकरण र कतिपय गलत निष्कर्षका आधारमा समाजलाई गलत दिशातिर डोऱ्याउने प्रयत्न पनि देखा पर्न थालेको छ । उदाहरणका निम्ति कतिपय व्यक्तिहरू 'नेपाली समाजमा विगत २४० बर्षदेखि चलिरहेको शोषण र विभेदको अन्त्य गर्ने' तर्क गर्छन् । मानौं नेपालको एकीकरणभन्दा अगाडि नेपाल 'रामराज्य' थियो, त्यहाँ वर्गीय या सामाजिक उत्पीडन केही पनि थिएन । त्यसै गरी कतिपय जातीय आन्दोलनका अगुवाहरू नेपालको एकीकरणलाई तत्कालीन ऐतिहासिक आवश्यकता ठान्दैनन्, यसलाई पृथ्वीनारायण शाहको 'सामन्ती राज्य विस्तार' को रूपमा आलोचना गर्छन् र त्यस प्रकृयामा कुनै जाति विशेषले अर्को जाति विशेषलाई नरसंहार गरेको रूपमा अतिरञ्जित टिप्पणी गर्छन् । निश्चय नै, राज्य विस्तारमा पृथ्वीनारायण शाहको राज्य विस्तारको आकाङ्क्षा थियो नै । यसका साथै त्यस दौरानमा कतिपय ठाउँमा ज्यादति भएको कुरालाई पनि इन्कार गर्न मिल्दैन । तर यत्तिकै आधारमा नेपालको एकीकरणलाई गलत ठहऱ्याउनु, त्यसभन्दा अगाडि सबै जातिले पूरा अधिकार पाएका थिए र त्यसपछि मात्रै उनीहरूमाथि ज्यादति सुरु भयो भन्ने अर्थ लगाउनु र पुरानै बाइसे चौबिसे राज्यतिर फर्कने खालको तर्क गर्नु इतिहासमाथिको व्यङ्ग्य मात्रै हो । नेपालको एकीकरण एउटा ऐतिहासिक आवश्यकता थियो र त्यस कालखण्डमा नेपाल एक सबल राष्ट्र बन्न नसकेको भए हामी उहिल्यै इस्ट इण्डिया कम्पनी मातहतको कुनै 'रियासत' को रूपमा आफ्नो स्वतन्त्र हैसियत गुमाएर नामेट भइसकेका हुन्थ्यौं । निश्चय नै, त्यतिबेला नेपाली माटोको एकीकरण भयो, मनको एकीकरण हुन बाँकी नै थियो । पछाडिका शासकहरूले, विशेष गरी राणाहरू र राजा महेन्द्रले नेपाली समाजको विविधतालाई नामेट गर्दै 'एक भाषा, एक भेष' को नाममा, राज्यको हिन्दुकरणको नाममा, राजतन्त्र, एकात्मक शासन पद्धति र निश्चित वर्गको सांस्कृतिक वर्चस्वको आधारमा नेपाली समाजलाई 'एकरूपीकरण' गर्ने धृष्टता गरे । यसको विरोध गरिनै पर्छ र समाजको विविधलाई राज्यमा प्रतिविम्वित गराउनै पर्छ । तर यत्तिकै आधारमा नेपाली इतिहासलाई नै गलत ठहऱ्याउने कुरा स्वीकार्य हुन सक्दैन ।

७. त्यसरी नै, बाहुन- क्षेत्री- ठकुरी या पहाडमा बस्नेहरू सबै उत्पीडक र उनीहरू नै नेपालको वर्तमान समस्याका मुख्य कारक भन्ने जस्तो गरी हुने गरेका विश्लेषण र प्रचार पनि सही होइनन् । निश्चय नै, एकीकरणपछिको लामो समय तिनै जातिका व्यक्तिहरू शासन सञ्चालनका मुख्य ठाउँमा पुगे । उनीहरूले आफ्नो संस्कृतिलाई नै 'राष्ट्रिय संस्कृति' को रूपमा स्थापित गर्ने प्रयत्न पनि गरे । यस दौरानमा कतिपय जातीय या भाषिक समुदायका पहिचान नामेट भए, ओझेलमा परे । यो सच्चाइलाई आत्मसात गर्नैपर्छ । तर आजसम्मको नेपाली राज्य 'जातीय राज्य' चाहिँ थिएन भन्ने यथार्थलाई पनि हामीले देख्नैपर्छ । त्यसो हुँदो हो त, 'मकैको खेती' का लेखक सुब्बा कृष्णलाल अधिकारी मारिने थिएनन् । ठकुरी दशरथ चन्द सहिद बन्नु पर्ने थिएन, टङ्कप्रसाद आचार्य या रामहरि शर्माले सर्वस्वहरणसहितको जेल सजाय भोग्नु पर्ने थिएन । सातसालको क्रान्तिमा राणाहरूबाट थीरबम मल्ल मारिनु पर्ने थिएन, सत्र सालपछि रामनाथ दहाल, कृष्ण कुइँकेल, क्याप्टेन यज्ञबहादुर थापा या ऋषि देवकोटा 'आजाद' को हत्या हुने थिएन । त्यसैले अहिलेसम्मको राज्यलाई कुनै जाति विशेषको राज्यकोरूपमा विश्लेषण गर्दै त्यसको विकल्पमा अर्को 'जातीय राज्य' को पैरवी गर्नु इतिहासलाई अपव्याख्या गर्नु हो, वर्तमानलाई सङ्कटग्रस्त र भविष्यलाई अन्धकारमा धकेल्नु हो ।

८. यु.एन.डि.पी.द्वारा प्रकाशित नेपालको मानव विकास प्रतिवेदन-२००९ ले केही नयाँ र महत्वपूर्ण तथ्यहरू सार्वजनिक गरेको छ । यसले स्पष्ट पारेको छ- नेपालको एकीकरणलाई गलत ठहऱ्याउने, मधेसमा 'आन्तरिक औपनिवेशीकरण' गरिएको ठान्ने र मधेस र मधेसीलाई नेपालको सर्वाधिक उत्पीडित क्षेत्र मान्ने मधेसी नेताहरूको दाबी सही होइन । बरु यसका विपरित मानव विकास सूचकाङ्कमा मधेसकै ब्राह्मण, क्षेत्री र कायस्थहरू सबभन्दा माथि रहेका छन् भने मधेसका दलित तथा मुस्लिमहरू सबैभन्दा पुच्छारमा रहेका छन् । त्यसै गरी 'शासक र उत्पीडक' का रूपमा आरोपित ब्राह्मण र क्षेत्री/ठकुरीको वर्चस्व रहेको कर्णाली र सुदूर पश्चिम पहाड मानवीय र भौतिक दृष्टिले सर्वाधिक ठगिएको छ । आदिवासी-जनजातिहरूको अवस्था पनि एकनासको छैन । ती मध्ये कतिपय तुलनात्मक रूपमा माथि छन् भने कतिपयको अवस्था दयनीय छ । त्यसैले अहिले

बहसमा चलेको जस्तो 'मधेस', 'आदिवासी-जनजाति' या 'ब्राह्मण-क्षेत्री' भन्ने सग्लो पदावलिले समस्याको सही चित्रण र समाधान गर्न सक्दैन । वर्गीय दृष्टिले समस्याको समाधान खोजिएन भने मधेसको नाममा उनै अभिजातवर्गीय, सम्भ्रान्त र जमिन्दारहरूले त्यसै गरी लाभ उठाउने छन्, जसरी हिजो पञ्चायत या प्रजातान्त्रिक कालमा उनीहरूले सत्ताको लाभ उठाउन सफल भएका थिए । बिना वर्गीय विश्लेषण 'ब्राह्मण-क्षेत्री-ठकुरी' को अन्ध विरोध गर्ने हो भने ती बाहुन, क्षेत्री या ठकुरी पनि आक्रमणको शिकार हुनेछन्, जो हिजोका दिनमा पनि भारतका गल्ली-गल्लीमा भाँडा माझ्न विवश थिए या देशैभित्र कहालीलाग्दो जिन्दगी जिउन वाध्य थिए । त्यसैले विशुद्ध जातीय या क्षेत्रीय दृष्टिकोणले कुनै जाति या समुदाय विशेषको विरोध गर्नु हानीकारक हुनेछ ।

९. जातीय, भाषिक या सांस्कृतिक पहिचानको प्रश्न अवश्य पनि महत्वपूर्ण छ, तर यो पर्याप्त छैन र यसले सबै समस्याको समाधान दिँदैन । हिन्दु र मुस्लिम पहिचानको सङ्घर्षमा भारत र पाकिस्तानको विभाजन भयो, तर दुबैका समस्या आज पनि उस्तै छन् । त्यति मात्र नभएर पहिले मुस्लिम पहिचानका साथ विभाजन भएको पाकिस्तान पछि भाषिक मुद्दामा आएर विभाजन भयो र बङ्गलादेशको निर्माण भयो । तर खुद बङ्गलादेशमा जातीय, भाषिक र धार्मिक पहिचानका मुद्दा अझै टुङ्गिएका छैनन् । नोबेल पुरस्कार विजेता अमर्त्य सेनले भने झैं मानिसका बहुपहिचान (:गतिष्उभि क्ष्मभलतष्तथ) हुन्छन् । त्यसैले एउटा पहिचानको लागि लड्दा अर्काको पहिचानलाई वेवास्ता गर्ने या समग्र राष्ट्रिय पहिचानलाई वेवास्ता गर्ने कुरा त्रुटिपूर्ण हुन्छ । अहिले उठेका जातीय/क्षेत्रीय मुद्दाले पहिचानको प्रश्नलाई त एकहदसम्म संवोधन गर्ला, तर यसले एकातिर राष्ट्रिय पहिचानलाई खण्डित गर्ने खतरा छ भने अर्कोतिर यसले तत्तत् जाति या समुदायका केही टाठाबाठालाई लाभान्वित गर्दै बहुसङ्ख्यकलाई उपेक्षा गर्ने खतरा पनि विद्यमान छ । समग्र सामाजिक-आर्थिक विकास हुन सकेन भने पहिचानको प्रश्नले मात्रै जनतालाई सन्तुष्ट गर्न सक्ने छैन ।

१०. जातीय पहिचान र जातीय राज्यका प्रश्नलाई छ्यासमिस पारेर हेर्ने पनि प्रवृत्ति देखा परेको छ । अझ कतिपय व्यक्तिमा त निश्चित सङ्घीय इकाइ खास जातीय या भाषिक समुदायको लागि मात्रै हो र त्यहाँ बस्ने अन्य समुदायले त्यहाँ वर्चस्वमा रहेको समुदायको प्रभुत्व र विशेषाधिकार स्वीकारेर बस्नुपर्छ अन्यथा त्यो ठाउँ छाडेर पुर्ख्यौली थलोमा फर्किनु पर्छ भन्ने आग्रह देखा परेको छ, जुन गलत र हानीकारक आग्रह हो । हामीले जातीय, भाषिक र सांस्कृतिक पहिचानको मागलाई संवोधन गर्नैपर्छ, तर त्यस्तो पहिचान सहितका इकाइहरू पनि वहुजातीय र वहुभाषिक नै हुनेछन् भन्ने कुरामा स्पष्ट हुनुपर्छ। अर्को शव्दमा भन्दा ती इकाइहरू 'मिनी नेपाल'को रूपमा रहनुपर्छ । नेपालको विशिष्टतामा निश्चित समुदायको वहुमत सहितका राजनीतिक इकाइ स्थापना गर्न सकिने संभावना धेरै कम छ। कुनै जाति विशेषलाई 'राजनीतिक अग्राधिकार' को नाममा विशेष सुविधा दिने कुराले समाजमा फेरि असहजता र तनाव सिर्जन ागर्न सक्छ। त्यस्तो स्थितिले वहुमतमा रहेको अन्य पक्षलाई नियन्त्रण या विभेद गर्ने अवस्था पैदा गर्न सक्छ र यसले सामाजिक द्वन्द्व र तनाव सृजना गर्ने अवस्था उत्पन्न गर्न सक्छ । यस बिषयमा होसियारी आवश्यक छ ।

११. नेपाल अल्पसङ्ख्यकहरूको राज्य हो । यहाँ १० लाख भन्दा बढी जनसङ्ख्या भएका समूह ६ वटा, ५ लाख देखि १० लाख सम्मका समूह ५ वटा, एक लाख देखि ५ लाख सम्मका समूह २० वटा छन् । १ लाख भन्दा कम र ५० हजार भन्दा बढी जनसङ्ख्या भएको समूह १६ वटा र पचास हजार भन्दा कम हुने ५३ वटा समूह छन् । अर्को ढङ्गले हेर्दा कुल जनसङ्ख्याको १ प्रतिशत भन्दा बढी हुने समूहहरू १८ छन्, जसमध्ये आदिवासी-जनजाति ७ वटा छन् । जातीय या आदिवासी पहिचान नभएका समुदायको निम्ति अलग इकाइ खडा गर्ने प्रश्न एकातिर जटिल र विवादास्पद छ भने अर्कोतिर १ प्रतिशतभन्दा कम जनसङ्ख्याका ८० भन्दा बढी समूहको पहिचान र प्रतिनिधित्व कसरी गराउने भन्ने प्रश्न पनि चुनौतीपूर्ण छ। जातीय पहिचान सहितका राज्य निर्माण सुरु गर्ने हो भने कतिवटा इकाइ बनाउने र अत्यन्त अल्पसङ्ख्यक समुदायले दावा गर्ने अलग इकाइको प्रश्नलाई कसरी संवोधन गर्ने ? एकातिर सबै जातिले आफ्नो पहिचानको खोजी गर्ने अधिकारलाई सम्मान गर्ने र अर्कातिर व्यवस्थापन नै गर्न नसकिने गरी हुन सक्ने इकाइ विस्तारको अन्त्यहीन शृङ्खलालाई कसरी समाधान गर्ने भन्ने प्रश्न माथि गंभीर छलफल अगाडि बढाउनु जरुरी छ ।

१२. राज्यका अङ्गमा न्यायोचित सहभागिताले नीति निर्माण गर्ने स्थानमा जनताको प्रतिनिधित्व सुनिश्चित गराउँछ र उनीहरू र ाजनीतिकरूपले सबल बन्छन् । राजनीतिक अधिकारको प्रत्याभूति बिना लोकतन्त्रको संस्थागत सुदृढीकरण संभव छैन । तर यत्ति मात्रै पर्याप्त छैन । जबसम्म जनताको आर्थिक अधिकार सुनिश्चित हुँदैन र उनीहरू आर्थिक रूपले सम्पन्न हुँदैनन्, तबसम्म उनीहरू सबल बन्न सक्दैनन् र उनीहरूले संविधानले दिएका राजनीतिक अधिकार पनि उपयोग गर्न सक्दैनन् । त्यसैले सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारहरू महत्वपूर्ण छन् । यसका लागि सामन्ती भूस्वामित्वको अन्त्य र वैज्ञानिक भूमिसुधारको प्रभावकारी कार्यान्वयन गर्दै भूमिहीनहरूलाई जमिनको मालिक बनाउनु पर्छ । राष्ट्रिय अर्थतन्त्रको विकास र औद्योगीकरणलाई तीव्रता दिदै रोजगारीका अवसरको विस्तार गर्नुपर्छ र प्रगतिशील कर प्रणाली कार्यान्वयन गर्दै सामाजिक न्याय र सामाजिक सुरक्षाको

प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । यसै सन्दर्भमा स्रोतमाथि समुदायको अधिकारलाई सुनिश्चित गर्नु जनतालाई आर्थिकरूपले सबल बनाउने महत्वपूर्ण माध्यम हो ।

१५. अत्यधिक केन्द्रीकरणको परम्परा रहँदै आएको र त्यसबाट निश्चित वर्गले स्रोत र साधनमाथि वर्चस्व कायम गर्दै आएको हुनाले नेपालमा अझै पनि स्थानीय तहसम्म अधिकार विकेन्द्रित गर्ने, समुदायलाई बलियो बनाउने एवं स्रोत र साधनमाथि उनीहरूको पहुँचलाई सुनिश्चित गर्ने कुरामा नेपालको शासक वर्ग सङ्कीर्ण देखिँदै आएको छ। राज्य पुनर्संरचनाको यो नयाँ वहसमा पनि समुदायको अधिकार सुनिश्चित गर्ने कुरा एकदमै ओझेलमा परेको छ । आखिर किन चाहँदैनन् शासकहरू समुदायलाई अधिकारसम्पन्न बनाउन ? किनभने अधिकार जति केन्द्रित गऱ्यो, त्यति नै आफ्नो वर्चस्व, हैकम र त्यसबापत प्राप्त हुने अनुचित लाभलाई सुरक्षित गर्न सकिन्छ । अधिकार जति केन्द्रित गऱ्यो, जनतालाई त्यत्ति नै आफूप्रति आश्रित, मुखापेक्षी र निरिह बनाउन सकिन्छ । निरिह जनतामाथि आफ्नै प्रभुत्व स्थापित गर्न सजिलो हुन्छ। स्रोत र साधनमाथि पहुँच र स्वामित्व सुनिश्चित भएका समुदाय सचेत, जागरुक र कृयाशील हुन्छन् र उनीहरू गुण दोषको आधारमा शासन व्यवस्थाको मूल्याङ्कन गर्न सक्षम हुन्छन् । अलोकतान्त्रिक शासन व्यवस्थालाई परिवर्तन गर्न उनीहरू सक्छन्। त्यसैले शासकहरू जनतालाई राजनीतिक अधिकार दिन जत्ति अनिच्छुक हुन्छन्, त्यति नै र अझ त्यसभन्दा बढी उनीहरू जनतालाई साधन र स्रोतमाथि अधिकार र पहुँच सुनिश्चित गर्न अनुदार हुन्छन् ।

समाजको यो सामन्ती चिन्तन र संस्कारको प्रभाव, दुर्भाग्यवस, हाम्रा राजनीतिक पार्टीहरूमा पनि परेको छ। औपचारिकरूपमा लोकतन्त्रको भजन गाएर कहिल्यै नथाक्ने र 'जनता' शव्दको उच्चारण दिनमा सयौं पटक गर्ने कतिपय राजनीतिक पार्टीहरू पनि जब जनतालाई साँच्चै अधिकार दिने क्षण आउँछ, अनेकौं बहानाबाजी गर्दै अधिकार केन्द्रीकरणको पक्षमा उँभिन्छन् । त्यसैले स्रोतमाथि समुदायको अधिकारको प्रश्न खालि आर्थिक प्रश्न मात्रै होइन, यो साँचो अर्थमा लोकतन्त्र स्थापित गर्ने कि नगर्ने भन्ने प्रश्न हो र यो राजनीतिक दलहरूको निष्ठाको अग्निपरीक्षा पनि हो ।

१६. नेपालले स्रोतमाथि समुदायको अधिकारको केही सफल उदाहरण प्रस्तुत गरिसकेको छ । सामुदायिक वन त्यसको उत्कृष्ट दृष्टान्त हो । सामुदायिक ग्रामीण विद्युतीकरणले पनि विगत केही बर्षको छोटो समयमै गाउँ-गाउँमा बिजुली पुऱ्याउन, समुदायलाई सकृय बनाउन र चुहावट रोक्दै राजस्व अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ । सिचाइ परियोजनाहरू अर्थात् जलउपभोक्ताहरूका समुदायले पनि उल्लेख्य भूमिका खेलेका छन् । केही अस्पष्टता, भ्रम र द्विविधाका बीचमा पनि समुदायले सञ्चालन गरेका सामुदायिक विद्यालयहरूले उत्कृष्ट नतिजा ल्याउन सफल भएका छन्। समुदायमाथि विश्वास गर्ने हो भने, उनीहरूलाई अधिकार र कर्त्तव्य दुबै कुराले सुसज्जित गर्ने हो भने साधन र स्रोतको दिगो परिचालन र उपयोगको क्षेत्रमा उनीहरूले उत्कृष्ट नतिजा ल्याउन सक्छन् भन्ने कुराको व्यवहारिक परिक्षण भइनैसकेको छ। तर सायद समुदाय बलियो बन्दै गरेको, उनीहरूमा जागरण र दबाबकारी क्षमता अभिवृद्धि हुँदै गरेको र त्यस्ता साधन र स्रोतमाथि कतिपय 'ठालु' हरूको वर्चस्व समाप्त हुँदै गरेको देखेर होला, पछिल्लो समय समुदायका अधिकार कटौती गर्ने शृङ्खला सुरु हुन थालेको छ। सामुदायिक वनमा उपभोक्ता समितिहरूको अधिकार कटौती गर्न तर्जुमा हुँदै गरेको वन ऐनको संशोधन, छुट्टै ऐनमार्फत् सामुदायिक ग्रामीण विद्युतीकरणको कामलाई व्यवस्थित गर्न बर्षौंदेखि उपभोक्ताहरूले उठाउँदै आएको मागलाई उर्जा मन्त्रालय र विद्युत प्राधिकरणले गरेको इन्कारी, सामुदायिक विद्युतीकरणका क्षेत्रमा कटौती गर्दै लगिएको बजेट र सिचाइको क्षेत्रमा पनि समुदायलाई बलियो बनाउन गरिँदै आएको आनाकानी यसका दृष्टान्त हुन् । यस सन्दर्भमा स्रोतमाथि समुदायको अधिकारका लागि लड्दै आएका सबै सामुदायिक संस्थाहरूले फेरि एकपटक सशक्त जनदबाबको अभियान सञ्चालन गर्नु र नयाँ बन्ने संविधानमा ती अधिकारहरूको प्रत्याभूतिका लागि खबर्दारी गर्नु आवश्यक छ।

१७. नयाँ बन्ने संविधानमा स्रोतमाथि समुदायको अधिकारलाई प्रत्याभूत गर्ने प्रयाश गरिएको छ । तर केही अस्पष्टता, केही विवाद र केही भ्रमले यसलाई अप्ठ्यारोमा पारेका छन्। 'आइ.एल. ओ. अभिसन्धी १६९' को हवाला दिँदै कतिपय अधिकारकर्मी र राजनीतिक दलसमेत स्रोतमाथि 'आदिवासी जनजातिको अग्राधिकार ' को पक्षमा तर्क गरिरहेका छन्। नेपालले अनुमोदन गरिसकेको उक्त अभिसन्धीको पालना हुनु पर्ने कुरामा कुनै द्विविधा हुन सक्दैन । यस अन्तर्गत पूर्णरूपले जङ्गलमा आश्रित राउटे र कुसुण्डा जाति र पानीमाथि आश्रित माझी या बोटे जस्ता जातिको जीवनको प्रत्याभूति गर्ने, पूर्वसूचित अधिकारको प्रत्याभूति गर्ने र सम्बन्धित स्रोतबाट प्राप्त लाभमा त्यसमाथि आश्रित समुदायको हक सुनिश्चित गर्ने कुरामा कुनै द्विविधा हुन सक्दैन । तर प्राकृतिक स्रोत र साधनमाथि समुदायको होइन, कुनै जाति विशेषको अग्राधिकार सुनिश्चित गरिनुपर्छ भन्ने तर्क पनि न्यायोचित हुन सक्दैन । नेपाली समाजको बनौट मिश्रित प्रकृतिको छ र स्रोतमाथि पनि कुनै जाति विशेषको होइन, आम समुदायकै पहुँच र अधिकारलाई स्थापित गर्न सक्दा मात्रै आम जनतालाई सबल बनाउन सकिन्छ। 'समुदाय' कि 'आदिवासी' भन्ने विवादले लोकतन्त्रलाई सुदृढ गर्न सक्दैन ।

***

# बिद्युत चोरीका केहि चुनौतीहरु

**-ज्योति बानियाँ**
**(महासचिव उपभोक्ता हित राष्ट्रिय मञ्च)**

हालै भारतको विद्युत चोरी नियन्त्रण कानूनको प्रयोग गर्दै त्यहाँको अदालतले विद्युत चोरीको कसुर लगाई चोरीमा संलग्न भनि आरोपित प्रतिवादी उपर दायर गरेको मुद्दामा अदालतले कुनै जमानी नलिने, धरौटी नलिने केवल थुनामा राखि मुद्दाको पुर्पक्ष गर्ने निर्णय गरेको छ । विद्युत चोरीको कारणले गर्दा महसुल भुक्तान गर्ने उपभोक्ताले विद्युत नपाउने र चोरी गर्नेको विद्युतको महशुल भार समेत भुक्तान गर्ने उपभोक्ताले तिर्नुपर्ने अधिकार लिई गरि एको उल्लेखित फैसलाको व्यापक चर्चा पाएको छ। यस फैसलाबाट दक्षिण एसियामा सबैभन्दा बढी विद्युत चोरी हुने देशको रुपमा चिनिएको भारतमा अब चोरी नियन्त्रण हुने अपेक्षा गरिएको छ ।


चितवनको एक घरमा बिद्युत चोरी गरेको दृश्य

नेपालमा पनि सामुदायिक विद्युत उपभोक्ताले संचालन गरेको विद्युत संरचना बाहेक प्राधिकरणले वितरण गरेको संरचनामा विद्युत चुहावटमा २६.५८ प्रतिशत रहेको छ । नेपालमा विदुत चोरी विद्युतमा कर्मचारीको मिलेमतो विना सम्भव छैन । कर्मचारीले सुरक्षाको कारण देखाई विद्युत चोरीलाई प्रोत्साहन दिइ रहेका छन् तर विद्युत चोरीमा सबैभन्दा बढी भनि देखाइएका क्षेत्रका कार्यालयमा कुनैपनि कर्मचारी सरुवा भई जान मरिहत्ते गर्ने गरेको गुनासो छ । विद्युत हुकिङ्ग गरी चोरी गर्ने कसुरदारले गरेको भनिए पनि, सबैभन्दा बढी मात्रा र परिणामको चोरी उद्योग, कलकारखाना र प्रतिष्ठानबाट हुने गरेकोले ठूलालाई चैन सानालाई ऐन हुन गएको भन्ने पनि सुनिन्छ तर ठूला र साना मात्रा र परिणामका सबै प्रकारका चोरी गर्ने विद्युत चोरहरु हुन् । यी व्यक्तिका कारणले एकातिर अव्यवस्था दण्डहिनता मात्रै बढेको छैन, नेपालमा जे गरेपनि केहि हुँदैन भन्ने सन्देश प्रवाह भईरहेको छ । चोरी कार्यलाई दुरुत्साहन गर्नु र यस्तो प्रवृत्तिलाई सामाजिक तथा आर्थिक अपराधको रुपमा सबैले ग्रहण गरी सामाजिक बहिष्कार गर्नु सबैको दायित्व भएको छ ।

प्राधिकरणले अहिलेपनि विद्युत खरिद सम्झौता गर्दा कानूनका अधिनमा रही गरको पाइदैन । यस्तो सम्झौताले कार्यकारी निर्णयको आधारमा गरेको पाइन्छ । आयत हुने विद्युत खरिदको नाममा आवश्यकताको आधारमा भने कुनै निश्चित शर्त र मापदण्ड विना नै कहिले पावर एक्सचेन्जको दरमा रु ६.३९ र पावर ट्रेनिङको नाममा रु १०.७३ प्रति यूनिट चुहावट समेतको दरमा खरिद गरेको पाइन्छ । यसैगरी स्वदेशी व्यक्तिसँग पनि त्यसैगरी खरिद गरेको पाइन्छ । यही कार्यकारी निर्णयबाट प्राधिकरण भित्रको अस्थायी कर्मचारीतन्त्रले विद्युत खरिद अनुचित रुपमा प्रयोग गरिरहेको गुनासो आएको र खरिद दरकै कारणले प्राधिकरणको खुद नोक्सानीको भार बढीरहेको

पाइएकोले यसलाई विद्युत ऐन २०४९ को दफा ४० बमोजिम विद्युत खरिद नियमावली जारी गरी खरिद शर्त, मापदण्ड र दर नतोकेसम्म यसबाट प्राधिकरणलाई परिरहेको वित्तिय नोक्सानीबाट उन्मुक्ती पाउने देखिदैन् ।

हो नेपालमा विद्युत सेवा उपभोक्ता बीच पुऱ्याउने र सेवाको उत्पादन, प्रशारण र वितरणको सरकारी दायित्व बोकेको प्राधिकरणमा संचित वित्तिय नोक्सानी ११ अर्ब भन्दा बढी भएको देखिन्छ । गत र यस आ.ब. को खुद घाटा पनि ३ अर्ब भन्दा बढीरहेको पाइन्छ ।नेपालमा अहिले पनि विद्युत चोरी नियन्त्रण ऐन २०५८ जारी भएको छ, तर सो ऐनको कार्यान्वयन पूर्ण रुपमा भएको छैन । सो ऐनको दफा ७ ले देहायको काम गरेमा गम्भीर अपराध भनेको छ ।

(१) कुनैपनि व्यक्तिले देहायबमोजिमको कुनै कार्य गरेमा विद्युत् चोरीको कसुर गरेको मानिनेछ ।

(क) उर्जामापक यन्त्रमार्फत बाहेक विद्युत्को अन्य लाइनबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा विद्युत्को लाइन तानेमा वा जडान गरेमा,

(ख) वितरकको स्वीकृतिविना सडक बत्ती वा अन्य प्रयोजनको लागि विद्युत्का् लाइनबाट विद्युत्को लाइन तानेमा वा जडान गरेमा,

(ग) ऊर्जामापक यन्त्रमार्फत घर वा भवनमा विद्युतको आपूर्ति गर्न निर्धारित प्रविधिबाहेकको अन्य प्रविधि अपनाएमा,

(घ) एउटा ऊर्जामापक यन्त्रको पोलरिटी उल्टो पारी त्यसबाट फेज र अर्को ऊर्जामापक यन्त्र वा अर्थबाट न्युट्रल लाइन लिएमा,

(ङ) ऊर्जामापक यन्त्रमा कुनै पदार्थ घुसाएमा वा अन्य कुनै तरिकाबाट ऊर्जामापक यन्त्रको डिस्कको सामान्य परिचालनमा अवरोध खडा गरेमा,

(च) टर्मिनल लिङ्क खोलेमा,

(छ) वितरकको तर्फबाट ऊर्जामापक यन्त्रमा लगाइएको टर्मिनल वा टेष्ट सिल तोडेमा, नासेमा, बिगारेमा वा नक्कली टर्मिनल टेष्ट सिल प्रयोग गरेमा,

(ज) ऊर्जामापक यन्त्र तोडी, नासी, बिगारी वा अन्य कुनै किसिमले क्षति पुऱ्याएमा वा सामान्य परिचालन हुन नसक्ने गरी असक्षम बनाएमा,

(झ) ऊर्जामापक यन्त्र राख्ने बाकसको सिल नभएको वा भए तापनि वितरकको छाप नलागेको वा वितरकको बाहेक अरु कसैको छाप लगाएको वा त्यस्तो सिल बिगारेमा,

(ञ) सी.टी. वा पी.टी. वा दुबैको सिल बिग्रेको, पोलारिटी उल्टो वा फरक भएको वा कनेक्सन छुट्टयाइएको,

(ट) खण्ड (क) देखि (ञ) सम्म उल्लिखित अवस्थामा बाहेक विद्युत् शक्तिको चोरी गर्ने अन्य कुनै तरिका अपनाएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा प्राविधिक जाँचबुझ हुँदा ग्राहक वा उपभोक्ताको तर्फबाट नभई अन्य कुनै प्राविधिक कारण वा भवितव्यबाट ऊर्जामापक यन्त्र बिग्रिएको देखिएमा कसुर गरेको मानिने छैन ।

उल्लिखित कसुर गरेमा तीन तहको सजायको व्यवस्था गरेको छ । पहिलो प्राधिकरणले अनुसन्धान अधिकारी तोक्ने र सो अनुसन्धान अधिकृतले सर्जमिन मुचुल्का तयार गरी र हानीको मुल्यांकन गर्नुपर्ने त्यसरी गरेको हानी नोक्सानी र तोकेको क्षतिपूर्ति कसुर गर्ने व्यक्तिले बुझाउनु पर्ने व्यवस्था गरेको छ । प्राधिकरणबाट खटि जाने अनुसन्धान अधिकारी अधिकांश कर्मचारी हुने र कर्मचारीहरु जोखिम मोल्न नचाहने प्रवृत्तिका देखिएका हुँदा चोरी नियन्त्रण कानूनले काम गर्न सकेको छैन । यस्तो शुरु तहबाट नै प्रभावित तथा असुरक्षित हुने प्रकृतिको अनुसन्धान अधिकृतले क्षतिपूर्ति हानी आदि तोक्ने व्यवस्था अन्य कानूनमा नभएकोले पनि र कानूनको मान्य सिद्धान्तका आधारमा कुनै कसुरको अनुसन्धान गर्नेले, मुद्दा दायर र मुद्दाको अन्तिम किनारा वा





**नेपाल विद्युत प्राधिकरण सर्लाही शाखाले विद्युत चोरीमा प्रयोग भएका सामाग्री जफत गरेको दृश्य**

निर्णय गर्ने अधिकारलाई स्वीकार्य मान्न नसकिने हुँदा यहिँ आधारमा पनि विद्युत चोरी नियन्त्रणमा बाधा पुगेको देखिन्छ।

चोरी नियन्त्रणका लागि राखिएको अर्को व्यवस्था अनुसन्धान अधिकारी दिएको निर्णय उपर प्राधिकरणमा पुनरावलोकन गर्ने रहेको छ । तर प्राधिकरण सेवा प्रदान गर्ने निकाय भएकोले यस्तो निकायले पुनरावलोकन गर्ने तथा प्राधिकरणको हालको संरचना अनुसार उर्जामन्त्री अध्यक्ष र कार्यकारी निर्देशक मन्त्री परिषद्ले मनोनयन गर्ने र अन्य सदस्य राजनैतिक नियुक्ती तथा सरकारी कर्मचारी भएकोले त्यस्तो संरचनाबाट विद्युत चोरीको नियन्त्रण र नियमनको अपेक्षा गर्न सकिदैंन ।

तेश्रो तहमा अनुसन्धान अधिकारी र प्राधिकरणलाई चित्त बुझाउन नसकेको विद्युत चोरीको आरोप लागेको व्यक्तिलाई मात्र अनुसन्धान अधिकारीले जिल्ला अदालतमा मुद्दा दायर गर्ने हालको व्यवस्थाले गरेको छ। यस्तो कानूनी व्यवस्थाले गर्दा विद्युत चोरी नियन्त्रण होइन, प्रोत्साहन दिएको पाइन्छ। विद्युत चोरी जस्तो गम्भीर सामाजिक तथा आर्थिक अपराधलाई सरकारवादी भइ सोझै अदालतमा मुद्दा चलाउनु पर्ने र विद्युत प्राधिकरणले कार्ययोजना पेश गर्न लगाई चोरी नियन्त्रण गर्नलाई प्राथमिकता दिनुपर्ने र कर्मचारीको सहयोगले उद्योग प्रतिष्ठान र कलकारखानामा भएको चोरीलाई नियन्त्रण नदिने हो भने विद्युतमा गाउँले मात्र भनेर शहर तथा ठूलाबडाहरु साधु भइरहने खतराको विद्यमानता भइरहन्छ ।

दक्षिण एसियामा विद्युत चोरीलाई सामाजिक र आर्थिक अपराध मानि कडा कानुन जारी भइरहेको पाइन्छ । विशेष गरी उपभोक्ता संस्था तथा सामुदायिक संघ संस्थालाई चोरी विरुद्ध अभियान गर्न जिम्मा दिएको देखिन्छ, तर सरकारले प्राधिकरणले यस्तो कार्य गर्न कसैलाई जिम्मा दिएको पाइदैन। त्यसैले अहिले सामुदायिक संस्थाले जिम्मा लिएको ठाउँमा विद्युत चोरी नहुने विद्युत प्राधिकरणले जिम्मा लिएको ठाउँमा उसकै कर्मचारीको मिलेमतोमा विद्युत चोरीले सधै निरन्तरता पाइरहने हुँदा यसतर्फ सम्बन्धित निकायको ध्यान दिनु जरुरी देखिन्छ ।

# ग्रामीण विकासमा बिद्युतीकरणको महत्व



नारायण प्रसाद ज्ञवाली

नेपालमा करिब ४१ लाख घरधुरीमा मानिसहरु बसोबास गर्दछन्। त्यसमध्ये झण्डै २५ लाख घरधुरी ग्रामीण क्षेत्रमा पर्दछ । हाल सम्म नेपालमा करिब १७ लाख ५० हजार घरधुरीमा बस्ने नेपालीले बिजुलीको सेवा प्राप्त गरेकाछन । त्यसमध्ये ग्रामीण क्षेत्रमा करिब ४ लाखको हाराहारीमा मात्र बिजुलीको सेवा लिईरहेको अवस्था छ । ग्रामीण क्षेत्रलाई मात्र हेर्दा झण्डै ८४ प्रतिशत ग्रामीण बस्तिका मानिसहरु बिजुलीबाट बञ्चित छन् । अझैपनि ग्रामीण बिद्युतीकरण बिकासको लागि ठोस निति बन्न सकेको छैन ।

प्राकृतिक श्रोतको हिसाबले सम्पन्न हाम्रो देश नेपालमा ६ हजार भन्दा बढि नदीनालाहरुछन् । ती नदीनालाहरुबाट आर्थिक रुपले ४३ हजार मेगावाट बिजुली उत्पादन गर्न सकिने अबस्था छ । नेपालमा भएको अपार जलश्रोतको सही उपयोग गरेमा यसको दुई गुणासम्म सजिलै बिद्युत उत्पादन गर्न सक्ने अवस्था छ । नेपालमा भएको साधन र श्रोतलाई उपयोग गर्दै गाउको बिकासको लागि बिद्युतीकरण गर्ने योजना खासै बनेको छैन । साथै ग्रामीण बिद्युतकरण कार्यक्रम सरकारको प्राथमिकतामा परेको छैन । बिक्रम सम्बत १९६८ सालको राणाकालिन समयबाट शुरु भएको बिद्युत उत्पादनको समय आज १०० बर्ष पुगि सक्दापनि उत्पादनमा खासै प्रगती भएको छैन । नेपालमा योजनाहरु धेरै बनेकाछन् तर योजनाले लक्ष हासिल गर्न सकिरहेको छैन । हालसम्म दशौ पञ्चबर्षिय योजनाको कार्यान्वयन पछि तिनबर्षे अन्तरीम योजना चालु अवस्थामा छ तर कुनै पञ्चवर्षिय योजनाहरु सन्तोषजनक लक्षमा पुग्न सकेका छैनन् । यो अवधिमा ग्रामीण क्षेत्रमा बिद्युत सेवा पुग्नु त कता हो कता अझै नेपाली जनताले ग्रामीण क्षेत्रमा केहि वर्ष सहजै बिद्युत प्राप्त गर्न सक्ने अवस्था छैन । नेपालमा २००७ सालमा राणा शासनको अन्त्य भई प्रजातन्त्र आएपछि बि.सं.२०१२ साल सम्म बिद्युत उत्पादनको ३४ बर्षको अवधिमा जम्मा १.१ मेगावाट बिद्युत उत्पादन भएको थियो । जुन समयमा जनताका सुबिधाका लागि बिकासको कुरा सरकारको प्राथमिकतामा नै पर्दैनथ्यो । प्रजातन्त्र प्राप्ति पश्चात अन्तरीम समयमा २०१३ देखि २०१८ सम्मको प्रथम पन्चबर्षिय योजनामा २० मेगावाट बिद्युत उत्पादन गर्ने लक्ष राखियो तर पहिलो गासमै ढुङ्गा भनेझै सो अवधिमा १ प्रतिशत पनि लक्ष पुराहुन सकेन । साथै सोहि अवधिमै राजाबाट प्रजातन्त्रमाथि हस्तक्षेप गरी २०१७ सालमा पञ्चायती व्यवस्थाको शूरुआत भयो । त्यसपछि पञ्चायती व्यवस्थाको सरकारले २०१९देखि २०२२ सम्मको दोश्रो पन्चबर्षिय योजनाको लक्ष २२ मेगावाट भएकोमा २.४ मेगावाट ,२०२३ देखि २०२७ सम्मको तेश्रो पन्चबर्षिय योजनाको लक्ष ६० मेगावाट भएकोमा ०.२ मेगावाट, २०२८ देखि २०३२ सम्मको चौथो पन्च बर्षिय योजनाको लक्ष ४०.३ मेगावाट भएकोमा ११ मेगावाट,२०३३ देखि२०३७ सम्मको पाचौ पन्च बर्षिय योजनाको लक्ष ५९ मेगावाट भएकोमा १५ मेगावाट,२०३८ देखि २०४२ सम्मको छैठौं पन्चबर्षिय योजनाको लक्ष १४५ मेगावाट भएकोमा ७५.६ मेगावाट, २०४३ देखि २०४७ सम्मको सातौ पन्चबर्षिय योजनाको लक्ष १०७ मेगावाट भएकोमा १०.१ मेगावाट मात्र बिद्युत उत्पादन भएको छ । नेपालमा बहुदलिय प्रजातन्त्रको पुनस्थापनापछि २०४९ देखि २०५४ साल सम्मको आठौ पन्चबर्षिय योजनाको लक्ष ३२०.३ मेगावाट बिद्युत उत्पादन गर्ने भनिएकोमा २०.६ मेगावाट, २०५५ देखि २०५९ साल सम्मको नवौ पन्चबर्षिय योजनामा बिद्युत उत्पादनको लक्ष ५८० मेगावाट भएकोमा नेपालको सबैभन्दा ठुलो कालि गन्डकि ए जलबिद्युत परीयोजनाले

१४४ मेगावाट बिद्युत उत्पादन गर्दा २६०.२ मेगावाट बिद्युत उत्पादन गरि पन्चबर्षिय योजनामा भने लक्षको नजिक पुगेको देखिन्छ। देशमा सरकारको अस्थिरता ,स्थानिय जनप्रतिनधिबिहिन अवस्थामा २०६० देखि २०६४ साल सम्मको नेपाल सरकारको दशौ पन्चबर्षिय याजनाको लक्ष ३१५ मेगावाट भएकोमा ४१.२ मेगावाट र गणतन्त्र पछि २०६५ देखि २०६७ सम्मको त्रीबर्षिय अन्तरिम योजनामा २११५ मेगावाट बिद्युत उत्पादन गर्ने लक्ष रहेकोमा ७० मेगावाट मात्र बिद्युत उत्पादन भएकोछ । यसरी राणा सरकार, प्रजातन्त्र, पन्चायती व्यवस्था , बहुदलिय प्रजातन्त्र, राजाको प्रत्यक्ष शासनकाल, लोकतान्त्रीक काल र अहिलेको गणतान्त्रीक व्यवस्थामा सरकारले राखेको लक्ष कुनै व्यवस्थामा पनि पुराहुन सकेका छैनन् । त्यसैले योजना बन्नुभन्दा पनि बनेका योजनाहरुले कति लक्ष हासिल गर्न सके वा सकेनन् ? लक्ष हासिल गर्न नसक्नुको कारण केहो ? समिक्षा हुन आवश्यक छ। बि. सं. १९६८ सालबाट शुरु गरिएको बिद्युतको उत्पादन १०० बर्षको अबधिमा पुग नपुग ७०० मेगावाट बिद्युत शक्तिको उत्पादन क्षमता भनिएता पनि कुल क्षमताको ७० प्रतिसत मात्र बिद्युत उत्पादन भएकोछ। जसका कारण नेपाली जनताले लामो लोडसेडिडको मार खेप्नु परेकोछ। प्राकृतिक श्रोत अन्तर्गत जलश्रोतमा सम्पन्न देश नेपालमा जलश्रोतको उचित व्यवस्थापन नहुनु र ग्रामीण बिद्युतीकरण सरकारको प्राथमिकतामा नपर्नुले पनि नेपालको ग्रामीण क्षेत्र बिकासमा पछि परेको हो। सरकारले बिषय बिज्ञको सहयोगमा मिहेनत गरेर योजना बनाउछ तर योजनाको लक्षलाई माथिको तथ्यांक अनुसार कहिले पनि पुरा गरेको पाइदैन जसका कारण ग्रामीण क्षेत्रको बिकास कल्पनामा मात्र सिमित भएकोछ । नेपाल भौगोलिक हिसाबले गाउ नै गाउले भरिएको देश हो । गाउको बिकास बिना समग्र नेपालको बिकास हुन सक्दैन त्यसैले गाउको बिकास गर्नको लागि ग्रामीण बिद्युतीकरण नै बिकासको सबैभन्दा बलियो औजार हो। जुन ठाँउमा बिजुली पुग्छ त्यो ठाँउमा बिजुली संगै धेरै बिकासका आधारहरु तयार हुन्छन् साथै थुप्रै बिकासका सम्भाबनाहरु संगै जान्छन । यसकारण पनि ग्रामीण क्षेत्रको बिकासको लागि सरकारले ग्रामीण बिद्युतीकरणलाई प्राथमिकता दिई कार्यक्रम बनाउनु पर्दछ ।



सरकारले ग्रामीण बिद्युतीकरण वा समग्र बिद्युत व्यवशाय सञ्चालन नेपाल बिद्युत प्राधिकरण मार्फत गर्दै आएकोछ । नेपाल बिद्युत प्राधिकरण एक व्यापारीक संस्था भएकोले हरेक कार्यक्रमलाइ प्राधिकरणले नाफा घाटाको रुपमा हेरी कार्यक्रमको तर्जुमा गर्दछ । ग्रामीण बिद्युतीकरण नाफा नआउने कार्यक्रम भएकोले ग्रामीण बिद्युतीकरण नेपाल बिद्युत प्राधिकरणको प्राथमिकतामा पर्ने कुरै भएन। जसका कारण ग्रामीण क्षेत्र बिकासका हिसाबले पछाडी परेको हो। ग्रामीण क्षेत्रमा बस्ने नेपाली जनताको आधारभुत बिकासमा ध्यान दिने दायित्व सरकारको हुने हुदा ग्रामीण बिद्युतीकरणका लागि सरकारले ठोस कदम चाल्न अनिबार्य छ। यहि कार्यक्रमको कदम स्वरुप नेपालमा सरकारले ग्रामीण बिद्युतीकरण कार्यक्रमका लागि जन सहभागितामा आधारित सामुदायिक ग्रामीण बिद्युतीकरण कार्यक्रम शुरु गरेकोछ । हालसम्म सरकारको तर्फबाट तिन अरब पचास करोड भन्दा बढि रकम बिनियोजन भएको छ भने उपभोक्ताको तर्फबाट सत्तरी करोड भन्दा

बढि रकम लगानी भएकोछ । नेपालमा ग्रामीण बिद्यतीकरणको बिकासलाई हेर्दा २०६० सालबाट शुरु भएको कार्यक्रम हालसम्मको ग्रामीण बिद्युतीकरणको सबैभन्दा ठुलो उपलब्धि सहितको कार्यक्रम हो । यो कार्यक्रमबाट ४६ जिल्लाका १ लाख ७० हजार उपभोक्ताले सामुदायिक बिद्युतको सुबिधा प्राप्त गरिसकेकाछन् भने निर्माण कार्य भइरहेका संस्थाको कार्य सम्पन्न पछि यो बर्ष मात्रै थप तिस हजार घरमा बिद्युत सुबिधा पुगि करिब दुईलाख उपभोक्ताले सामुदायिक बिद्युतको सेवा लिनेछन् ।

बिद्युत एक भरपर्दी उर्जाको श्रोत भएतापनि श्रोतको उचित व्यवस्थापन नहुदा उर्जा खरिदमा बार्षिक पचिस अरब भन्दा बढि रकम बिदेसिने गरेकोछ । परम्परागत श्रोतबाट अत्याधिक उर्जाको खपत हुने र पेट्रोलियम पदार्थबाट हुने उर्जा खपतका अतिरिक्त २ प्रतिसत पनि बिद्युतबाट उर्जा खपत भएको छैन । नेपालबाट उर्जाको खरिदमा बिदेशिने गरेको रकमलाई स्वदेशमै परिचालन गर्न बिद्युत उत्पादनमा बृद्धिगरी उर्जाको खपतमा बिद्युतलाई प्रयोग गर्नु नितान्त आवश्यक भएको छ । नेपालबाट बिदेसिने मुद्रा र बिदेसिने जनशक्तिलाई यहि देशको बिद्युत बिकासमा प्रयोग गर्ने वातावरण बनाएमा रोजगारी तथा नेपालको अर्थतन्त्र बलियो हुने र पेट्रोलियम पदार्थ लगायत भारतबाट महंगो बिजुली किनेर नेपालमा बितरण गर्दा प्राधिकरणमा हुने घाटालाई पनि न्युनिकरण गर्नुका साथै ग्रामीण बिद्युतीकरणको पनि बिकास गर्न सकिन्छ ।

सामुदायिक ग्रामीण बिद्युतीकरण कार्यक्रमबाट ग्रामीण क्षेत्रमा बिद्युत बिस्तार भएपछि चौतर्फी बिकासको ढोका खुलेको छ । जसबाट आर्थिक, सामाजिक , शैक्षीक र वातावरणीय सुधारमा ठुलो प्रभाव परेकोछ । बिद्युत बिस्तार भएको क्षेत्रमा बिजुली, उज्यालो, निरोगिता, सुख, समयमा बचत भएकोछ । बिभिन्न उपकरणको प्रयोग गरिएकोछ जस्तै कुटानी पिसानी, घाँसकाट्ने मेसिन, पानी तान्ने मटर, फोन, फोटोकपि, फ्याक्स, कम्प्युटर, इमेल इन्टरनेट समेतको पहुच, बिश्व दुनियाको बारेमा घरमै बसेर जानकारी, गतिशिल समाज, द्रुतगतिमा बिकास बसाई सराईमा न्युनिकरण जस्ता सामाजिक बिकास भएकाछन । यसैगरी व्यवशायिक कृषि प्रणाली , कच्चा पदार्थमा आधारीत व्यवशाय, रोजगारीका अवसर, घरेलु उद्योग धन्दामा भारी बृद्धि, बिभिन्न आय आर्जनका उपायको खोजि, स्वदेशी उर्जा उपयोग, बिदेसिने मुद्रा सञ्चित, बिभिन्न इलोक्ट्रोनिक तथा इलेक्टीकल पसल आदिमा बृद्धिभई आर्थिक बिकास भएकोछ । यस्तै लेखपढ गर्न उज्यालो, सफा वातावरण, इलेक्ट्रोनिक उपकरणबाट शिक्षाआर्जन ,सुचना प्रणालीको बिकास, प्राबिधिक शिक्षामा जोड जस्ता थुप्रै शैक्षीक बिकासहरु भएकाछन् । वातावरणको क्षेत्रमा वन बिकास, आगलागी न्युनिकरण, हरियाली र प्रकोप नियन्त्रण, सरसफाई , शान्त ,कम प्रदुषण हुदा वातावरणमा प्रत्यक्ष प्रभाव परेकोछ । यसरी देश बिकासको मेरुदण्ड सामाजिक, आर्थिक, शैक्षीक र वातावरणीय बिकासको लागि एक मात्र भरपर्दो माध्यम ग्रामीण बिद्युतीकरणभएकोछ । ग्रामीण बिद्युतीकरण कार्यक्रमलाई ब्यवस्थित गरी प्राथमिकताकासाथ बिद्युतीकरण गर्न सरकार तथा सम्वद्ध पक्षको ध्यान जान नितान्त आवश्यक छ ।

## विद्युत बचत - राष्ट्रिय आवश्यकता

**विद्युत बचत गर्नु विद्युत उत्पादन गर्नु सरह हो ।**

**विद्युत चोरी गर्नु कानूनी तथा सामाजिक अपराध हो ।**

**विद्युत चोरी नियन्त्रणमा नेपाल विद्युत प्राधिकरणलाई सहयोग गरौं ।**

**विद्युत चोरी गर्नेलाई सामाजिक वहिस्कार गरौं ।**

**विद्युत चोरीको सूचना दिनेलाई पुरस्कारको व्यवस्था छ ।**

# SWOTing Community Based Rural Electrification (CBRE) & The ROAD AHEAD



ABHISHEK ADHIKARY*
abhishekadhikary@hotmail.com

Rural electrification is the basis to realize rural modernization. By promoting rural electrification we can stimulate agricultural production; experience rural economic boom which yields in better living condition of the rural population. This also helps in reducing the adverse consequences of rural-urban migration enabling improved literacy rates and promotes 'political stability'. In addition, electricity can be used not only for lighting and household purposes, but also for mechanization of many farming operations & establishment of small cottage industries which allows for greater productivity at reduced cost. Moreover, significant improvement in Human Development Index(HDI) can be achieved with marginal increase in electricity use.1

In Nepal, although the pace of rural electrification has been constrained by limited financial and technical resources, it alone can't be held responsible. The prevailing top down supply driven rural electrification with more emphasis on generation and transmission, concentrated to distribute power in densely populated areas than supply electricity to maximum number of rural population in remote areas where load is scarcely located has led to underutilization of large asset of the nation – the rural manpower.

In order to cope with this problem, the concept of community based rural electrification(CBRE) came into existence. In, CBRE with communities being involved, the consumers will have a sense of ownership as the cost of project is financed by both the government and the community. In addition, this program follows a bottom up approach, where all the decisions are taken by community members in a democratic way, which is considered to be one of the fundamental reasons behind the apparent success of this approach of rural electrification in some developing countries.




**Fig: SWOT Analysis**

SWOT analysis is a strategic planning method used to evaluate the Strengths, Weaknesses, Opportunities, and Threats involved. The technique is credited to Albert Humphrey. The SWOT analysis of CBRE is presented below:-

**Strengths[2]**

1. Voluntary and Open Membership
   Cooperatives are voluntary organizations, open to all persons able to use their services and willing to accept the responsibilities of membership, without gender, social, racial, political or religious discrimination.
2. Democratic Member Control
   Cooperatives are democratic organizations controlled by their members, who actively participate in setting their policies and making decisions. The elected representatives are accountable to the membership. Also, members have equal voting rights (one member, one vote).
3. Member Economic Participation Members contribute equitably to, and democratically control, the capital of their cooperative, which helps in generating sense of ownership among members and collection of due bills in time.
4. Autonomy and Independence Cooperatives are autonomous, self-help organizations controlled by their members. If they enter into agreements with other organizations, including governments, or raise capital from external sources, they do so on terms that ensure democratic control by their members and maintain their cooperative autonomy.

[1] Multi-Generation Concentrating Solar-Hydrogen Power System for Sustainable Rural Development – paper by Anjane Krothapalli & Brenton Greska of Sustainable Energy Science & Engineering Center, Florida State University
[2] Rochdale Principles(1966)

5. Education, Training and Information Cooperatives provide education and training to their members, elected representatives, managers and employees so they can contribute effectively to the development of their cooperatives.
6. Cooperation among Cooperatives Cooperatives serve their members most effectively and strengthen the cooperative movement by working together through local, national, regional and international structures; this helps in creating synergy for a common cause.
7. Concern for Community While focusing on member needs, cooperatives work for the sustainable development of their communities through policies accepted by their members; this aids in united approach to loss reduction.

Weaknesses:-

1. The 20 percent of total estimate to be financed by the cooperative is beyond reach of some cooperatives.
2. With lack of basic infrastructures like road; which disables them of access to the nearby market; the program is not financially viable for many rural population who opt to form cooperatives for the service.
3. Per capita consumption of consumers is very low as most of the consumers are the ones who consume the minimum allocated energy of 20 Kwh per month.

**Opportunities:-**

1. Rural economy is brought to the mainstream economy CBRE gives opportunity for largely underutilized rural economy to be part of the mainstream economy of the nation, thus helping in enhancement of economic condition of the country.
2. More than half the population of Nepal with virtually no access to electricity With more than half the population without access to electricity, CBRE has a great opportunity to explore rural market.
3. Eagerness on part of prospective consumers With urban migration, rural population have been exposed to use and benefits of electricity; which has created eagerness among them.
4. Other programs of rural electrification are relatively dormant With budget from the government being available once cooperatives provided their stake, CBRE has an opportunity of surpassing other programs of rural electrification.

**Threats:-**

1. The program in the long run will not be economically feasible if the electricity is only used for lighting purpose.
2. Ample possibility of communities being politicized for the wrong reason.
3. Ever escalating project cost with high inflation.
4. Nepal Electricity Authority buys electricity at higher price than it sells to the communities.
5. Virtually no or marginal profit of the cooperatives.
6. Technical & managerial skills of the cooperative operators still need a great deal of enhancement.

**ROAD AHEAD:-**

· Energy is nucleus of overall poverty in the rural areas of developing countries. The low consumption of energy has not been able to change dependence on subsistence farming & has thus not created enough job opportunities in the rural areas to ameliorate poverty. To increase energy consumption people have to be encouraged to change their livelihood from subsistence farming to tourism, processing & value addition of herbs and other agricultural/ horticultural products. In addition, small cottage industries which would encourage locally available raw materials should be encouraged .

· To reduce increment in energy bills for added consumption, a program on CFL and other energy saving devices have to be introduced.

· Its high time to quantify changes CBRE has brought to rural households; parameters like average annual income; average annual expenses in education; average annual health care expenditure; adult literacy rate; overhead cost per household & per capita consumption have to be calculated and used to compare changes facilitated by CBRE programs.

· As of now we have been completely hydro-centric when it comes to electricity generation for CBRE; in some remote areas where access of grid may be very expensive, other alternatives of renewable energies should be looked upon for optimal selection of energy resources for that specific location.

Although, CBRE has gathered pace, until & unless electricity provided by this program is not used for productive purpose and is just limited to domestic lighting, it can not be sustainable; giving ample space for critics to question huge investment on part of the government. Thus, a meticulous research focused at analyzing implementation opportunities of sustainable CBRE optimizing local resources should be exercised.

# सहकारी ऐन, २०४८ : एक समीक्षा :



– मान बहादुर अर्याल

**१. ऐतिहासिक पक्ष :**

नेपालमा सहकारी कानूनको इतिहांस धैरै लामो छैन । सहकारी संस्था ऐन, २०१६ प्रारम्भ पछि मात्र सहकारी कानूनको इतिहास विधिवत रुपमा शुरु भएको हो । यद्यपि वि.सं. २०१३ सालमा नेपाल सरकारको कार्यकारणी आदेशद्वारा ऋण सहकारी संस्थाहरुको गठन भई सकेको थियो । सहकारी संस्था ऐन, २०१६ ले प्रदान गरेको अधिकार अन्तर्गत रही नेपाल सरकारले सहकारी संस्था नियमहरु, २०१८ बनाई लागू गरयो । सहकारी संस्था ऐन तथा नियमहरु समय समयमा संशोधन र परिमार्जन हुंदै वि.सं.२०४१ सालसम्म लागू रहे । नेपालको संविधान २०१९ को तेश्रो संशोधनद्वारा "देशको आर्थिक उन्नतीमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि वर्ग वा व्यक्तिद्वारा अन्य कुनै वर्ग वा व्यक्तिमा अनुचित आर्थिक दवाव हुन नदिने र नेपाली जनजीवनका सबै क्षेत्रबाट निजी उद्योगको रुपमा लगानी गर्न प्रोत्साहन दिई साझा संस्थाहरुलाई नेपालको उद्योग तथा व्यापार नीतिको आधारशिलाको रुपमा स्थापना गर्न त्यस्ता साझा संस्थाहरुलाई सर्वसाधारण जनताको उद्योग व्यवसायको रुपमा विकसित गराई आर्थिक लाभ र सुविधा उपभोग गर्न पाउने गरी प्रोत्साहन गर्ने व्यवस्था समेत गर्नु पन्चायत प्रणालीको आर्थिक लक्ष्य हुने" भनी सहकारी अभियानलाई संवैधानिक मान्यता प्राप्त भएपछि सो अनुरुप अभियानलाई गति दिन सहकारी संस्था ऐन, २०१६ खारेज गरी साझा संस्था ऐन, २०४१ प्रारम्भ भयो । यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वि.सं २०४८ साल सम्म क्रियाशिल रह्यो ।

सहकारी अभियानको ३५ वर्षको अनुभवले सरकारको नियन्त्रण र निर्देशनमा गठीत र संचालित सहकारी अभियानले अपेक्षित उपलव्धी हासिल गर्न नसकेको कुरा उक्त अवधीमा संचालित सहकारी संघ संस्थाहरुको अवस्थाबाट प्रमाणित भयो । वि.सं.२०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात नेपालको सहकारी अभियानलाई नयां ढंगले सोचिन थाल्यो र नयां सोचको परिणाम स्वरुप सहकारी ऐन, २०४८ को निर्माण भई हाल कार्यान्वयनमा रहेको छ । केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ र सहकारी (पहिलो संशोधन) ऐन, २०५७ बाट सहकारी ऐनको दुई पटक संशोधन भई सकेको छ । यस ऐनले नेपालको सहकारी अभियानलाई स्वायत्त र स्वशासित ढंगले अघि बढाउने र त्यसमा सरकारले प्रवर्द्धनात्मक भूमिका निर्वाह गर्ने भन्ने आधारभूत सीमा रेखा निर्धारण गरेको छ । यस लेखमा सहकारी ऐन, २०४८ का विशेषता तथा कमजोरीहरु समेट्न खोजिएको छ ।

**२. विशेषताहरु :**

सहकारी ऐन, २०४८ मा निम्न बमोजिमका विशेषताहरु रहेको छन् :-

(क) सरल दर्ता प्रकृया : सहकारी सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुर्‍याउने उद्देश्यले कम्तीमा २५ जना व्यक्तिहरु मिलि प्रारम्भिक सहकारी संस्था गठन गर्न सकिन्छ । संस्था दर्ताको लागि सदस्यहरुले कुनै खास किसिमको दस्तुर बुझाउनु पर्दैन भने यत्ति नै शेयर पूंजी हुनुपर्छ भन्ने वाध्यात्मक व्यवस्था नभएकोले सदस्यहरुले आफ्नो आवश्यकता र हैसियत अनुसारको शेयर पूंजी संकलन गरी संस्था दर्ता गर्न सक्छन । यसले सहकारी संस्थाहरुको दर्ता प्रकृयालाई सरलीकृत गरेको छ ।

(ख) सिमित दायित्वको सिद्धान्त : सहकारी ऐन, २०४८ ले सिमित दायित्वको सिद्धान्तलाई स्वीकार गरेको छ । ऐनको दफा ८ ले संस्था वा संघको दायित्व सिमित हुने व्यवस्था गरेको छ । यसको अर्थ कुनै सदस्यले आफूले लिएको वा लिन कवूल गरेको शेयर रकम सम्म मात्र सो सदस्यले दायित्व पूरा गर्नुपर्ने हुन्छ भन्ने हो । यसले सहकारी संस्थाका सदस्यहरुको हितलाई संरक्षण गरेको छ ।

(ग) स्वशासित संगठन : सहकारी संस्था वा संघ अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो । सबै कामको निमित्त यसको आफ्नो एउटा छुट्टै छाप रहेको हुन्छ । यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न समेत पाउंछ । सहकारी ऐन र नियमावलीको अधीनमा रही संस्था वा संघले कार्य संचालन गर्न विनियम बनाउछन् । यसरी बनाईएको विनियम रजिष्टरबाट स्वीकृत भएपछि मात्र लागू हुन्छ । रजिष्टरबाट स्वीकृत विनियम

बमोजिम संस्था वा संघको संचालन तथा व्यवस्थापन हुने गर्दछ । यसरी सहकारी ऐनले सहकारी संघ संस्थालाई स्वायत्तता प्रदान गरेको छ ।

(घ) सदस्यहरुका वीच समानता : सहकारी सिद्धान्तको मूल मर्म नै सहकारीका सदस्यहरुका वीच समानता हो । कम्पनीमा जस्तो शेयर पूंजी लगानीका आधारमा संचालनमा सदस्यहरुको प्रभुत्व सहकारीमा रहँदैन । सहकारी ऐनको दफा २३ को उपदफा (३) मा "संस्थाले शेयर विक्री गर्दा एकै व्यक्ति वा संस्थालाई कूल शेयर पूंजीको २० प्रतिशत भन्दा बढी शेयर विक्री गर्न नपाईने " व्यवस्था र दफा २३ को उपदफा (४) मा भएको सदस्यले जतिसुकै शेयर खरीद गरेको भएपनि संस्था वा संघको कार्य संचालनमा एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन पाउने व्यवस्थाले सहकारीमा सदस्यहरुका वीचको समानतालाई स्वीकार गरेको छ ।

(ङ) निर्वाचित संचालक समिति : प्रत्येक सहकारी संघ संस्थामा एउटा संचालक समिति हुने व्यवस्था ऐनले गरेको छ। आवधिक निर्वाचनको माध्यमद्वारा संचालक समितिको गठन सदस्यहरुबाट हुने गर्दछ। संचालक समितिको पदावधी विनियममा व्यवस्था भए बमोजिम बढीमा ५ वर्ष सम्मको हुन सक्दछ। संचालक समितिले आफ्नो पदावधी समाप्त हुनु अघि समितिको निर्वाचन गराउनु पर्ने अनिवार्य व्यवस्था ऐनमा छ । यसले संचालक समितिको कुनै व्यक्ति वा व्यक्तिहरुको समूहलाई निरङकुस् वा स्वेच्छाचारी हुनबाट रोक लगाएको छ। संचालक समिति आफ्नो काम कारवाहीका लागि साधारणसभा प्रति उत्तरदायी रहन्छ ।

(च) स्वनियन्त्रणको व्यवस्था : सहकारी ऐनले सहकारी संस्था वा संघमा आन्तरिक नियन्त्रणको परिकल्पना गरेको छ । सहकारी संस्था वा संघले सहकारी ऐन, नियमको अधीनमा रही आफ्नो कार्य संचालन गर्न विनियम बनाउने, विनियम अन्तर्गत रही संचालक समितिले कार्य संचालन गर्ने र समितिको कामकार वाहीको साधारण सभामा समीक्षा गर्ने तथा लेखा समितिले संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने व्यवस्था सहकारीको स्वनियन्त्रण प्रणाली हो ।

(छ) संस्था वा संघको कार्यमा व्यापकता : सहकारी संस्था वा संघले के कस्तो कारोवार संचालन गर्न सक्छ वा के कस्तो कारोवार गर्न सक्तैन भन्ने सम्बन्धमा ऐनमा कुनै कुरा उल्लेख गरिएको छैन । सहकारी सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुऱ्याउन विभिन्न किसिमका संस्था वा संघ गठन गर्न सक्ने व्यवस्था ऐनमा भएकोले प्रचलित कानूनले निषेध गरेका कार्यहरु बाहेक आफ्नो विनियममा उल्लेखित कार्य गर्न संस्था वा संघलाई सहकारी ऐनले छुट प्रदान गरेको छ ।

(ज) छुट सुविधा र सहुलियतको व्यवस्था : सहकारी संस्था वा संघको प्रवर्द्धनका लागि सहकारी ऐनले निम्न बमोजिम छुट सुविधा सहुलियत प्रदान गरेको छ :-

- अचल सम्पत्ती वाहेक कारोवार सम्बन्धी कुनै लिखित रजिष्ट्रेशन गराउन नपर्ने ।
- अचल सम्पत्तिको लेनदेन वा खरीद विक्री सम्बन्धी कागजपत्र वा कुनै किसिमको लिखतमा आय टिकटदस्तुर वा रजिष्ट्रेशन दस्तुर नलाग्ने ।
- कारोवार गर्ने वस्तुहरुमा स्थानीय कर नलाग्ने ।
- आफ्नो प्रयोगको लागि आयात गर्ने मेशीनरी सामानहरु र ढुवानीका साधनमा लाग्ने भन्सार महसूल वा विक्रीकर पुरै वा आंशिक रुपमा नेपाल सरकारले छुट दिन सक्ने ।
- प्रचलित कानून बमोजिम लाग्ने अन्तशुल्क वा विक्रीकर पुरै वा आंशिक रुपमा नेपाल सरकारले छुट दिन सक्ने ।
- प्रचलित कानून बमोजिम उद्योगहरुले पाए सरहको अन्य छुट र संरक्षण समेत प्राप्त गर्न सक्ने ।

(झ) सरकारी भूमिका दण्डात्मक भन्दा प्रवर्द्धनात्मक : सहकारी ऐन, २०४८ ले नेपाल सरकारको भूमिका दण्डात्मक नभई प्रवर्द्धनात्मक हुने व्यवस्था गरेको छ । त्यसर्थ सहकारी ऐनमा दण्ड सम्बन्धी व्यवस्था ज्यादै कम मात्रामा रहेको छ । संस्था वा संघको निरीक्षण गर्ने, निरीक्षणको क्रममा त्रुटी कमजोरी रहे सो सच्चाउन सम्बन्धित संस्था वा संघलाई सुझाव दिन सक्ने र संस्था वा संघको कामकारवाहीमा समन्वय गर्ने अधिकार रजिष्ट्रारलाई रहेको छ ।

## ३. कमजोरीहरु :

सहकारी ऐन २०४८ कार्यान्वयनमा आएको झण्डै १९ वर्ष वितिसकेको छ। यस ऐनले एकातिर सहकारी अभियानलाई स्वायत्त र स्वतन्त्र ढंगले संचालन गर्न अभिप्रेरित गरेको छ भने अर्को तर्फ ऐनमा रहेको केही कमजोरीका कारण

सहकारी अभियानमा केही विकृतिहरु देखा परेका छन । सहकारी ऐनमा रहेका मुख्य कमजोरीहरु निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :-

(क) आर्थिक तथा सामाजिक रुपले पिछडिएको वर्गको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोगको आधारमा सहकारी संस्थाहरुको गठन हुने यसको आधारभूत सिद्धान्त भए पनि ऐनको प्रस्तावनामा उल्लेखित शव्दहरुले यसको सीमा निर्धारण गर्न सकेको छैन । जसको कारणबाट छद्म सहकारीहरु पनि गठन भएका छन् ।

(ख) ऐनमा सहकारी सिद्धान्तको आधारमा सहकारी संस्था वा संघको गठन हुने भन्ने उल्लेख भएतापनि सहकारी सिद्धान्तको परिभाषा ऐनमा नगरिएबाट यसको व्याख्यामा कठीनाई सिर्जना भएको छ ।

(ग) सहकारी संघहरु (विषयगत संघ, जिल्ला सहकारी संघ, विषयगत केन्द्रीय संघ र राष्ट्रिय सहकारी संघ) सहकारी आन्दोलनका अभियन्ता हुन जसले नेपालको सहकारी आन्दोलनको नेतृत्व गर्दछन् । सम्बन्धित संघमा सबै सहकारी संस्था वा संघ अनिवार्य रुपमा सदस्य हुने व्यवस्था ऐनमा नभएबाट कतिपय संघका संचालकहरुले आफ्नो स्वार्थको रक्षा हुने गरी सदस्यता प्रदान गरेका छन् भने कतिपयले सदस्यता माग गर्दा पनि विभिन्न कारण देखाई सदस्यता प्रदान गर्न आनाकानी गरि रहेका छन् । जसले गर्दा सहकारी अभियानको समग्र नेतृत्व हुन सकेको छैन ।

(घ) ऐनको दफा १५(४) मा साधारणसभाको बैठकको गणपुरक संख्या तोकिए बमोजिम हुने व्यवस्था गरेको र सहकारी नियमावली, २०४९ को नियम ११ मा वार्षिक साधारणसभाको गणपुरक संख्या संस्थाको हकमा प्रथम पटक २५ प्रतिशत वा १३ जनामा जुन बढी हुन्छ सोही र संघको हकमा ५० प्रतिशत र दोश्रो पटकमा संस्थाको हकमा १५ प्रतिशत वा ११ जनामा जुन बढी हुन्छ सोही र संघको हकमा ४० प्रतिशत हुने व्यवस्था गरेको छ । दोश्रो पटक पनि गणपुरक संख्या पुगेन भने के गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएबाट संस्था वा संघको काम कारवाहीमा बाधा परेको छ ।

(ङ) प्राम्भिक संस्थाको कार्यक्षेत्रको किटान ऐनमा नगरिएकोले विषयगत जिल्ला संघ वा जिल्ला सहकारी संघको कार्यक्षेत्र जिल्लाभर सिमित हुने तर प्रारम्भिक संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्यभर पनि रहन सक्ने देखिन्छ । प्रारम्भिक संस्था समुदायमा आधारित भई संचालित हुनुपर्ने मान्यता विपरित फाइनान्स कम्पनीको रुपमा समेत संचालन भएका छन् । सर्वसाधारण तथा शेयर सदस्यहरुको बचत निक्षेप तथा शेयर रकम समेत हिनामिना गरी संचालकहरु फरार हुने प्रबृत्ति देखिएको छ । यस्तो प्रबृत्ति रोकथाम गर्ने प्रभावकारी व्यवस्था ऐनमा उल्लेख छैन ।

(च) सहकारी ऐनले सहकारी संस्था वा संघलाई विभिन्न किसिमका छुट सुविधा प्रदान गरेको भएपनि त्यस्तो सुविधा प्राप्त गर्ने प्रभावकारी संयन्त्र ऐनमा नै व्यवस्था नभएकोवाट अधिकांश सहकारी संस्था वा संघले उक्त छुट सुविधा प्राप्त गर्न सकेका छैनन ।

(छ) सहकारी संस्था वा संघको सम्पत्ति हानी नोक्सानी गर्ने व्यक्तिलाई प्रभावकारी दण्डात्मक व्यवस्था ऐनमा नभएकोले संस्था वा संघको सम्पत्तीको हानी नोक्सानी वा दुरुपयोग गर्न कतिपय संचालकहरु उद्द्त रहने प्रबृत्ति देखा परेको छ ।

(ज) सहकारी ऐन, २०४८ प्रारम्भ हुनु पूर्व दर्ता भई संचालित संस्था वा संघको सम्बन्धमा यस ऐनमा कुनै व्यवस्था नभएको वा सरकारको कुनै निर्णय नभएको कारण जग्गा रोक्का, फुकुवा सिफारिस सम्बन्धी र पुराना व्यवस्थापकहरुको उपदान र भत्ताका सम्बन्धमा समस्या उत्पन्न भएका छन् ।

## ४. **निष्कर्ष** :

सहकारी ऐन, २०४८ नेपालको सहकारी अभियानको एउटा Turning Point हो । यस ऐनले नेपाल सरकारको प्रत्यक्ष नियन्त्रण र सहभागितामा संचालित सहकारी संघ संस्थाहरुको सट्टामा नागरिकहरुले स्वस्फूर्त रुपमा सहकारी संस्था वा संघको गठन र तिनको संचालन गर्ने आधार तयार गरेको छ । सहकारी ऐनमा माथि उल्लेख भए बमोजिम कतिपय कमी कमजोरीहरु रहे पनि यसको मूलभूत चरीत्र प्रजातान्त्रिक नै रहेको छ । यसमा धेरै सकारात्मक पक्षहरु रहेका छन् । कानून जड वस्तु होइन यो समय र आवश्यकता संग संगै परिमार्जन र संशोधन हुदै जान्छ । त्यसैले सहकारी ऐनमा रहेका कमीकमजोरीहरु यसको संशोधन तथा परिमार्जन मार्फत पनि हटाउन सकिन्छ । हाल सहकारी ऐन, २०४८ दोश्रो संशोधनको क्रममा र हेको छ । यस संशोधनले उपरोक्तमा उल्लेखित केही कमजोरीहरु हटाउने अपेक्षा गर्न सकिन्छ ।

# सामुदायीक विद्युत वितरक संस्थाको व्यावसायीक भुमिका



राजेन्द्र तिमल्सिना

अझै पनि समाजमा बिजुलीलाई खाली उज्यालोको लागि मात्र आवश्यक ठान्ने समूह ठूलै पाइन्छ र विजुलीको विकास क्रममा शुरु शूरुमा विद्युतलाई मुख्य रुपमा उज्यालोको लागि मात्र प्रयोग गरीन्थ्यो । समयसँग सँगै विद्युतको वहुआयामिक प्रयोग शुरु भयो । समय र प्रविधिको विकासले गर्दा बिद्युतको प्रयोग ज्यादै महत्वपूर्ण र अपरीहार्य हुदै गएको छ । आजभोली शहरमा त विद्युत विनाको जीवन कल्पना गर्न पनि नसकिने भइसकेको छ भने ग्रामिण समाजमा पनि बिद्युतको माग उज्यालोमा भन्दा अन्य क्षेत्रमा वढी खाँचो महसुस हुदै गइरहेको छ ।

सामुदायीक ग्रामीण विद्युतीकरण कार्यक्रमले देशका विकट गाँउहरुमा समुदायको समेत सहभागितामा स्थानिय सामुदायीक संस्थाले विद्युतीकरण पछिका नियमित कामहरु जस्तै मर्मत संभार, महसुल संकलन,ग्राहाक सेवा जस्ताकामहरु गर्ने गरी ग्रामीण विद्युतीकरण गर्दै आइरहेका छ। देशका लगभग ४६ जिल्लामा स्थानिय विद्युत सहकारी वा अन्य सामुदायीक संस्था यस कार्यमा सहभागि भइरहेकाछन । यस्ता धेरै संस्थाहरुले विद्युतीकरण पछि उपभोक्ताको आर्थिक सामाजिक विकासका लागि विभिन्न खाले व्यावसाय प्रर्वद्धनका कामहरु गरीरहेका छन ।

विद्युत ग्रामिण क्षेत्रमा आर्थिक विकासको एक महत्वपूर्ण आधार हो तर विद्युतले मात्रै आर्थिक विकासभइहाल्छ भन्ने पनि होइन । गाँउमा विद्युतसँगसँगै जनतामा उद्यम व्यावसायका लागि आवश्यक हुने सिप, आर्थिक पहुँच, व्यावसायको जानकारी र व्यावसायको वजारीकरण सम्वन्धि ज्ञान पनि पुराउनु आवश्यक छ । सामुदायीक विद्युत वितरक संस्थाहरुको गाँउका सम्पूर्ण उपभोक्तासँग प्रत्यक्ष नियमित सम्पर्क हुन्छ र सामुदायीक संस्थाहरु पनि आफनो व्यावसायको प्रकृतिका कारण सधै सक्रिय भइरहेका हुन्छन । उपभोक्तासँगको सम्पर्क र संस्थाको सक्रिय रहनु पर्ने व्यावसायीक प्रकृतिका कारण ग्रामिण भेगमा क्रियाशिल सामुदायकि संस्थाहरु मध्यमा यस्ता संस्था प्रमुख रुपमा पर्दछन । यस्ता संस्थाहरुले गाँउमा व्यावसाय विकासका लागि विभिन्न तरीकाले ठूलो योगदान गर्न सक्दछन ।

क) **लघु वचत र लघु कर्जा :** सामुदायीक विद्युत वितरक संस्थाहरुले विद्युत मिटर रिडरहरु मार्फत उपभोक्ताहरुवाट नियमित रुपमा सासाना वचत संकलन गर्न सक्छन र त्यस्तो वचत रकमलाई थोरै र कमको अभावमा सासाना व्यावसाय गर्न वा आफूले गरीर हेको व्यावसायमा स्तरवृद्धि गर्न नसकिरहेका उपभोक्तालाई लघु कर्जाको व्यवस्था मिलाउन सकिन्छ साथै यस्तो ऋणको भुक्तानी किस्तावन्दि रुपमा मिटर रिडर मार्फत संकलन गर्ने व्यावस्था मिलाई गाँउमा व्यावसाय विकासको वातावरण वनाउन आवश्यक पूजी व्यावस्था गरी सामुदायीक विद्युत वितरक संस्थाहरुले ठूलो भूमिका निर्वाह गर्न सक्छन ।



ख) **सम्भाव्य लघु उद्यम पहिचान र प्रर्वद्धन :** सवै ठाँउमा सवै प्रकारका व्यावसाय हुने सम्भावना हुदैन । खासठाँउमा कुनै खाँस व्यावसाय फस्टाउने सम्भावना वढी हुन्छ भने कतिपय व्यावसाय थोरैले मात्र गर्नाले त्यसको वजारीकरण तथा श्रमशक्तिको अभावमा विकास हुन पनि सक्दैन। त्यसकारण सामुदायीक संस्थाहरुले आफनो क्षेत्रमा हुनसक्ने सम्भाव्य व्यावसायहरु पहिचान गर्न तथा पहिचान भएका व्यावसायको वजारीकरण तथा अन्य सेवा पुराउन आवश्यक काम गर्नु राम्रो हुन्छ । यस्ता व्यावसायहरु

विद्युत खपत हुने खालका भए भने यसले विद्युत वितरक संस्थाको आम्दानी वृद्धिमा समेत सहयोग पुग्दछ ।

ग) **विद्युत वितरण र यस सम्वन्धि व्यावसाय** : सामुदायीक विद्युत वितरक संस्थाले आफनो क्षेत्रमा गुणस्तरीय ग्राहक सेवा आम उपभोक्तामा पुऱ्याउनु पहिलो काम हो । यसका लागि संस्थाले आफ्ना कर्मचारीलाई दक्ष र अत्यन्त सहयोगीका रुपमा विकास गराउनु पर्दछ । यससँगै स्थानिय स्तरमा आवश्यक हुने विद्युतीय सामाग्रीहरु जस्तै हाउसवाइरिङ्गका सामान, चिम तार होल्डर, तार , विद्युत खपत गर्ने सामाग्रीहरु आदि गाँउमा सजिलै उपलव्ध नहुने हुनाले विद्युत वितरक संस्थाले यस्ता सामाग्रीको व्यापार गरी आफ्नो आय वृद्धि गर्न र उपभोक्तालाई गुणस्तरीय सामानहरु सजिलै उपलव्ध गराउन सकिन्छ ।

घ) **अधिकार र वकालति** : सामुदायीक विद्युतीकरण कार्यक्रम नै उपभोक्ताहरुले विद्युत पाउनु आफ्नो अधिकारको रुपमा आवाज उठाएकै कारणले प्राप्त भएको उपलव्धी हो । ग्रामिण क्षेत्रमा हरेक विकास क्रियाकलापको लागि सरकारको लगानी आवश्यक हुन्छ किनभने ग्रामिण विकास खर्चिलो हुन्छ । त्यसकारण गाँउको विकास, विद्युतीकरण, विद्युतीय संरचनाहरुको निमार्ण , मर्मत संभार जस्ता विषयहरुमा स्थानिय निकायको सहभागिता पनि अपेक्षा गरीएको हुदा त्यसका लागि स्थानिय निकायसँग यस विषयमा विषय उठाउने र छलफल गर्ने काम पनि सामुदायीक संस्थाको हो। सामुदायीक संस्थाहरु प्रत्यक्ष रुपमा उपभोक्तासँगै रहेर काम गर्ने हुदा उपभोक्ताका समस्या र गुनासो यस्ता संस्थाहरुलाई जानकारी हुन्छ । त्यसैले ती विषयहरुलाई सम्वन्धित निकायसम्म पुऱ्याईदिने जिम्मेवारी पनि सामुदायीक संस्थाले पुरा गर्नु पर्छ ।

यसर्थ ग्रामीण भेगमा क्रियाशिल सामुदायीक विद्युत वितरक संस्थाहरुले आफनो नियमित व्यावसायलाई प्रभावकारी तरीकाले सम्पादन गरी गुणस्तरीय सेवा दिनुको अलावा समुदायको हितका थप व्यावसायीक तथा सामाजिक काम गरी उपभोक्ताहरुको विश्वास आर्जन गर्नु पर्दछ ।


## विद्युत चोरी नियन्त्रण गर्न नेपाल विद्युत प्राधिकरण लाई सहयोग गरौं ।

**विद्युत चोरी नियन्त्रण ऐन २०५८ वारे जानी राख्नुपर्ने कुराहरु**

१. कसुरको अनुसन्धान तथा तहकिकात गर्दा बाधा विरोध गर्ने व्यक्तिलाइ दुई हजार रुपैयासम्म जरिवाना गर्न सकिने ।
२. कसुर गरी हानी नोक्सानी भएमा सो बापतको रकम र सो बरावरको क्षतिपूर्ति रकम कसूरदारले तिर्नुपर्ने ।
३. ठहर भएको हानी नोक्सानी तथा क्षतिपूर्ति बापतको रकम ३५ दिन भित्र नबुझाउने उपर ३० दिन भित्र मुद्दा दायर गर्न सकिने ।
४. (क) अदालतवाट मुद्दाको कार्यवाही र किनारा हुँदा कसुर गरेको ठहरिएमा हानी नोक्सानी बापतको किगो र बिगो बमोजिमको क्षतिपूर्ति रकमको अतिरिक्त पाँच हजार रुपैयासम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय हुन सक्ने ।
(ख) एक पटक कसुर गरेको ठहरी सकेको व्यक्तिले पुन: कसु गरेको ठहरिएमा प्रत्येक पटक हुन गएको हानी नोक्सानी बापतको बिगो र क्षतिपूर्ति बापत बिगोको दुइ सय प्रतिशत रकम भराई कसुरदारलाई दश हजार रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै हुने ।
५. कसुर सम्वन्धी सूचना दिने व्यक्तिलाई तोकिए बमोजिमको पुरस्कार दिने । तर त्यस्तो पुरस्कार वितरक र वितरक कर्मचारी र निजको परिवारलाई नदिइने ।

**नबिर्सौं विद्युत चोरी गर्नु अपराध हो ।**
**विद्युत चोरी नियन्त्रणमा सहयोग गर्नु तपाई हामी सवैको कर्तव्य हो ।**

**नेपाल विद्युत प्राधिकरण**

*;fj{hflgs lxtsfnflu dxf;3åf/f hf/L*

# जलवायु परिवर्तनको प्रभाव न्यूनिकरणमा सामाजिक संघ संस्थाहरुको भूमिका

जलवायु परिवर्तन अहिले विश्वव्यापी समस्या बनेको छ । नेपालमा पनि जलवायु परिवर्तन र यस्ले हाम्रो समाज र समग्र वातावरणमा पारेका प्रभावहरुका बारेमा आम नेपाली सचेत हुनुपर्ने अबस्था सिर्जना भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जलवायु परिवर्तनले महत्वका साथ चर्चा पाईरहेको भएपनि खास जोखिममा रहेका समुदायले अनुभव गर्नसक्ने गरी कुनै पनि कार्यक्रम कार्यान्वयन हुन सकिरहेको छैन । त्यसैले जलवायु परिवर्तनको जोखिम तथा प्रभावलाई यथासक्य छिटो सम्बोधन गर्दै जोखिममा रहेका समुदायको प्रभाव न्यूनिकरण तथा क्षमता अभिबृद्धि हुने कार्यक्रम संचालन गर्न टड्कारो आवश्यकता छ । नेपालले पनि सरकारी तवरमा केहि काम गर्ने योजना बनाएपनि परिणाममुखी काम हुन सकिरहेको छैन । सरकारले निती निर्देशिका बनाउने काम गरेपनि वास्तबमा सरकारी तथा गैर सरकारी संस्थाहरुको एकिकृत प्रयाशबाट मात्र अति कम बिकसित क्षेत्रका ग्रामीण बासिन्दाहरु माझ जलवायु परिवर्तन प्रभाव न्युनिकरण कार्यक्रमको प्रभाव पुऱ्याउन सकिन्छ ।

कार्यक्रम तय गर्दा यसले पारेका प्रभावलाई बिश्लेषण गर्नु जरुरी छ । बढि प्रभाव पर्ने समय, क्षेत्र, बासिन्दा, प्रभावको प्रकृति र प्रभावित समुदाय लगायतका बिषयहरुको पहिचान पश्चात तय गरिने कार्यक्रमले मात्र प्रभावकारीतामा बृद्धि ल्याउन सक्छ । नेपालमा जलवायु परिवर्तनबाट निम्न उल्लेखित प्रभावहरु देखिन थालेका छन् ।

बाह्रै महिना हिउ नै हिउले ढाकिने हिम सृङ्खलाहरु उच्च तापक्रमले पग्लीएर नाङ्गा चुचुराका रुपमा परिणत हुने क्रम बढ्दो छ । मौसमी खेतीमा निर्भर किसानहरुले समयमा पानी नपर्दा बिउ राख्न पाईरहेका छैनन् भने भएको बिउ पनि प्रयाप्त बर्षाको अभावमा खेती लगाउन नपाउदा खाध्यान्न अभाव बढ्दो छ । यसरी खेती लगाउने समयमा पानी पर्न छाडेको छ भने खेतीपाती लगाउने मौसम गुज्रेपश्चात आउने बाढिले बर्षेनी किसानको घर बाली नष्ट गर्नेक्रम बढ्दोछ । जलवायु परिवर्तनको प्रभावले बिश्वका अधिकांस मुलुकमा रहेका गरिब तथा किसान परिवारहरु गास, बास, कपास बिहिन भईरहेका छन् ।



बिष्णु ज्ञवाली

बाह्रै महिना गाँउमा बस्ने र शहरको अनुहार समेत देख्न नपाएका, सधैजसो आफ्नो खेती किसानीमा नै ब्यस्त किसानहरु जसले जलवायु परिवर्तन हुनमा न कुनै भूमिका खेलेका छन् नत यस बारेमा उनिहरुलाई कुनै जानकारी छ । आफुले खादै नखाएको बिष ओकल्न बाध्य पारिएको छ ती किसानहरुलाई । गल्ती गर्ने मुसो चोट पाउने भ्यागुतो भनेझै जलवायु परिवर्तनमा कुनै भूमिका नहुदा पनि किन तिनै किसानहरु बर्षेनि चोटको शिकार भईरहेका छन् ? बिश्वका धनि देशहरु जसले समस्याको सिर्जना गरेका छन् र जसको भागिदार गरिब राष्ट्रहरु भईरहेका छन् । गरिब देशहरुले यसको क्षतिपुर्ती पाउने ब्यबस्थाका लागि आवश्यक आवाज उठ्न सकिरहेको छैन र आवाज उठ्नु जरुरी छ । समयमै जलवायु परिवर्तनको बढ्दो प्रभाव रोक्नेतर्फ बिश्वका धनि



राष्ट्रहरुको ध्यानआकृष्ट भएन भने भबिश्यमा गरिब तथा अति कम बिकसित मुलुकहरुको अबस्था थप दयनिय र कष्टकर हुने छ ।

शुक्ष्म रुपमा जलवायु परिवर्तनबाट परेको प्रभाव अध्ययन गर्नेहो भने नेपालमा पनि थुप्रै प्रभाव तथा समस्याहरु भेटाउन सकिन्छ । अतिबृष्टी, अनाबृष्टि, अनियमित बर्षा र बाढीले प्रत्यक्ष रुपमा बर्षेनी प्रभाव पारिहेको छ । गर्मीमा एकदमै गर्मी र जाडोमा तुलनात्मक रुपमा कम चिसो महशुस हुन थालिसकेको छ । एकातिर हिंमपातमा कमी आईरहेको छ भने अर्कातर्फ बढ्दो तापक्रमले हिमतालहरु पग्लीएर पानीको मात्रामा बृद्धि भई नेपालका २० भन्दा

बढि ताल फुट्ने खतराको सूचिमा छन् । पहाडी क्षेत्रमा पानीका मुहानहरु सुक्दै गईरहेका छन् भने तराईमा सितलहरको बढ्दो प्रभावले खाध्यान्न उत्पादनमा कमी भई बाह्य देशबाट खाध्यान्न आपुर्ती गर्ने र त्यसको चर्को मुल्य भुक्तानी सहनु परेको छ । यसले देशको बढ्दो ब्यापार घाटालाई थप बल पुचाईरहेको छ र समग्र अर्थतन्त्रमा नै प्रभाव पारिरहेको छ । आगलागि र डडेलोको कारण बर्षेनि ठुलोमात्रामा बन सम्पदा तथा बस्ती खरानीमा परिणत हुँदा हजारौ परिवारको बिचल्ली भईरहेको छ । हानीकारक बायु तथा परावैजनी किरणहरुले गर्दा नँया नँया डरलाग्दा र निको नहुने रोगको प्रकोपमा बृद्धि हुँदा आम नेपाली सर्वसाधारणले उपचारका लागि ठुलोमात्रामा धनराशी खर्च गर्नु परेको छ भने अपाङ्ग हुने तथा अकालमा ज्यान गुमाउने खतरामा पनि बृद्धि भईरहेको छ ।

यस्ता समस्याहरुको न्यूनीकरणकालागि प्राकृतिक श्रोतका क्षेत्रमा काम गर्ने सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघ, बन उपभोक्ता महासंघ, सिंचाई उपभोक्ता महासंघ, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ लगायतका राष्ट्रिय संजाल भएका संस्थाहरुले आफ्ना सदस्य संस्थाहरुका बिचमा जलबायु परिवर्तनको कारक तत्व, यसका प्रभाव, र न्यूनिकरणका उपाय सम्बन्धमा सचेतना तथा क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमको थालनी गर्नु अपरिहार्य भएको छ । यसबाट ग्रामीण स्तरमा रहेका गरिब तथा अशिक्षित समुदायको चेतनाको स्तरमा बृद्धि भई देशब्यापी रुपमा जलबायु परिवर्तनमा सकारात्मक सन्देशको प्रबाह हुनसक्छ ।

यस्ता कार्यक्रमले सामुदायिक संस्थाहरुमा काम गर्ने सामाजिक परिचालकहरुको समेत क्षमता बृद्धिभई समुदायमा जलवायु परिवर्तनको अवस्था बिश्लेषण गर्न समेत मद्दत पुग्ने छ। स्थानिय स्तरमा गरिने त्यस्ता प्रयासहरुले जलवायु परिवर्तन सम्बन्धमा गरिने कार्यक्रम थप प्रभावकारी बनाउन आवश्यक बिधि तथा औजारहरुको समेत खोज तथा अनुसन्धान हुनेछ। यसरी ग्रामीण क्षत्रमा तयार हुने सीपयुक्त अनुभवी जनशक्तिले जलवायु परिवर्तन अनुकूल कार्यक्रमहरुलाई हरेक किसिमका बिकासका कायक्रमहरुमा मुल पब्राहिकरण गर्दै बिद्यमान योजना तर्जुमा प्रक्रियामा समेत एकिकृत गरी लैजान सहयोग पुग्ने छ । जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका लागि बिभिन्न तहमा क्षमता अभिबृद्धि तथा उपलब्ध स्रोतको प्रभावकारी तथा उच्चतम उपयोगद्वारा जलवायु परिवर्तनको समस्या सम्बोधन गर्दै गरिवी न्यूनीकरणको अभियानमा हामी जस्ता सामुदायिक ग्रामीण क्षेत्रमा कृयाशिल संस्थाहरुले सहयोग पुऱ्याउन सक्ने अबस्था देखिन्छ ।

ग्रामीण क्षेत्रमा कुनैपनि कार्यक्रम लैजादा त्यँहाको समुदायको स्तर बुझ्नु अत्यन्त जरुरी छ । किनकी उनिहरुलाई कुन मोडलमा तयार गरिएको कार्यक्रमबाट बढि मात्रामा लाभान्वित बनाउन सकिन्छ भन्ने कुरा यसबाट मापन गर्न सहज हुन्छ । उनिहरुको सोंच, चिन्तन, र शैक्षिक तथा सामाजिक स्तरले कार्यक्रम कार्यान्वयन र उद्देश्य प्राप्तीमा निर्णायक भूमिका खेल्दछ। तसर्थ यस्ता कार्यक्रम बनाउदा निकै ध्यान दिनु जरुरी छ। प्राय ग्रामीण समुदायको स्तर यस्तो छ की जलवायु परिवर्तन भन्ने बिषयमा केहि पनि थाहा छैन । जलवायु परिवर्तन भनेको के हो ? के कारणले आफुले यो सम्पूर्ण समस्याको भागिदार हुनुपरिरहेको छ ? यो सबै दैबको खेल हो की ? भाग्य नभएर हो की ? देवता रिसायर यस्तो भएको हो की ? आदी आदी कल्पना गर्दै पुर्पुरोमा हात राखेर दैब र भाग्य प्रति गुनासो गर्ने सिधा साधा किसानको के गल्ती ? किन जलवायु परिवर्तनबाट सिर्जित समस्याको भागिदार उनिहरुपनि बनिरहेका छन् ? के समस्याको भागिदार भएबापत राज्यले उनिहरुलाई केही सहयोग गर्नु पर्दैन ? यी प्रश्नको जवाफ उर्जा क्षत्रमा काम गर्ने सामाजिक संघसंस्थाहरुले खोज्ने बेला आईसकेको छ। ग्रामीण स्तरसम्म पहुँच भएका र समस्याको पहिचान र समाधान गर्न अभ्यस्त सामुदायिक संघ-संस्थाहरुको साझा प्रयाशबाट मात्र जलवायु परिवर्तनबाट प्रभावित ग्रामीण समुदायको जिवन स्तर सुधार गर्न सकिन्छ ।

नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरुको लागि एउटा महत्वपूर्ण सामाजिक तथा वातावरणीय चुनौतीको रुपमा आएको जलवायु परिवर्तनको प्रभाव मुलुक भरनै पर्न थालिसकेको अबस्थामा प्राकृतिक श्रोतका क्षेत्रमा काम गरिरहेका संस्थाहरुले यसको प्रभावलाई यथासक्य छिटो सम्बोधन गर्दै जोखिममा रहेका समुदायको प्रभाव न्यूनिकरण तथा क्षमता अभिबृद्धि हुने कार्यक्रम संचालन गर्न आफ्नो कार्यदिशा पनि सोही अनुसार परिमार्जन गर्नु आवश्यक छ । यसबाट मात्र जलवायु परिवर्तनबाट खास जोखिममा रहेका समुदायले अनुभव गर्नसक्ने गरी कार्यक्रम कार्यान्वयन हुनसक्छ ।

# नेपाल विद्युत प्राधिकरणको बर्तमान चुनौति र समाधानको लागि सरोकारवालाले खेल्नुपर्ने भूमिका


रामप्रसाद रिमाल

विद्युतको उत्पादन प्रसारण र वितरणको कार्यहरु संगठीत रुपमा संचालन गरिरहेको संस्था नेपाल विद्युत प्राधिकरणको २५ औं बार्षिकोत्सव भर्खरै सम्पन्न भएको छ । २५ औं रजत महोत्सव मनाईरहेको अवस्थामा यो संस्थाले विभिन्न चुनौतिहरुको सामना गरिरहेको छ। ती चुनौतिहरु मध्ये आर्थिक र सामाजिक चुनौति प्रबल रुपमा अगाडि आएको विषय कार्यकारी निर्देशकको प्रतिवेदनबाट प्रष्टिन्छ। गत वर्षको वार्षिक घाटा करिब साँढे पाँच अर्ब र संचित घाटा करिव साँढे उन्नाईस अर्व पुगेको तथ्याङ्क प्रतिवेदनले देखाएको छ। अर्कोतिर आफूले उत्पादन गरेको विद्युत अधिकतम खपत गर्न उपभोक्ताहरुलाई प्रेरित गर्ने खालका विज्ञापन गरी अधिक विक्रिवाट अधिक आय संकलन गर्नुपर्ने संस्थाले उल्टै CFL चिम बाँडन विवस भएको तथ्य पनि प्रतिवेदनमा आएको छ । स्वदेशका विद्युत उत्पादकहरुसंग महँगोमा विद्युत खरिद गर्न मात्र नभै करिव ११ प्रतिशत ग्राहक वृद्धि भएको र सोही अनुपातमा विद्युतको मागमा वृद्धि भएकोले आपूर्तिको प्रयास स्वरुप भारतबाट प्रतियुनिट १३।४० सम्म पर्ने विद्युत गत वर्षको तुलनामा करिव ७२% थप खरिद गर्न र आघिल्लो वर्षको तुलनामा थर्मल पालान्टबाट करिव ४५% बढी विद्युत (जुन अत्यन्त महंगो पर्दछ) उत्पादन गरी सरदर मूल्य प्रतियुनिट ६।५७ मा विक्री गर्न विवस भएको तथ्याङ्क पनि प्रतिवेदनमा सार्वजनिक भएकै छ। एक वा दुई प्रतिशतको शुलभ व्याजको दीर्घकालिन ऋण र दातृ संस्थाहरुवाट प्राप्त अनुदानको रकम ने.वि.प्रालाई उपलब्ध गराए वापत व्याज स्वरुप करिव रु. तीन अर्व र रोयल्टीबापत करिब रु. एक अर्व सरकारलाई बुझाउने गरेको तथ्य पनि प्रतिवेदनमा उल्लेख भएकै छ । अर्वौ रुपैयाको लगानीमा महंगो विद्युतिकरणका क्रियाकलाप पनि अघि बढाईरहेकै छ । यो सबै तथ्याङ्क हेर्दा नेपाल विद्युत प्राधिकरणको आर्थिक अवस्था कहाली लाग्दो देखिन्छ । माथि उल्लेखित विवसतापूर्ण क्रियाकलापहरुलाई निरन्तरता दिन बाध्य यो संस्थाको चालु आ.व.०६७।६८ को प्रतिवेदन अझ कहाली लाग्दो आउँदा पनि आश्चार्य मान्नु पर्दैन किनभने उपरोक्त विवसतापूर्ण क्रियाकलापहरुबाट नेपाल विद्युत प्राधिकरण मूक्त हुने संकेत देखिदैन ।

यो संस्था सडकमा छोडिएको दुहुनो गाई जसको वारेस छैन, कसैले पनि यसको स्वास्थ र दाना पानीमा जिम्मेवारी लिनु पर्दैन दुध भने जसले दुहेर खाएपनि हुने जस्तो अवस्थामा देखिएको छ। सबैले भन्ने गर्छन नेपाल विद्युत प्राधिकरणले लोडसेडिङ्ग गर्‍यो। नेपाल विद्युत प्राधिकरणले लाईन विस्तार गरिदिएन । नेपाल विद्युत प्राधिकरणले यो गरेन, ऊ गरेन। यो भनाई साधारण मान्छेले मात्र भन्दैनन्, राज्यका जिम्मेवार तहमा रहेन व्यक्तिहरुले समेत भन्ने गरेको पाईन्छ। के हो नेपाल विद्युत प्राधिकरण ? को हो नेपाल विद्युत प्राधिकरण ? कसको हो नेपाल विद्युत प्राधिरण ? यो कुनै ब्यक्तिको निजी संस्था होइन । यो जनताको संस्था भएर पनि जनताले पनि आफनो संस्था भएको अनुभूति गरिरहेको अवस्था छैन भने यसले आफनो सशक्तिकरणको लागि राज्यबाट पनि उचित सहयोग प्राप्त गरिरहेको अवस्था छैन ।

जलविद्युत उत्पादनको क्षेत्रमा भर्खरै अघि वढ्न खोजेका स्वदेशी निजी लगानी कर्ताका लागि आफुले उत्पादन गरेको विद्युत खरिद गरिदिने संस्था पनि हाल नेपाल विद्युत प्राधिकरण मात्र हो। यो संस्था सवल भयो भने मात्र निजी विद्युत उत्पादकहरुले आफुले उत्पादन गरेको विद्युतको उचित मूल्य समयमै प्राप्त गर्न सक्दछन् । यस अर्थमा उनीहरुको ब्यवशायको मेरुदण्ड पनि नेपाल विद्युत प्राधिकरण नै हो। त्यसैले उनीहरुबाट पनि आफूले उत्पादन गरेको विद्युतको मूल्य बृद्धिको आवाज उठाउंदा नेपाल विद्युत प्राधिकरणको सशक्तीकरणको लागि पनि आवाज उठनु जरुरी छ।

विद्युतका आम उपभोक्ताहरु जसको सस्तो, सुलभ र भरपर्दो विद्युत सेवा प्राप्त गर्ने अपेक्षा रहेको हुन्छ, यो स्वभाविक छ जायज छ। तर उपभोक्ताले प्राप्त गर्ने सेवा

अपेक्षाकृत हुने कि नहुने भन्ने विषय सेवा प्रदायक संस्थाको गतिविधि र आर्थिक अवस्थासंग पनि अन्तरसम्वन्धित हुन्छ। सरकारी स्वामित्व भएको सार्वजनिक संस्था नेपाल विद्युत प्राधिकरण जनतालाई सस्तो सुलभ र भरपर्दो विद्युत सेवा उपलब्ध गराउनकै लागि गठन भएको हो। यो गठन हुँदा बनेको ऐन नेपाल विद्युत प्राधिकरण ऐन २०४१ ले यो संस्थाको निर्णायक तहमा जनताको प्रतिनिधि रहने व्यवस्था मात्र गरेको छैन सर्वसाधारण जनताको स्वामित्व रहने व्यवस्था समेत गरेको छ। तर ऐनमा भएको उक्त व्यवस्था लागु गराउन जनताको तर्फबाट आवाज उठाएको पाइएको छैन। सर्वसाधारणलाई शेयर विक्री गरि साधारण सभा नहुन्जेलका लागि संचालन गर्ने जिम्मेवारी पाएको तदर्थ स्वरुपको संचालक समितिबाट २५ बर्षदेखि नेपाल विद्युत प्राधिकरण चलिरहेको छ। हाल विद्युत उपभोक्ताका प्रतिनिधिमूलक संस्थाहरु मूलकमा क्रियाशील छन्। सामुदायिक विद्युत उपभोक्ता महासंघले विद्युतिकरणको सवालमा जनतालाई गोलवन्द गरिरहेको छ। कडा शर्तका वैदेशिक ऋणमा गरिने विद्युततिकरणको तुलनामा सामुदायिक ग्रामिण विद्युतिकरण धेरैनै सकारात्मक छ। जनताकै विचबाट वनेको महासंघले पनि जनताको संस्था नेपाल विद्युत प्राधिकरण सम्वृद्ध तुल्याउँदै सहज ठंगले विद्युत सेवा कसरि पुऱ्याउन सकिन्छ भन्ने विषयमा चिन्तन मनन गर्न जरुरी देखिन्छ। नेपाल विद्युत प्राधिकरणमा काम गर्ने करिव एघार हजार कर्मचारी जनताकै एउटा हिस्सा हो। संस्थाको भविष्यसंग कर्मचारीको भविष्य जोडिएको छ। त्यसैले संस्थालाई कसरी सम्वृद्ध बनाउने भन्ने सवालमा कर्मचारीका सवै प्रतिनिधिहरुमा पनि गहिरो चिन्तन हुन जरुरी छ।

संस्थाको सकारात्मक अनुगमन राज्यवाट हुनुपर्नेमा उर्जा मन्त्रालयको जिम्मेवारी लिने व्यक्तिवाट हुने गरेको राजनीतिक हस्तक्षेपले नेपाल विद्युत प्राधिकरण आक्रान्त बनिरहेको स्थिति छ। साधारण कर्मचारी देखि कार्यालय प्रमुखहरु, विभागिय प्रमुखहरु, महाप्रबन्धकहरुको समेत योग्यता क्षमता र औचित्यताका आधारमा पद्धतीगत नभै मन्त्रिको ठाडो निर्देशनमा हस्तक्षेपकारी सरुवा गर्ने, तोक आदेशमा कर्मचारी भर्ना र सल्लाहकारको नाममा अनावश्यक रुपमा राजनीतिक कार्यकर्ताहरुको नियुक्ति मात्र होइन ठेक्का पट्टामा समेत मन्त्रीको हस्तक्षेप संस्थालाई अधोगतिमा लैजाने कारक हो कि होइन रु यसो भनिरहँदा नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनले चाहिं जायज नै जायज र भ्रष्टाचार मूक्त काम गरेको छ त भन्ने प्रश्न उठन सक्दछ। यो पनि मन्त्रिबाट हुने उपरोक्त प्रकारका हस्तक्षेपकारी हरकत र मन्त्रीकै इच्छा मुताविक हुने कार्यकारी निर्देशकको नियुक्तिसंग अन्तरसम्बन्धित छ। यदि राजनितीक हस्तक्षेपको अन्त्य हुने हो भने यसको धेरै हदसम्मको निदान सम्भव छ। यो संस्थामाथिको राजनितिक हस्तक्षेपको अन्त्यको लागि सवै भन्दा पहिला संचालक समितिमा हुने गरेको राजनीतिक नियुक्ति वन्द हुनुपर्दछ। संचालक समितिको अध्यक्ष मन्त्रि वा अरु कुनै राजनितिक व्यक्ति नभएर पेशागत र व्यवसायिक व्यक्ति हुनुपर्दछ भने सदस्यहरु पनि अध्यक्षको विवेकमा नियुक्ति नभै संस्थागत प्रतिनिधित्व हुनु पर्दछ भने सकारात्मक अनुगमनकारी भूमिका मन्त्रालयको हुनु पर्दछ।

नेपाल विद्युत प्राधिकरणको प्रणालीमा उपलब्ध विद्युतको चुहावट नियन्त्रण हुन नसकनु पनि त्यसको वित्तीय अवस्था नकारात्मक वन्नुको अर्को कारण हो। विद्युत चुहावट प्रतिवेदनले देखाए जस्तो २६.२८ प्रतिशत भएता पनि सवै चुहावट चोरी होइन। जस्तो सुकै उत्कृष्ट प्रविधि भएको मुलुकमा पनि केही न केही प्राविधिक चुहावट त हुन्छ नै। नेपाल विद्युत प्राधिकरणको प्रणालीबाट हाल भैरहेको चुहावट मध्ये ठूलो हिस्सा त हामीले प्रयोग गरेको प्रविधिका कारण भएको प्राविधिक चुहावट नै हो भने झण्डै ११ प्रतिशत चुहावट चोरी हो। यो प्रतिशतलाई रकममा लैजाने हो भने पनि झण्डै २ अर्व वरावरको विद्युत चोरी भैरहेको छ। उक्त चोरी नियन्त्रण हुन जरुरी छ। नेपाल विद्युत प्राधिकरणको एक्लो प्रयासले मात्र चोरी नियन्त्रण प्रभावकारी हुन सकिरहेको छैन। यसको लागि सरकार, राजनीतिक दल र नागरिक समाजको प्रभावकारी सहयोग जरुरी देखिएको छ। कतिपय चोरीमा संलग्न व्यक्तिलाई कारवाही अघि वढदा कुनै न कुनै राजनीतिक शक्ति केन्द्रबाट कारवाहीमा अवरोध पुऱ्याइने गरेको तितो यर्थाथहरु पनि नभएको होइन। विद्युत चोरीमा स्वयंम नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरु पनि संलग्न हुने गर्दछन् भन्ने आरोपहरु पनि प्रशस्त सुन्ने गरिएको छ। जहांबाट, जोसुकै बाट भएको चोरी भए पनि यो जघन्य अपराध गर्ने व्यक्तिलाई

गंभिर कारवाही गर्नको लागि सवैको प्रतिवद्धता र सहयोगको खाँचो छ। सरकार र सवै राजनीतिक दल नागरिक समाज नेपाल विद्युत प्राधिकरणको व्यवस्थापन र कर्मचारी प्रतिनिधिहरु वीचको उच्चस्तरको प्रतिवद्धता सहित विद्युत चुहावट नियन्त्रण गर्ने कार्य योजनाबद्ध ढंगले अघि वढाउनु जरुरी छ।

यो संस्थालाई समृद्ध बनाउन सवैभन्दा ठूलो भूमिका सरकारको त हुने नै भयो। नेपालको विद्युत विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने सरकारी स्वामित्व भएको संस्था नेपाल विद्युत प्राधिकरण बाहेक अर्को छैन। ठूलो लगानिको जरुरत पर्ने विद्युत विकाशको लागि स्वदेशी निजि क्षेत्र सक्षम भैसकेको अवस्था छैन। हालको विद्युतको माग उनिहरुबाट मात्र आपूर्ति हुन सक्दैन। यो विषयलाई दशौं पञ्च बर्षिय योजनाको लक्ष र सोको उपलब्धिबाट पुष्टि भैसकेको छ। आर्थिक, समाजिक र व्यवस्थापकीय रुपमा कमजोर भयो भनि रहेकै बेलामा पनि ४५६ मे.वा.को आयोजना निर्माणको लागि स्वदेशी लगानी जुटाउन सफल नेपाल विद्युत प्राधिकरण मूलुको विद्युत विकासको मूल माध्यम हो भन्ने पनि पुष्टी भएको छ। यो संस्था व्यापारिक भनिए पनि जनता प्रतिको सरकारको दायित्व वहन गरिरहेको संस्था हो। सरकारको दायित्व वहन गर्दै सेवा प्रदान गर्ने संस्था भएर पनि सरकारले यसप्रति द्वैध व्यवहार गरिरहेको छ। जनताको घर दैलोमा विद्युत सेवा पुरयाउनु सरकारको दायित्व हो त्यो महंगो पनि हुन सक्दछ त्यो काम नेपाल विद्युत प्राधिकरणले गरिरहेको छ। त्यो महंगो विद्युतीकरण लगायत आयोजना निर्माणको लागि दातृसंस्थाबाट सरकारले प्राप्त गरेको अनुदान र सहुलियत व्याजको ऋण रकम नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराए वापत ८.२५ प्रतिशत सम्म व्याज लिने गरेको छ। त्यसै गरि सेवा संचालन गर्दा ब्यापारिक उद्धेश्यले संचालित कम्पनिहरुको तुलनामा दोब्बर मूल्यमा रोयल्टी लगाउने, सडक वत्तीको महसुल मिनाहा गराउने, सरकारी वक्यौता भुक्तानी नगर्ने जस्ता कृयाकलाप सरकारको तर्फबाट भैरहेको छ। सरकारको दायित्व वहन पनि गर्ने, महंगो ब्याज पनि तिर्ने, चर्को रोयल्टी पनि बुझाउने, सडक वत्तीको महसुल पनि छुट दिने अनि संस्था नाफामा पनि जाने यो कसरी हुन सक्दछ ?

अर्कोतिर करिव १० बर्षदेखि महसुल समायोजन भएको छैन। १० वर्षको विचमा विद्युत सेवामा प्रयोग हुने सामानहरुको मूल्य ५ देखि ७ गुणा वढेको कारण लागत वृद्धि भएको छ। लागत अनुरुप महसूल समायोजना नहुंदा हाल प्रति यूनिट २।४० पैसा घाटा भएको छ। महसूल समायोजन नहुनुको कारण राजनीतिक स्वार्थ नै हो। सरकारमा रहने राजनेताहरुले यर्थाथबाट उपभोक्तालाई टाढा राखेर सस्तो लोकप्रियताको लागि विगतमा मूल्य बृद्धि सूचकांकका आधारमा प्रत्येक बर्ष महसूल समायोजन नगरि दिंदा एकातिर महशुल बृद्धिको चाप उपभोक्तलाई एकैपटक पर्ने र संस्थाको आर्थिक अवस्था दयनिय भै खर्च गर्ने क्षमतामा ह्रास आएकोले भै रहेका विद्युतगृहहरु, सवस्टेशन र लाइनहरु समेत समयमा मर्मत हुन नसक्ने अवस्था सृजना भैसकेको छ। यदि यो अवस्था रही रहने हो भने नयां आयोजना निर्माण गर्ने विषय त परै जाओस हाल संचालनमा रहेका विद्युत गृहहरु समेत संचालन हुन नसक्ने स्थिति आउन सक्दछ। उपरोक्त स्थितिको निराकरणको लागि सरकारको भूमिका नै विशेष महत्वपूर्ण रहन्छ। संस्थाको आर्थिक अवस्था सुधारको लागि आर्थिक पुनर्संरचनाको प्रस्तावलाई सरकारले वेवास्ता गरीरहेको छ। अर्कोतिर सरकारद्वारा गठित विद्युत महशुल निर्धारण आयोगबाट महशुल समायोजन सम्बन्धमा पटक पटक छलफल, अन्तरक्रिया र सार्वजनिक सुनुवाईहरु भएर पनि निर्णयमा पुग्न ढिलाई भैरहेको छ। उपरोक्त व्यवहारका कारण नेपाल विद्युत प्राधिकरण धरासायी हुने अवस्था आउन सक्दछ। नेपाल विद्युत प्राधिकरण धरासायी हुनु भनेको नेपालको विद्युत विकाश धरासायी हुनु र जनता अन्धकारमा बस्न बाध्य हुनु हो। यदि यो अवस्था आयो भने सम्बन्धित पक्ष विशेषगरी सरकारले यसको जिम्मेवारी लिनुपर्दछ। त्यसैले मुलुकको विद्युत विकाशको मूल माध्यमको रुपमा रहेको नेपाल विद्युत प्राधिकरणलाई बचाउंदै यसको सशक्तिकरणको लागि आ.आफ्नो ठाउंबाट भूमिका निभाउन सरोकारवाला, नेपाल सरकार, स्वतन्त्र विद्युत प्रवर्धकहरु, नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरु र तीनका प्रतिनिधिहरु, विद्युत उपभोक्ताका प्रतिनिधिमुलक संस्थाहरु र समस्त विद्युत उपभोक्तावर्ग गम्भीर हुन जरुरी देखिएको छ।

# बिजुलीको चर्को मूल्य

डा. रविन्द्रबहादुर श्रेष्ठ

बिद्युत मूल्य उत्पादन पैशारण र बितरणको निर्माण तथा सञ्चालन संभार लागतमा निर्भर गर्छ। यसमा पनि बिद्युत उत्पादनको भूमिका प्रमुख हुन्छ। बिदुत उत्पादनको लागत ,उत्पादन प्रक्रिया र इन्धनको उपलब्धता अनुसार भिन्न हुने गर्छ। अतः बिजुलीको महशुल निर्धारण गर्दा यि सबै पक्षको बिश्लेषण गर्नुपर्छ । नेपालमा हाल सम्म केवल ६०० मेगावाट बिद्युतमात्र उपयोगमा ल्याइएकोछ। बिद्युत उपभोग गर्ने झण्डै चालीस प्रतिशत जनताको जनजीवन पनि लोडसेडिङले अस्तव्यस्त बनाएकोछ। बार्षिक प्रतिव्यक्ति उर्जा खपत कवि १ सय किलोवाट प्रति घण्टा उपभोग दर संसारकै सबैभन्दा न्युनतमछ । यो भारतमा ५ सय र चिनमा २ हजार ५ सय पुगिसकेकोछ। यस्तो अवस्थामा पनि सरकार, सम्पुर्ण सस्ता आयोजनाहरु बिदेशीहरुको जिम्म्मा लगाउने तरखरमा छ ।

जल बिद्युत आयोजनाहरुको निर्माणमा प्ररंभिक लागत धेरै हुने गर्छ । तर सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थको रुपमा बिना मूल्य प्राप्त हुने पानी सिभिल संरचना तथा उपकरणहरुको मर्मत सम्भार खर्च हाल निर्धारण भएको राजस्व ऋणमा लाग्ने व्याज आदि हिसाव गर्दा प्रतिवर्ष सञ्चालन सम्भार खर्च प्रारम्भिक लागतको केवल २/३ प्रतिशत सम्म मात्र हुन्छ । जलबिद्युत आयोजनाको प्रति किलोवाट लागतको आधारमा साधर णतः करिव ४ देखि ६ वर्षभित्र सम्पुर्ण ऋण तथा पुजी लगानी असुल भईसक्छ। तत्पश्चात प्रतिवर्ष बिद्युत बिक्रिबाट प्राप्त हुने रकममा सञ्चालन सम्भारमा हुने करिव १०/२० प्रतिशत खर्च कटाएर पनि करिव ८० देखि ९० प्रतिशतसम्म कुल मुनाफा हुन्छ ।

नेपालमा निर्माणका लगि बिस्तृत अध्ययन भएका प्राय जसो आयाजनाहरुको अनुमानित लागत १ हजार देखि १ हजार पाचसय डलर प्रति किलोवाट पर्ने देखिएकोछ। तर व्यवस्थापकिय कमजोरी, आयोजनामा संलग्न निर्णायक पक्ष/व्यक्तिहरको भ्रष्ट आचरण र दाथाहरुको सर्तले गर्दा निर्माण पुरा हुन्जेल लागत ५ हजार डलर प्रति किलोवाट सम्म पुगेको दृष्टान्त धेरै छ ।उदाहरणको लागि मध्य मर्स्याङदीको अनुमानित लागत १ हजार ५ सय बाट निर्माण पुरा हुन्जेलसम्म ५ हजार डलर प्रति किलोवाट भन्दा बढि पुऱ्याइयो । बिदेशी निजि कम्पनी खिम्ती भोटेकोशीले अनुमानित लागत १ हजार ५ सयबाट बढाएर २ हजार ५ सय डलर प्रति किलोवाट देखाउदै नेपाल बिद्युत प्राधिकर ण संग चर्को बिद्युत खरिद दरमा सम्झौता गरेकाछन । बिद्युत चुहावट र महँगोमा बिद्युत किन्नाले बिद्युत प्रधिकरण बार्षिक ७ अर्ब बराबरको घाटामा जानु स्वभाबिकै हो । समस्या समाधानका लागि केहि बिज्ञहरुले बिद्युत महशुल बढाउने सल्लाह दिएकाछन? किनभने बितेका दश बर्षमा आलु प्याजको भाउ धेरै बढि सक्यो रे । के आलु पज र बिद्युत उर्जालाई एकैठाउमा राखेर दाँज्न मिल्छ ? सस्तोमा बिद्युत उत्पादन गर्न सक्ने जल बिद्युतको धनी कहलिएको देश नेपालका गरिव उपभोक्ताले दक्षीण एशियामा सवभन्दा महँगो बिद्युत उपभोग गरिरहेको तर्फ कसैको ध्यान गएको देखिदैन । कमजोर व्वस्थापनले गर्दा महँगो बनाइएको बिद्युतको थपभार आम उपभोक्ताले किन व्येहोर्ने ? अर्कोतर्फ धेरै संस्थाहरु मध्ये एक उदयपुर सिमेण्ट उद्योग पनि घाटामा गइरहेको सुनिन्छ, व्यवस्थापन सुधार नगरी केवल सिमेण्टको भाउमात्र बढाउदैमा के यो कारखाना नाफामा जान सक्छ ? हालैको एक तथ्याँक अनुसार दक्षिण एशियाली मुलुकहरुको औसत प्रति युनिट मूल्य यस प्रकार छ भुटान रु २/३६, बंगलादेश रु ३/७५, भारत रु ५/६६, नेपाल रु ७/३०, श्रीलँका रु १२/४८ । नेपालमा लोडसेडिङको अवधिमा मैन बत्ति इनभर्टर, जेनेरेटर आदिको खर्च समेत जोड्दा त बिद्युत महशुल दर करिव १३ पुग्छ । बिश्वका धनि राष्ट्रहरुको आय नेपाल धन्दा कीब १ सय गुणा बढिछ ,तर बिद्युत महशुल दर उस्तैछ । प्रतिव्यक्ति बार्षिक आयसंग पनि तुलना गर्नेहोभने नेपालको महशुल दर संसारको सबैभनदा महँगो साबित हुनेछ। महँगो भईसकेको बिजुलीको भाउ थप बृद्धि गर्दा प्रतिवक्ति बिद्युत खपत घट्नेछ , बिद्युत चुहावट बढ्नेछ र महँगो आयतित इन्धन /ग्यास बिस्थापित गर्न सक्ने यातायात/ पकाउने साधन उपभोग गर्नेकार्य/

लक्ष पनि अधुरै रहनेछ। साथै सस्तोमा जलबिद्युत आयोजनाहरु निर्माण गर्ने अभियान पछाडि धकेलिनेछ ,प्राधिकरणले पुन उच्चदरमा बिद्युत खरिद गर्नेछ र अन्त्यमा फाइदा केवल केहि बिद्यत कमिसन एजेण्टहरुलाई मात्र हुनेछ ।

भारतले नेपालको जस्तै भू भागमा १ हजार डलर प्रति किलोवाट भन्दा कममा जल बिद्युत उत्पादन गर्छ । त्येस हिसाबले पनि हामीकहा आयोजनाको निर्माण लागत १ हजार देखि १ हजार ५ सय डलर प्रति किलोवाट परिधिभित्र हुनुपर्छ ।यसको उत्पादन मूल्य रु २ देखि ३ प्रति युनिट हुनेछ। अनि प्राधिकरणलाई प्रति युनिट रु ४ मा बिक्रि गर्दा पनि उत्पादनकर्तालाई प्रशस्त फाईदा हुन्छ । यस अवस्थामा बिद्युत प्राधिकरणले प्रसारण बितरण लाइन बिद्युत प्रणाली समेतको खर्च जोडेर पनि ग्रहकलाई प्रति युनिट रु ५ देखि ६ मा बिक्रि गर्न सक्छ । यस किसिमको बिद्युत महशुल दरले उद्योग ,यातायात,कृषि आदि क्षैत्रलाई टेवा पुऱ्याउने मात्र होइन बार्षिक करिब रु १० खर्बको खपत /आयत हुने खाना पकाउने एलपी ग्यासलाइ बिस्थापित गर्दै व्यापार घाटा पनि क मगर्न सक्नेछ ।

अहिलेको मुख्य मुद्दा सस्तोमा जलबिद्युत आयोजनाहरु निर्माण गरी बिद्युत महशुलदर आम जनताले उपभोग गर्न सक्ने स्तरमा ल्याउनु हो, बिजुलीको भाउ बढाउने होइन । बिद्युत एक मात्र यस्तो बस्तु हो जुन नेपालमा सस्तोहुदा भारतमा चोरी निकासि हुने सम्भावना हुदैन। भरपर्दो सस्तो बिद्युत सेवाले स्वदेशको उद्योग धन्दा फस्टाउनेमात्र होइन ,भारतीय उद्योग पनि नेपालमा स्थान्तरण हुने वातावरण बन्नेछ । यसैगरी बिगतमा व्यवस्थापनको कमजोरी, आयाजनामा संलग्न निर्णायक पक्ष/ व्यक्तिहरुको भ्रष्ट आचरण र दाताहरुको सर्तले गर्दा अति उत्तम जलबिद्युत आयोजनाहरु पनि ढिलोगरि अति उच्च मूल्यमा निर्माण हुदा बिद्युत प्राधिकरणको आर्थिक स्थिति कमजोर हुन गएकोछ । साथै उच्च दरमा बिद्युत खरिद/आयत डिजेल प्लाण्ट सन्चालन र बिद्युत चुहावटले गर्दा पनि प्राधिकरणले ठुलो घाटा व्येहोरिरहेकोछ । देशमा बिद्युत संकट भएको अवस्थामा बिद्युत निकासि गर्ने कार्यक्रम थाति लगाउनु पर्छ ।र देशलु ठुलो धन जन समय खर्चेर अध्ययन गरी कार्यन्वयन हुने अवस्थामा पुगेका सम्पुर्ण निकासीजन्य सस्ता आयोजनाहरुको लाइसेन्स खारेज गरी माथिल्लो तामाकोशी मोडेलमा निर्माण कार्य शुरु गर्ने प्रकृया यथाशिघ्र चालिहाल्नु पर्छ । जलबिद्युत आयोजनाहरुको अध्ययन निर्माण बिकासको अवधि लामो धइ प्रारम्भिक लागत पनि धैरै पर्ने हुदा व्याजदर अन्य क्षेत्रको तुलनामा ३०/४० प्रतिशत कम गर्नुका साथै स्वदेशी जल बिद्युत उद्यमीलाई बिभिन्न करहरुमा पनि सहुलियतको व्यवस्था भएमा जलबिद्युत आयोजनाहरुको उत्पादन लागत कम गर्न मद्दत पुग्नेछ ।

लेखक नेपाल बिद्युत प्राधिकरण्का पुर्व उपकार्यकारी निर्देशक हुन २०६७/६/१९गते कान्तिपुर दैनीकमा प्रकाशित

## सामुदायिक बेदना

अन्धकारै अन्धकार भयो गाँउ जिल्ला देशमा
सुधारको कार्यक्रम आएन कस्तो बिडम्बना छ यो देशमा
उत्पादन सिमित भयो मांग भयो बढी
नियन्त्रणको उपाय सोचिएन चोरी भयो बढि
राज्यले पाठ सिक्नुपर्छ , समुदायलाइ प्रोत्साहन दिएर
एधाहरण हामी दिन सक्छौं बिद्युत सहकारीमा गएर
लोडसेडिङ पछि पनि बत्ति जान्छ झ्याप झ्याप
कस्तोखालको सेडुल बनायो बिद्युत प्राधिकरण ले ढ्याक ढ्याक
बरु चौबिस घण्टा लोडसेडिङ भ एबिल तिर्नु पर्ने थिएन
बिकल्प समुदायले आफैं खोज्थे अध्यारोमा बस्नुपर्ने थिएन
जलस्रोतको धनीदेश भनिन्छ नेपाललाई
अन्धकारै अन्धकार भन्छन अहिले देश नेपाललाई

दिक्क हुन्छन समुदाय प्राधिकरणको रबैया देखेर
बिकल्प खोजिन्छ अब छाता संगठनमा गएर

**जंगबहादुर महत्तो**
**सामुदायिक ग्रामिण बिद्युत सहकारी संस्था लिमिटेड**
**शंकरपूर सर्लाही**

# बिद्युतीय शुरक्षा परिक्षण
# Electrical Safety Audit



पूजा शर्मा पोखरेल

बिद्युत सावधानी पूर्वक उपभोग गरेमा हाम्रो जीवनको लागि जती उपयोगी छ यसको उपयोगमा ध्यान दिईएन भने यो त्यति नै खतरापूर्ण छ । बिभिन्न किसमका दुर्घटनाबाट ज्यूज्यानका साथै धनजनको सुरक्षा गर्नका लागि बिद्युतीय सुरक्षा परिक्षणले धेरै महत्वपुर्ण भूमिका खेल्दछ । दुर्घटना भएपछिको उपचार भन्दा दुर्घटना हुन नदिनु नै बढि बुद्धिमत्ता हुन्छ । ठुला ठुला उद्योगहरुमा यस्ता किसिमका परिक्षणहरु गराउने भएतापनि साना मझौला उद्योग र घरमा भने यो परिक्षण गराउने गरेको पाईदैन । पेशागत शुरक्षा परिक्षण कर्ताहरुले यो काम गर्न सक्छन् भने साना घरहरुमा आफै एउटा चेकलिष्ट बनाएर यो काम नियमित रुपमा गर्न सकिन्छ । हेर्दा र सुन्दा सामान्य जस्तो लाग्ने यस परिक्षणले भवितब्य दुर्घटना हुनबाट जोगाउछ ।



**पावर सकेटको क्षमता भन्दा बढि बिद्युतिय उपकरण प्रयोग नगरौं ।**

बिद्युतीय सुरक्षा परिक्षणका मुख्य उद्देश्यहरु यस प्रकार छन् ।

- समस्याको पहिचान
- सुधार
- पुनरावलोकन

साधारण मानिसहरुलाई लक्षित गरेर बनाईएको चेकलिष्ट नियमित परिक्षणको लागि उपयोगि हुन सक्छ । यसलाई हामीले कोठा देखि कोठासम्मको परिक्षण पनि भन्दछौं ।

| क्र.स | समस्याको पहिचान | सन्दर्भ सामग्री |
|---|---|---|
| १ | के सकेटहरु ओभरलोड त छैनन् । स्वीच प्लगहरु तातिने त गर्दैनन् । | एउटै सकेटबाट बढी उपकरणहरु चलाउदा सकेटको तोकिएको क्षमता भन्दा बढि नहुने गरी चलाउनु पर्छ । क्षमता भन्दा बढि उपकरणको प्रयोग गर्नुलाई ओभरलोड भनिन्छ र ओभरलोडले दुर्घटना निम्त्याउछ । ओभरलोड भएमा सकेटबाट झिल्काहरु निस्कने, अधिक तात्ने, धुँवा निस्कने हुन्छ। |
| २ | के तारहरु खुईलिएका तथा नराम्रो अवस्थामा त छैनन् ? | तारहरु खुईलिएको ठाउबाट करेण्टको प्रबाह हुँदा दुर्घटना निम्तिन सक्छ । |
| ३ | तारहरु फर्नीचर मुनी वा तातो सामानको नजिक त छैनन् ? | यसले तार खुईलिने, जल्ने हुनसक्छ । |
| ४ | बिद्युतीय उपकरणहरु पानीको नजिक त छैनन् ? | पानीबाट तुरुन्त करेण्टको प्रवाह हुने हुँदा बिद्युतीय उपकरण सकेसम्म पानीबाट टाढा राखौं । |
| ५ | बिद्यतीय सामानहरु वसार पसार गर्दा सहि स्थानमा समातीएको छ वा तारमा समातीएको त छैन ? | बिद्युतीय सामान वसार पसार गर्दा सामानको सेट वा ह्याण्डलको प्रयोग गर्नुपर्छ । |
| ६ | हिटर वा प्रकाश र ताप दिने बिद्युतीय सामानहरुको प्रयो प्रज्वलनशिल बस्तुहरुको नजिक त गरिएको छैन ? | आगोले झ्याप्प टिप्ने बस्तु पेट्रोलियम पदार्थ, सलाई, लाईटर जस्ता बस्तुहरु बिद्युतीय उपकरणको नजिक राख्नु हुदैन । |

| | | |
|---|---|---|
| ७ | साना बच्चाहरुलाई बिद्युतीय उपकरणहरुसंग खेल्न दिने गरिएको त छैन ? | घरमा केटाकेटी खेल्ने क्रममा करेण्ट लागेर थुप्रै केटाकेटीको मृत्यू भएको कुरा हामी सुनिरहेका छौ । तसर्थ बिद्युतीय सामाग्रीहरु केटाकेटीले नभेट्ने स्थानमा राखनु पर्दछ । |
| ८ | घर बाहिर निस्कदा बिद्युतीय उपकरणहरु चालु अबस्थामानै छोडियोकी ? | वायरिङ्ग वा अन्य कारणले दुर्घटना निम्तिन नदिन घर बाहिर जाँदा चालु अवस्थामा रहेका उपकरणहरु बन्द गर्नं पर्छ । |
| ९. | एक्सटेन्सन कर्डलाई स्थायी घर वायरिङ्गको रुपमा प्रयोग गरिएको त छैन ? | घरमा कोठाहरु थप्दा स्थाइ वायरिङ्गको बदला एक्सटेन्सन कर्डको प्रयोग गरिएको पाईन्छ यसो गर्नु हुँदैन । |
| १० | फ्युज जाने र बेला बेलामा एम.सि.बि. डाउन हुने गरिरहेको त छैन ? | फ्युज जानु वा एम.सी.बि. डाउन भयो भने सम्भाबीत बिद्युतीय दुर्घटना बाट  जोगाउछ । तर सक्दो छिटो के कारणले यस्तो भयो पत्ता लगाउने प्रयत्न गर्नुपर्छ । |

यी माथिका प्रश्नहरु मध्ये कुनैपनि एकको उत्तर छ भन्ने आएमा तँपाईको घर अशुरक्षित छ भन्ने बुझ्नु पर्दछ र आवश्यक शुरक्षित उपाय अवलम्बन गर्नु पर्दछ। यसै गरी सामुदायिक संस्थाहरुले गर्ने शुरक्षा परिक्षण र यसको लागि चाहिने चेकलिष्ट आगामी अङ्कमा क्रमश प्रकाशन गरिने छ ।

## बाँके जिल्ला तदर्थ समिति गठन

सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघ जिल्ला समिती बाँकेको गठन भएको छ । सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघमा एउटै जिल्लाबाट पाच वा सो भन्दा बढी संस्था आबद्ध भएमा महासंघको बिधान अनुसार जिल्ला समिती गठन गर्नसक्ने ब्यबस्था छ। मिति २०६७०५।२१गतेका दिन बाँकेको नेपालगञ्जमा बसेको बैठकबाट निम्नानुसार बाँके जिल्ला समिती गठन भएकोछ ।

| | | | |
|---|---|---|---|
| संयोजक | शेरबहादुर बस्नेत | ग्रामीण समाज बिकास सामुदायिक संस्था | नौबस्ता |
| सदस्य | पदमबहादुर थापा | खजुरा सैनिक सहकारी | खजुरा |
| सदस्य | केशबराज पौडेल | कचनापुर ग्रामीण सामुदायिक बिद्युत उ .समिति | कचनापुर |
| सदस्य | अजयकुमार श्रिबास्तब | सोनारी बघौडा सा.बि.उ.समिति | सोनारी बघौडा |
| सदस्य | तेजबहादुर सुबेदी | कुशुमेश्वर सामुदायिक बिद्युत उपभोक्ता समिति | कुशुमेश्वर |

**विजया दशमी तथा शुभ दिपावली २०६७ को पावन अवसरमा**
**हाम्रा समस्त ग्राहक, शुभचिन्तक तथा समस्त महानुभावहरु**
**प्रति हार्दिक मंगलमय शुभ-कामना**
**व्यक्त गर्दछौं**

**रामप्रसाद अधिकारी अध्यक्ष तथा सञ्चालक समिति परिवार मैदी ग्रामीण बिद्युत सहकारी संस्था लि. मैदी धादिङ**

**काहारमान तामाङ अध्यक्ष तथा पञ्चधुरा सामुदायिक ग्रामीण बिद्युतीकरण उपभोक्ता समुह परिवार माइस्थान महोत्तरी**

**बिरबहादुर कार्की अध्यक्ष तथा सिद्धनाथ ग्रामीण बिद्युत सहकारी संस्था लि. डडेलधुरा**

# आर्थिक ब्यबस्थापन सुदृढ संस्थाको आधार



कला तिमल्सिना

आर्थिक ब्यबस्थापन भन्नाले कुनै पनि संस्थाहरुको आर्थिक योजना बनाउने र त्यसलाई सही ढंगबाट ब्यबहारमा उतार्नुलाइ बुझिन्छ अथवा संस्थाको आर्थिक योजना बनाउनु रकम संकलन गर्नु ,निश्चित उद्देश्य प्राप्तगर्नको लागि खर्च गर्ने त्यसको अभिलेख तयार गर्ने र समय समयमा आर्थिक अबस्थाको जानकारी गराउने हिसाबको लेखा परिक्षण गराउने र आर्थिक प्रतिबेदन तयार गर्ने कुराहरु पर्न आउछन् । तर आर्थिक ब्यबस्थापन भन्नाले आर्थिक गतिबिधिको सही अभिलेख मात्र हो भन्ने कुरा हामिले बुझ्नु हुदैन किन भने अर्थको निर्माण गर्ने र परिचालन गर्ने कुरा पनि आर्थिक ब्यबस्थापन संगै आउछ ।

सामुदायिक बिद्युत उपभोक्ता संस्थाहरुले बिजुलीबाट बढी भन्दा बढी लाभ हासिल गर्नकोलागि अग्रसर हुनु पर्दछ। यसलाई बत्तिबाल्ने काममा मात्र प्रयोग नगरी आय आर्जनको माध्यम पनि बनाउनु पर्छ , स्थानिय स्तरका उद्योग व्यबशायहरु संचालन गरी समुदायमा छरिएर रहेको सानो सानो रकमलाई एकतृत गर्दै उत्पादन मुलक काममा लगाउनमा सामुदायिक संस्थाहरुको भूमिका प्रमुख हुन्छ। स्थानिय स्तरको आबस्यकता र संभाब्यताको अध्ययन गरी न्यूनतम स्रोत र साधनको परिचालन बाट अधिकतम लाभ हासिल गर्न सकेको खण्डमा एकातिर सामुदायिक संस्थाहरु आर्थिक रुपमा आत्मनिर्भरु बन्ने सक्छन भने अर्को तर्फ समुदायका मानिसहरुको जिबनस्तर माथि उठाउन सकिन्छ । सामुदायिक संस्था भन्ने बित्तिकै समुदायको हितको निम्ति स्थापना गरिएको संस्था भन्ने बुझिन्छ, त्यसकारण पनि समुदायको हरेक नागरिकले संस्थाले गरिरहेको बिभिन्न गतिबिधिमा चासो राख्ने र सुसुचित हुने अधिकार प्राप्त गरेका हुन्छन् । यसर्थ पनि सामुदायिक संस्थाहरु जनता प्रति बढि उत्तरदायी बन्नु पर्ने हुन्छ । सामुदायिक संस्थाहरुले गरेका जति पनि आर्थिक क्रियाकलापहरुको ब्यबस्थित र पारदर्शी ढंगबाट लेखाकन गरी समय समयमा संस्थाको बास्तबिक अबस्थालाइ सबैकोसामु पेशगरिदिनाले संस्थाप्रति समुदायको सकारात्मक सोचको बिकास हुन्छ । यो पनि संस्था ब्यस्थापनको मुल आधार हो ।

संस्थाले दिगो आर्थिक आधार तयार गर्नुको साथै संचालनको बिधि पनि त्यतिकै भरपर्दो र पारदर्शि हुनु आबस्यक छ । आर्थिक ब्यबस्थापनले अर्थलाई न्यायोचित ढंगबाट परिचालन गर्ने काम गर्छ । कानुनी तथा ब्यबहारिक रुपमा लेखाको सर्बमान्य सिद्धान्तले लेखामा हुने गल्ति र छलकपट लाई नियन्त्रण गर्ने हुनाले सामुदायिक संस्थाहरुले पनि यो प्रणाली लाई अबलम्बन गर्नु अनिबार्य हुन्छ । संस्थाले गरेका हरेक आम्दानीको र खर्चहरुको पछाडी बीलभरपाईहरु साथै खर्चको पुस्ट्याइ पनि आवश्यक पर्ने हुन्छ । कुनै पनि खर्च गर्दा बजेटको आधारमा गर्नु राम्रो हुन्छ। खर्च गरिएको शिर्षक अन्तरगत कति रकम छुट्याइएको छ र बास्तबिक खर्च कति भयो भन्ने कुराहरु लाइ बिचार गरेर मात्र खर्च गर्ने बानीको बिकास गर्नु पर्दछ । यदी कुनै शिर्षकमा बजेट भन्दा बढि खर्च गर्न आबस्यक भएमा समिति को स्वीकृत लिएर मात्र खर्च गर्नु पर्ने हुन्छ । यसो गर्न सकेको खण्डमा मात्र आर्थिक ब्यबस्थापन राम्रो हुन सक्छ ।

हरेक आर्थिक बर्षको अन्तमा लेखाको बैधानिकताको लागि लेखापरिक्षण अनिबार्य रुपमा गर्नु पर्ने हुन्छ । यसले लेखालाई चुस्त दुरुस्त राख्नको लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि संस्थाको स्वतन्त्र लेखा परिक्षण ले त्यो संस्थाको बास्तबिक आर्थिक आबस्था तथा परिणामको चित्रण गर्दछ। संस्थाले गरेका गतिबिधिहरुहरु राज्यको मापदण्ड भित्र पर्छन कि पर्दैनन् भन्ने कुरा को जाँच गर्ने अधिकार पनि लेखापरिक्षकलाई हुन्छ। संस्थामा भएका गतिबिधिहरुलाइ निर्बाद रुपमा हेर्न पाउने एक मात्र बाह्य ब्यक्ति भनेको लेखा परिक्षक मात्र हो । लेखा परिक्षकले कानुनीरुपमा पनि संस्थाको सम्पूर्ण कागजात अध्ययन गर्न पाउने अधिकार पाएको हन्छ र उसले कुनै गतिबिधिको बारेमा छानबिन गर्ने सोधपुछ गर्न सक्दछ त्यसकारण पनि आर्थिक पारदर्शिताको लागि लेखापरिक्षणको महत्वपूर्ण भूमिका हुन्छ । लेखा परिक्षण बर्षको अन्तमा गरेपनि आर्थिक बिबरणहरु मासिक त्रैमासिक र अर्धबार्षिक रुपमा तयार गरी सम्बन्धित सरोकारवालाहरुलाइ जानकारी गराउन सकेको खण्डमा संस्थाप्रतिको बिश्वसनियता अझ बढेर जान सक्दछ।

# शंकरपुर सामुदायिक ग्रामीण बिद्युत सहकारी

**बिष्णु ज्ञवाली**
**र अञ्जल निरौलाको रिपोर्ट**

नेपालको मध्यभागमा रहेको सर्लाही जिल्ला कृषि योग्य भूमिको लागि उर्वर मानिन्छ । वागमती नदिबाट सिंचाईकालागि नहरको व्यवस्था भए पश्चात यहाँका अधिकांश वासिन्दाहरु कृषि पेशामा लागेका छन् । घरको खर्च टार्नेमात्र नभएर यहाँका किसानहरुले तरकारी, खाद्यान्न, ऊखु लगायतका नगदे बालिहरुको निर्यात पनि गर्दछन् । राम्रो आम्दानी हुने भएकोले प्राय सबै कृषिपेशामा आकर्षित छन् । जसलेगर्दा किसानहरुमा व्यवसायिक खेती गर्ने संस्कारको विकास भएको छ र थुप्रै नाम र दाम पनि कमाएका छन् । कुल ९९ गाविस र १ नगरपालिका रहेको यस जिल्लाको पश्चिमी भेगमा अवस्थित शंकरपुर गाविसको नाम नसुन्ने जिल्लामा सायदै कोही होलान् ।

विभिन्न काम गर्ने उद्देश्यले २०५२ सालमा स्थापित बहुमुखी सहकारी मार्फत सुरु गरिएको शंकरपुरको मुहार फेर्ने योजना ६०/६१ मा स्थापित सामुदायिक ग्रामिण विद्युत सहकारीले पुरा गरेको छ । ग्रामीण विद्युतीकरणमा जिल्लामै उत्कृष्ट नमुना सहकारीको रुपमा परिचित यस सहकारीका अध्यक्ष जंगबहादुर महतो २०५२ सालदेखि सहकारी विकासमा निरन्तर क्रियाशिल हुनुहुन्छ । उहाँ आफु पनि कृषि पेशामा संलग्न हुनुहुन्छ । कृषिमा रहेर पनि शंकरपुर गा.वि.स.मा अग्रणी र नौलो प्रयोग गर्ने किसानको रुपमा उहाँ परिचित हुनुहुन्छ। सहकारी स्थापना र यसको संचालन संबन्धमा उहाँको धारणा यहाँ प्रस्तुत गरिएको छ ।

**क) सहकारीको अवधारणा कसरी विकास भयो ?**

- २०५० सालमा आएको भिषण बाढीले यस क्षेत्रका बासिन्दाहरुको गास, बास, कपास र परिवारका सदस्य समेतको ज्यान लियो । त्यस पश्चात यस गाउँमा छिरेका विभिन्न गैर सरकारी संस्थाहरुले सहकारी विकासको अवधारणालाई अगाडी बढाउने प्रयत्न गरे। SAP Nepal नामक गैर सरकारी संस्थाले बाढी पिडितकालागि "दिगो कृषि" तथा "अनावश्यक खर्च घटाऊ १ रुपैया बचाऊ" भन्ने नारा मार्फत कृषि क्षेत्रको बिकासका लागि लगानी भित्र्याए । बर्षौंदेखि तिर्ननसकेको साहु महाजनको ऋण चुक्ता गरिदिए। यसरी गाँउमा भित्रिएका संस्थाहरुले ग्रामीण जनताको जीवनस्तर उकास्न गरेको कामलाई आफ्नो बहिर्गमन पश्चात निरन्तरता दिने सिलसिलामा सहकारीको अवधारणा सुरु भएका हो। फलस्वरुप बहुमुखी सहकारी स्थापना भएर हालसम्म क्रियाशिल छ ।

**ख) बहुमुखी सहकारी स्थापनाको मुख्य उद्देश्य के थियो ?**

- ग्रामीण क्षेत्रमा स्थापित यस सहकारीको मुख्य उद्देश्य किसानहरुलाई संगठित गरी व्यवसायिक र उन्नत कृषि प्रणालिको विकास गर्ने, सहकारी मार्फत ऋण सहयोग उपलब्ध गराउने, बिऊविजन वितरणगर्ने, भैंसी, बाखा, कुखुरा, बंगुरपालन लगायतका आयआर्जनका काममा प्रोत्साहन गर्ने । किसानहरु द्वारा उत्पादित वस्तुको बजार खोजी, संभाव्यता अध्ययन र कृषिमा नयाँ नयाँ प्रयोग गर्ने काम सहकारी मार्फत नै सफल भएको हो । यी लगायत यस सहकारी मार्फत कृषि सम्बन्धि शिक्षा र जनचेतना अभिवृद्धिका लागि तालिमको व्यवस्था, उद्योगधन्दाको स्थापनामा सहयोग आदी काम हुँदै आएका छन् । यस सहकारी अर्न्तगत सुलभ सहकारी पसल पनि स्थापना गरी विगत ५-७ वर्ष देखि सञ्चालनमा छ ।

**ग) ग्रामीण बिद्युत सहकारी स्थापना कसरी भयो ?**

बिद्युत बिना अन्य उद्योग धन्दाको बिकास सम्भव नभएकोले उपभोक्ताको सहयोगमा विद्युतिकरण गर्ने अभियान पनि यहिँ सहकारी मार्फत सुरु भएको हो । बहुमुखी सहकारी संस्थाकै अग्रसरतामा ग्रामीण बिद्युत सहकारी दर्ता भएको हो । बहुमुखी सहकारीको पहलमा यस गा.बि.स.मा साना किसान सहकारी, विद्युत सहकारी र सूर्योदय बचत तथा ऋण सहकारी समेत संचालनमा छन् ।

बहुमुखी सहकारी अर्न्तगत ३७२ शेयर सदस्य छन् भने बाखा पालन, धानखेती, ऊखुखेती, तरकारी र अन्य खाध्यान्न लगायतका आयआर्जनका काम गर्ने गरी ९० जनाको ९ समुह गठन भई काम गरिरहेका छन् । हाल यस सहकारीमा २ महिला सहित ११ जनाको कार्य समिति छ । मासिक रुपमा नियमित बैठक बस्ने र यस समुह अर्न्तगतका सदस्य मार्फत मासिक २० रुपैया बचत हुने गरेको छ ।

यस सहकारी अन्तर्गत गत वर्ष २ करोड १५ लाख बराबर को कारोबार भएको थियो भने १६% ब्याजदरमा करिब ७ लाख बराबरको ऋण रकम कृषि क्षेत्रमा परिचालन भएको थियो ।

**घ) विद्युत सहकारीले गरिरहेका र भावि कार्यक्रम के के छन् ?**

- सहकारीको मुल्य मान्यतामा आधारित नेपालकै नमुना सहकारी बनाउने परिकल्पनाका साथ २०६०/६१ मा स्थापित यस विद्युत सहकारीले उर्जा प्रयोगमा व्यापकता ल्याउने लक्ष्यका साथ ४ वटा उद्देश्यहरु लिएको छ ।

१. सदस्यहरुलाई उर्जाजन्य वस्तुको प्रयोगका लागि क्षमता अविवृद्धि गर्ने ।

२. लुघु उद्योग स्थापनाका लागि उत्प्रेरित गर्ने ।

३. गुणस्तरिय विद्युत सेवा दिने ।

४. थप विद्युतिकरणका कार्यक्रम सञ्चालन गर्ने ।

हालै यस योजना अर्न्तगत रु. २२ लाख बराबरको थप कार्यक्रम पनि स्विकृत भैसकेको छ । १ घर १ शेयर नीति अर्न्तगत गाँउको सम्पत्ति गाँउलेकै जिम्मेवारीमा संचालन गर्ने र नाफा घाटाको भागिदार पनि आफै हुने ब्यबस्था गरिएको छ ।

**ङ) संहकारीको संरचना र आर्थिक पक्ष कस्तो छ ?**

करिब ७५० घरधुरी भएर पनि नाफामा संचालित यस सहकारी जिल्लामै ख्याती कमाउन सफल छ । बिद्युत सहकारी अन्तर्गत आम्दानीका श्रोतहरु सिमित भएपनि संस्थाको आर्थिक पक्षलाई पारदर्शि बनाउन गणेश कार्कीको संयोजकत्वमा ३ सदस्यिय लेखा समिति गठन गरिएको छ । संस्थाको हिसाव सरल, पारदर्शी र दुरुस्त भए नभएकोबार लेखा समितीले समय समयमा लेखा परिक्षण गर्दछ । बिद्यूत बिक्रिबाट गत वर्ष यस सहकारीले करिब १४ लाख आम्दानी गरेको छ । यस मध्ये केही रकम उठ्न बाँकि छ भने केहि संस्थाको मर्मत संहार लगायतका काममा लगानि गरिएको छ ।

संस्थाको सेवा प्रभावकारी बनाउन लेखा र प्राविधिक गरी २ जना नियमित कर्मचारी राखिएको छ । बहुमुखी सहकारी, जनश्रमदान र अन्य सहयोगबाट सहकारी संचालनका लागि करिब ५० जना अटाउन सक्ने प्रशिक्षण हल सहित आफ्नै भवन निर्माण गरिएको छ । हाल यस भवनमा साना किसान, बहुमुखि र विद्युत सहकारी गरी ३ वटा सहकारीको कार्यालय रहेको छ । यस संस्था अन्तर्गत ८ वटा मिल ४ वटा फर्निचर १ वटा दुग्ध चिस्यान केन्द्र १ वटा टेलिफोन टावर सञ्चालनमा छ भने अर्को १ टावर निर्माणाधिन छ । यस्तै साना उद्योगहरु थुप्रै सञ्चालनमा छन् । आफ्नै प्रयाशमा संस्थाले करिब २ किलो मिटर तार बिस्तार गरी थप ४० घरमा बिद्युत सेवा उपलब्ध गराएको छ। यसले गाँउमा रहेका बिपन्न ३० परिवारका लागि निम्नतम ५० रुपैया महशुलमा बिद्युत बितरण गर्दै आएको छ । गत आ.ब.मा यस संस्थाको कुल खरिद बिद्युत युनिट ७ लाख १५ हजार ६१३ र बिक्रि ६ लाख ४४ हजार ०५१ छ भने बाँकी चुहावट देखिन्छ । सर्लाही जिल्लाको हकमा करिब ६०% चुहावट रहेकोमा यो नगण्य हो ।



**शंकरपुर ग्रामीण विद्युत सहकारीको कार्यालय साथमा सहकारीका सदस्य**

यस सहकारीको एच.टि. लाईन ७.३९ कि.मि, एल.टिं लाईन १६.३५ कि.मि. रहेको छ । १०० के.भि.को ४ वटा र ५० को १ गरी ५ वटा ट्रान्सफर्मरबाट विद्युत वितरण भैरहेको छ ।

**च) संस्थाका मुख्य चुनौति के-के छन ?**

- उज्जल भविष्य र सम्भावना बोकेको यस विद्युत सहाकारी स्थापना पश्चात यस क्षेत्र र यहाँका किसानहरुमा ठूलो परिवर्तन आएको छ । जीवन स्तरमा अकल्पनिय सुधार भएको छ । सहकारी सिन्द्धान्त बमोजिम एकृकित विकास, सहकारी शिक्षा लगायतका सर्तहरु क्रमशः पूरा हुदैछन् । सम्पुर्ण किसानको अविभावक बन्न सफल यस सहकारीलाई थप मजबुत बनाउन यसका सदस्यहरु क्रियाशिल छन् । यति हुदाँ हुदैं पनि निम्न चुनौतिहरु विद्यमान छन् ।

१. नेपाल विद्युत प्राधिकरणले वितरण गरेको विद्युतको चोरीगरी उद्योग धन्दा चलाउनेको सख्या छिमेकी गा.वि.स.मा प्रशस्त हुदाँपनि सर्लाही शाखाबाट नियन्त्रणमा चासो देखाइएको छैन् ।

२. चोरिको विद्युत प्रयोगबाट सञ्चालित उद्योग तथा ब्यबसायसँग सहकारीमा आवद्ध उद्योगहरुले प्रतिस्पर्धा गर्ने अवस्था छैन ।

३. पैसा तिर्नु नपर्ने चोरीको विद्युत प्रयोग गर्नेले विद्युतको उच्च खपत गरिदिदाँ नियमित महशुल तिर्ने यस सहकारीका उपभोक्ताहरु न्युन भोलटेज भएको गुणस्तरहिन विद्युत प्रयोग गर्न बाध्यछन् ।

४. सर्लाही शाखाले लोड व्यालेन्स गर्ने बाहनामा लोडसेडिङ्ग बाहेकको समयमा पनि विद्युत कटौति गर्ने र डिम लाइट छाड्ने गरेको छ ।

५. विद्युतको स्थायित्व नहुदाँ अधिंकाश उद्योगहरु वैकल्पिक उर्जामा निर्भर हुनुपर्ने वाध्यता छ ।

६. विद्युत चोरी डकैति नियन्त्रण भन्दा विस्तार व्यापक हुदाँ किसान, उद्योगि, ब्यबसायिको भविष्य थप जटिल हुने निश्चित छ र चोरी प्रथा नियन्त्रण नहुदाँ यसको संस्कार यस सहकारीमा प्रवेश नगर्ला भन्न सकिन्न । "सम्रग चोरी नियन्त्रण र गुणस्तिरीय विद्युत सुविधा नै यसका मुख्य चुनौति हुन्" ।

तरुल, ऊखु, बेसार, मकै, धान, सख्खर, पिंडालु, ओल, आलु, लगायतका नगदे बाली उत्पादन र निर्यातमा प्रमुख स्थान ओगट्न सफल यस क्षेत्रमा नयाँ नयाँ उद्योगहरुको स्थापनाकालागि राम्रो सम्भाव्यता छ । कोल्डस्टोर, दाना उद्योग, बेसार उद्योग, लगायतका उद्योगहरु स्थापनाको राम्रो संभावना भएपनि लगानी गर्नसक्ने उद्योगिहरु हालसम्म देखिएका छैनन् । यदि यस्ता उद्योगहरुको बिकास र प्रबर्द्धनमा जोड दिनेहो भने विद्युत सहकारीको भविष्य थप उज्जल देखिन्छ । ***

## संस्था परिचय

## पञ्चधुरा सामुदायिक बिद्युतीकरण उपभोक्ता समुह, महोत्तरी

महोत्तरी जिल्लामा रहेको पञ्चधुरा सामुदायिक बिद्युतीकरण उपभोक्ता समुहको स्थापना२०६०।१०।०१ मा भएको हो । यसको कुल निर्माण लागत : १,१७,००,००० मध्ये गा.बि.स. बाट २,००,०००।- सहयोग भएको छ भने अन्य सबै सामुदायिक बनबाट लगानी गरिएको हो । संस्थाको संरचना निर्माण पश्चात मिति : २०६४।०४।०५संस्था समुदायलाई हस्तान्तरण गरिएको यस संस्थामा१०३५ उपभोक्ता रहेका छन् । संस्थाले प्राविधिक र ग्राहक सेवा उपलब्ध गराउदै आएको छ । बिद्युतीकरण पश्चात गाँउमा स्थापित उद्योगधन्दाहरु :फर्निचर ७, कुटानी पिसानी मिल १४, केबुल संचालन : ३ वटा छ भने कुखुरापालन प्राय सबै वडामा गरी एक दर्जन भन्दा बढि छन् ।

यस संस्थाले मासिक बिद्युत खरिद : ७३,६१९ युनिट र बिक्रि : १,२६,८२१ युनिट छ । मर्मत स.भार कोषमा केहि रकम जम्मा भएपनि त्यसलाई नियमित गर्न नसकिएको संस्थाका अध्यक्ष कहारमान स्याङ्तानले बताउनुभयो । लगानी बाहेक हालसम्म यस संस्थाको नाममा रु ५ लाख बचत भएको छ ।

## भैरबी सामुदायिक बिकास समाज, भूमिस्थान, धादिङ्ग

यस संस्थाको स्थापना २०६३ सालमा भएपनि करिब ४ बर्ष पछाडी मिति:२०६६।११।२६ मा लाईनचार्ज भएको छ । भूमिस्थान वार्ड नं. ५ मल्ढुममा रहेको एउटा ट्रान्सफर्मर (१०० के.भि.) मार्फत बिद्युत बितरण गर्दै आएको यस संस्थामा स्टिल पोल संख्या : ४६, काठको पोल : १७० वटा रहेका छन् । २ जना महिला सहित ९ जनाको कार्य समिति रहेको यस संस्थामा नियमित काम गर्नेगरी २ जना कर्मचारीको ब्यबस्था गरिएको छ । हरेक महिनाको १-७ गतेसम्म रिडिङ र १३ गते भित्र ममशुल भूक्तानी गर्ने गरिएको छ । पहिलो फेजको कार्यक्रमको लागि प्रति घर धुरी ४२५०।-, नगद संकलन गरिएको थियो भने अन्य रकम गा.बि.स. ले सहयोग गरको थियो । यस संस्थाको प्रशारण लाईन २.८७७ कि.मि. र बितरण लाईन ९.३९५ कि.मि. रहेको छ ।